C-0. In Public Domain. Digitization by eGangotri.Funding: Mi

मर्यादा

त्रैमासिक-पत्रिका

वर्ष-प्रथम

अंक १

Nepal Sanskrit University, Balmeeki Campus

n Public Domain. Digitization by eGangotri.Funding: M

University, Balmeeki Campus, Kathmandu

-0. In Public Domain. Digitization by eGangotri.Funding

४९

वार्षिक मूल्य रु. १०।-
यस अङ्कको मूल्य— रु. ३।-

वाल्मीकि संस्कृत महाविद्यालय
शास्त्रानुसन्धान-परिषद्को
मुखपत्र

मर्यादा

वर्ष—१ अङ्क—३

(असार, साउन र भदौ — २०२६)

"तस्माच् शास्त्रं प्रमाणं ते
कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं
कर्म कर्तुमिहार्हसि ॥"
भगवद्गीता, १६।२४

(शास्त्रै प्रमाण छन् सारा
कार्याकार्य बुझाउन ।
तस्मात् शास्त्रविधानैका
कार्यमा चल अर्जुन !)
कोमल अनुवाद ।

संपादक मण्डल
श्री नयराज पन्त
श्री गोविन्द प्रसाद भट्टराई
श्री दामोदर कोइराला
श्री श्रीकृष्ण शर्मा आचार्य
श्री दामोदर ढकाल

प्रकाशक:-
प्रधानाचार्य
श्री रामनाथ आचार्य
निमित्त, शास्त्रानुसन्धान
परिषद्

Nepal Sanskrit University, Balmeeki

0. In Public Domain. Digitization by eGangotri Funding: M

शास्त्रानुसन्धान-परिषद्का कार्यसमितिका

संस्थापक सदस्यहरू

अध्यक्ष— श्री रामनाथ आचार्य
(वाल्मीकि सं. म. विद्यालयका प्रधानाचार्य, पदेन)
उपाध्यक्ष— प्रा० श्री नयराज पन्त
सचिव— प्रा० श्री जुननाथ शर्मा पण्डित
प्रचारसचिव- प्रा० श्री रामचन्द्र पौडेल
(प्रचार उपसमितिका अध्यक्ष)
कोषाध्यक्ष— प्रा० श्री तोयनाथ पाण्डेय
उपसचिव— प्रा० श्री गोपालनिधि तिवारी
सदस्य— प्रा० श्री वदरीनाथ भट्टराई
" — प्रा० श्री शेषराज रेग्मी

वाल्मीकि संस्कृत महाविद्यालयका
अरू सबै प्राध्यापकहरू
परामर्शदातृ-समितिका
पदेन सदस्य।

शास्त्रानुसन्धान परिषद्को
सदस्यता :—
आजीवन सदस्यशुल्क रू. ५००/-
साधारण सदस्यशुल्क रू. ५/-

versity, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MI

शास्त्रानुसन्धान परिषद्को मूल उद्देश्य

शास्त्रप्रतिपादित कल्याणकारी मार्गको प्रचार-प्रसार, सामाजिक तथा धार्मिक चाडपर्वहरूको परिशीलन, शास्त्रमा उठेका संदेहहरूको निराकरण, सच्चरित्रता देश-भक्ति र राजभक्तिमा दृढ आस्था पैदागर्नु र अनुसन्धान परिशीलन अन्वेषण आदि कार्यको प्रबन्ध गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

मर्यादाका नियमहरू

१—'मर्यादा' त्रैमासिक पत्रिका हो, प्रत्येक तीन महिनामा यसको प्रकाशन हुन्छ।

२—'मर्यादा' मा प्रकाशनार्थ आउने सबै रचनाहरू अनुसन्धानात्मक र शास्त्रानुसन्धान परिषद्को उद्देश्यसंग मेलखाने गद्यलेखहरू हुनुपर्दछ।

३ - 'मर्यादा' मा प्रकाशनार्थ आएका लेखहरू काटछाँट गर्ने वा छाप्ने नछाप्ने सम्पूर्ण अधिकार सम्पादक-मण्डलमा रहनेछ।

४ – रचनाहरू पठाउँदा कागजको एकापट्टि मात्र स्पष्ट बुझिने गरी लेखिएको हुनुपर्दछ। अस्वीकृत लेख फिर्ता चाहनेहरूले डाँक-व्यय आफैं बेहोर्नु पर्नेछ।

५—यसमा शास्त्रानुसन्धान परिषद्को उद्देश्यका अनुकूल विज्ञा-विज्ञापनहरू मात्र लिइने छन्।

६ 'मर्यादा' मा प्रकाशित हुने लेखहरूको उत्तरदायित्व लेखका रचयिताहरूमा नै रहने छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

"नेपाल सबैसंग मित्रता र सौहार्द्रता चाहन्छ र खास गरी नगीचका छिमेकीहरूसंग मित्रता, समझदारी र शान्तिपूर्ण वातावरणमा बस्ने नेपालको स्थायी आकांक्षा छ।"

—श्री ५ महेन्द्र

"गाउँ फर्क" राष्ट्रिय अभियान

नेपालको भौगोलिक स्थिति, ऐतिहासिक परम्परा तथा राष्ट्रिय आवश्यकता अनुसार नेपालको वैदेशिक नीतिको निर्माण र परिमार्जन भैराखेको छ। सबै राष्ट्रहरूसंग सौहार्द्रपूर्ण मित्रता बढाउनु तथा कसैको पनि कुभलो नचिताउनु नै नेपालको वैदेशिक नीतिको अनुपम विशेषता हो। त्यसमा पनि आफ्ना छिमेकी मित्र-राष्ट्रहरूसंग सधैं मेल-मिलाप, मित्रता र शान्तिका साथ रहने नेपालको प्रबल इच्छा, आकांक्षा र आदर्श प्रमुख रही आएको छ।

हाम्रो जस्तो देशमा केवल परराष्ट्र-सेवाका कर्मचारीहरूले मात्र दैनिक-प्रयोग तथा व्यवहारमा ल्याउने खालको परराष्ट्र-नीति हाल अपनाइएको छैन। खासगरी परराष्ट्र नीतिका मुख्य आदर्श-लक्ष्य अनुसार सार्वजनिक दृष्टिकोण, व्यवहार तथा सोचाई पनि निर्मित नभई हाम्रो परराष्ट्र-नीति व्यवहार तथा कार्यहरूमा परिणत भएको भनी मान्न सकिँदैन। निर्दलीय प्रजातान्त्रिक पंचायती व्यवस्थामा सार्वजनिक व्यवहार पनि निर्दलीयता तथा निष्पक्षता उन्मुखहुनु नितान्त आवश्यक छ।

मित्र-राष्ट्रहरू तथा छिमेकी मित्र-राष्ट्रहरूको सम्बन्धमा सबै नेपालीहरूको व्यवहार हाम्रो वैदेशिक-सेवामा आधारभूत नीतिहरूबाट प्रभावित, व्यवस्थित तथा संचालित हुनुपर्ने आवश्यकता छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

कसैको पक्षमा लागी कुनै अर्काको विपक्षमा जाने काम अपश्चायती, अदूरदर्शी र अनेपाली पनि हो भन्नमा कुनै संकोच छैन। नेपालको सबैभन्दा ठूलो स्वार्थ निर्दलीयता तथा निष्पक्षतामा आधारित छ। कसैको पक्ष लिने तथा कसैको विपक्ष लिने जुनसुकै प्रकारको तत्वबाट पनि देशको वास्तविक भलाई हुन सक्तैन।

सारांशमा, सबै नेपालीहरूले विदेशी राष्ट्रको सम्बन्धमा समेत निर्दलीयता, निष्पक्षता तथा राष्ट्रियताको व्यवहार अपनाउनु पर्ने राष्ट्रिय-कर्तव्य हो। कुनै तत्वले कसैको गाथा गाउने र कुनै तत्वले अरू कसैको डम्फू बजाउने गरेमा नेपालको स्वार्थमा सबैभन्दा ठूलो र खतरनाक धक्का पर्न जाने कुरा स्वतः छर्लङ्ग छ। सबै मित्र-राष्ट्रहरूको सहानुभूति सौजन्यता र शुभकामना प्राप्त गर्नुमा नै नेपालको उज्ज्वल तथा गौरवमय भविष्यको आशा र विश्वास गांसिएको छ। यसको विपरीत तथा राष्ट्रिय-स्वार्थको प्रतिकूल कुनै मित्र-राष्ट्रको विरोध गरी अर्को मित्र राष्ट्रको तारीफ गर्ने कामबाट नेपालीपना, राष्ट्रिय-गौरव, तथा नेपालको परम्पराको लागि लाजमर्नु अवस्था पर्न जान्छ। त्यसैले प्रत्येक नेपालीले कुनै पनि मित्र-राष्ट्रको सम्बन्धमा सम्मानपूर्ण, निष्पक्षतापूर्ण, तथा राष्ट्रिय-भावनापूर्ण व्यवहार गर्नु पर्ने अनिवार्यतालाई बोध गराइबक्सिदै राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट "गाउँ फर्क" राष्ट्रिय अभियानमा हुकुम भइबक्सेको छ— "नेपाल सबैसंग सौहार्द्रता चाहन्छ र खास गरी नगीचका छिमेकीहरूसंग मित्रता, समझदारी र शान्तिपूर्ण वातावरणमा बस्ने नेपालको स्थायी आकांक्षा छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

यस अङ्कको विषयवस्तु

		पृष्ठ
सनातनधर्मको उदारता—	श्री खेमराज 'केशव शरण'	१
संस्कृतको राष्ट्रोपयोगिता—	श्री जीवनाथ झा	१४
मेरो बदनाम -	श्री बदरीनाथ भट्टराई	२१
श्री ५ महेन्द्र—	प्रा० जुननाथ पण्डित	२६
बूढानीलकण्ठ —	प्रा० हरिनाथ ढुङ्गेल	४१
आदर्श जीवन —	प्रा० रामचन्द्र पौडेल	४६
नैतिक-शिक्षा—	प्रा० गोपालनिधि तिवारी	६२
अन्तन्यासपद्धतिको विशेष विचार (क्रमागत)—	श्री नयराज पन्त	७५
संस्कार (क्रमागत)—	श्री दामोदर कोइराला	८४
वैदिक मर्यादाहरू—	प्रो० जी० सो० शास्त्री	९३
नेपालमा संस्कृतको आवश्यकता किन ?—	श्री तोयनाथ पाण्डेय	९८
ग्रहणमा धर्मशास्त्रको निर्णय—	श्री गिरिधारी भट्टराई	१०७
संततिनिरोधमा गीताको सन्देश —	श्री मधुसूदन रिसाल 'प्रदीप'	११२
संस्कृतको आवश्यकता किन र संस्कृति के हो ?—	श्री लोकनाथ ढकाल	१२३
वेदमा चन्द्रलोकयात्रा —	प्रा० गोविन्द प्रसाद भट्टराई	१२९

स्थायी स्तम्भ

प्रान्तीय प्रचलित शब्दसंग्रह—	१३४
हाम्रो विचार—	१३५

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

द. नं. ६७९

सनातनधर्मको उदारता

—खेमराज 'केशवशरण'

'सनातन' शब्दको वास्तविक अर्थ हो नित्य। सनातन शब्दको अर्थको नै एकपक्ष हुन्छ सार्वदेशिक। नित्य भन्नाले सार्वकालिकको बोध हुन्छ। अतः सार्वदेशिक एवं सार्वकालिक धर्म नै सनातनधर्म हो। यसको सार्वकालिकता एवं सार्वदेशीयता यसद्वारा पृथिवीमा सर्वप्रथम उद्भावित सार्वभौम आध्यात्मिक मूल्यहरूमा आश्रित छ, जसको अनुसरण सदा र सर्वत्र प्राणीमात्रको अभ्युदय र निःश्रेयसको निमित्त समान रूपले परमावश्यक छ।

सनातनधर्म शब्दले बोधित गर्ने धर्मको सर्वाङ्गीण समीक्षा गरेर हेरेमा यसका अनेक पक्ष र स्वरूप ज्ञात हुन आउँछन्। प्रथमतः हामी 'सनातन' शब्दले लक्ष्य गरेको धर्मको स्वरूपतिर ध्यान दिऔं। यसको पहिलो अर्थ हुन्छ सनातनको धर्म। अर्थात् यस पक्षमा षष्ठीसमासद्वारा 'सनातनधर्म' शब्द बन्दछ। यो सनातनको धर्म हो, अर्थात् स्वयं सनातन परमात्माको शाश्वत धर्म हो यो। आचार्यहरूले यस षष्ठीको अर्थ स्थाप्यस्थापकभाव सम्बन्ध मान्नु भएको छ। अर्थात् अन्य धर्म, जस्तै— ईसाईधर्म, मुहम्मदीधर्म, जरथुस्तधर्म आदि धर्मको नाम लिनासाथ यी धर्महरूका स्थापक पुरुषविशेषको नाम स्थापकको रूपमा स्वतः संलग्न भएर आउँछ, त्यसै गरी 'सनातनधर्म' शब्दबाट पनि यसको प्रवर्तक कुनै पुरुषविशेष नभएर स्वयं सनातन सर्वेश्वर परमात्मा हुनुहुन्छ भन्ने कुरा ज्ञात हुन्छ। यही यस महत्तम धर्मको परवर्ती धर्महरूभन्दा फरक छ। अरू धर्महरू मध्ये केही पहिले थिए अहिले छैनन्, केही पहिले थिएनन् अहिले छन्। यसप्रकार अन्य धर्महरूमध्ये केही प्रध्वंशाभाव र केही प्रागभावका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

विषय बनेको पाइन्छ। परन्तु सनातनधर्म पहिले पनि थियो र अहिले पनि छ। सृष्टिको प्रभातवेलादेखि विश्वको प्रलयकालसम्म यो सदा-स्थिर छ। त्यसैले यो सनातनधर्म हो। जो जन्मको सीमामा बद्ध हुन्छ त्यही विनाशको विषय बन्दछ। सनातनधर्म अजन्मा छ त्यसैले अमर पनि, जस्तो अजन्मा परमात्मा अमर छन्।

आचार्यहरूले यसको दोस्रो अर्थ कर्मधारय समासको आश्रय लिएर उद्भावित गर्ने भएको छ। तदनुसार जुन सदा रहन्छ, सर्वत्र रहन्छ त्यो धर्म सनातनधर्म हो— 'सना=सदा भवः सनातनः सनातनश्चासौ धर्मः सनातनधर्मः।' यसमा अझ स्वयंमात्र सनातन बन्ने सामर्थ्य छैन कि आफ्नो उपासना गर्ने साधकलाई समेत यसले सनातन (अमर) बनाइदिन्छ। अतः 'सदा भवः, सनातनयति साधकान् इति वा सनातनः' यसप्रकारको विग्रहबाट सनातन शब्द बन्दछ। यस विग्रहबाट यो स्पष्ट हुन्छ कि सनातनधर्म केवल यस मानेमा सनातन छैन कि यसको प्रवर्तन स्वयं सनातन परमेश्वरबाट भएको छ, अपितु यस मानेमा पनि यो सनातन छ कि यसले आफ्ना उपासकलाई समेत सनातनत्व (अमरत्व) प्रदान गराउँछ। जुन दर्शनमा, मान्यतामा, अथवा वादमा आफ्ना अनुगामीलाई अमरत्व प्रदान गर्ने सामर्थ्य हुँदैन त्यस्ता दर्शन, मान्यता र वाद स्वतः कालको वेगमा धराशायी हुन्छन्। आफ्नो प्रबल प्रचारक र व्यापक कार्यक्षेत्रको भनेजस्तो अनुकूलता नपाए तापनि आज सनातनधर्म जेजति मात्रामा सजीव छ, त्यो आफ्नो गहनताको बलमा नै यस महान् धर्मको निमित्त संभव भइरहेछ। विश्वमा यही एउटा धर्म छ जसले कणकणमा परमात्माको दर्शन गराउन सक्तछ। प्राणीको अन्तर्हृदयमा नै यस धर्मले परमात्माको चिरनिवास देखाउँछ। 'विश्वात्मवाद' यसको सर्वस्व हो। यही यसको मृतसञ्जीवनी शक्ति हो। सनातनधर्म संसारको प्राचीनतम र महत्तम धर्ममात्र होइन अपितु उदारतम धर्म पनि हो। यसको परिभाषामा कहिल्यै एकदेशीयता, साम्प्रदायिकता

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

र वर्गीयता आएको छैन। सम्पूर्ण समाजलाई विराट् अङ्गीको रूपमा र विभिन्न वर्ण एवं जातिलाई त्यसै अङ्गीका अविभाज्य एवं महत्त्वपूर्ण अङ्गको रूपमा मान्ने सद्‌भाव यही सनातनधर्मले दिन्छ। समाजका प्रत्येक अङ्गमा घृणा होइन अङ्गाङ्गिभाव सम्वन्धलाई यस पवित्रतम धर्मले प्रश्रय दिएको छ। 'जसरी एउटा पनि अङ्ग कदाचित् खण्डित भयो भने संपूर्ण अङ्गीको विकलाङ्गता हुन्छ त्यसै गरी समाजको कुनै पनि अङ्ग दुःखी, पवित्र र उपेक्षित भएमा सम्पूर्ण समाज त्यसबाट विकलाङ्ग वन्दछ, यसप्रकारको उदारतम व्याख्या समाजप्रति यस धर्मले राख्तछ। ज्ञान, शान्तिसुरक्षा, समृद्धता र लोककल्याण यिनै सार्वभौम कल्याणकारी तथ्यहरूमाथि यसको सामाजिक परिकल्पना आश्रित छ। पतितभन्दा पतितलाई पनि यसले घृणा गर्दैन, उद्‌धारको चेष्टा गर्दछ। त्यसैले यो पतित-पावन धर्म हो।

यस सर्वधर्मज्येष्ठ सनातनधर्मका अनेकौं नाम भएका छन्—'वैदिकधर्म, आर्यधर्म, मानवधर्म, हिन्दूधर्म आदि। जुनवेला यो वैदिक धर्मको रूपमा प्रतिष्ठित विशाल धर्ममा स्त्रीशूद्रादिको निमित्त अधिकार अनधिकारको चर्चा चल्न लाग्यो, वेदश्रवणमा पात्रता र अपात्रताको विवेचन चल्यो, सम्पूर्ण सनातन धर्मोपासक जगत् चिन्तित वन्यो र सबैको अन्तःप्रार्थनाको परिणामस्वरूप प्रातःस्मरणीय भगवान् श्रीकृष्ण द्वैपायनको शुभावतार भयो। उहाँले श्रुतिसम्मत धर्मोपासनामा, चतुर्वर्गको उपलब्धिमा स्त्रीशूद्रादिको पनि प्रवेश गराउन महाभारतको रूपमा श्रुतिको नै व्याख्या प्रस्तुत गर्नुभयो।

'भारतव्यपदेशेन ह्याम्नायार्थश्च दर्शितः।
दृश्यते यत्र धर्मादि स्त्रीशूद्रादिभिरप्युत।'

—श्रीमद्‌भागवत प्र. स्कन्ध।

मानवसमाजको कुनै पनि अङ्ग उपेक्षित एवं तिरस्कृत रहन नपाओस् भनेर भगवान् वेदव्यासले हरिसेवा, भगवन्नामजप र सदा-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding

चारको पालनबाट चाण्डाल पनि आफ्नो उद्धार गर्न समर्थ छ भनेर सार्वभौम उपासनामार्गको उद्घाटन गरिदिनुभयो—

'किरातहूणान्ध्रपुलिन्दपुल्कसा आभीरकङ्का यवनाः खशादयः
येऽन्ये च पापा यदुपाश्रयाश्रयाः शुद्ध्यन्ति तस्मै प्रभविष्णवे नमः'
'यन्नाम्नः सकृच्छ्रवणात् पुल्कसकोऽपि विमुच्यते संसारात्' आदि ।

—श्रीमद्भागवत ।

यसरी सनातनधर्मको विश्वात्मवादी आदर्शले अझ उन्मुक्त रूपले व्यासदेवका कृतिहरूबाट अभिव्यक्त हुने अवसर पायो। ब्रह्माजीदेखि पिपिलिकासम्म एउटै परमात्माको दर्शन गर्न सिकाउने सनातनधर्म मनुका समस्त सन्ततिको उद्धारक साधनामार्ग बनेको छ। त्यसैले यो यथार्थरूपमा मानवधर्म हो।

सनातनधर्मको यस अनन्य साधारण उदारताको कारण पनि त्यस्तै अनन्य साधारण छ। संसारमा कुनै पनि धर्मले तर्कको कसौटीमा कसेर मात्र धर्मको अङ्गीकार गर्ने आह्वान गर्न सकेको छैन। परन्तु सनातनधर्म भन्दछ मूल ज्ञान (वेद) को विरोध नपर्ने गरी तर्कको आधारमा जसले धर्मको परिशीलन गर्दछ त्यसैले धर्मको मर्म बुझ्दछ। सोझै लाग्ने वा कुतर्कद्वारा अन्वेषण गर्नेले धर्मको मर्म बुझ्न सक्तैन। एउटै शर्त छ— मूल ज्ञानको अविरोधी तर्क हुनुपर्छ। यसबाट स्पष्टै छ कि तर्कहीन गतानुगतिक अनुसरणलाई सनातनधर्म महत्त्व दिंदैन। ऋषि समाजमा धर्मको बारेमा खूब ऊहापोह हुन्थ्यो, विचार मन्थन चल्थ्यो—

'अस्तीत्येके नायमस्तीति चैके'।

— कठोपनिषद्।

परन्तु नैतिक मर्यादा, सदाचारमा सबैमा पूर्णरूपले एउटै सद्धारणा बद्धमूल थियो— 'आचारप्रभवो धर्मः'। तर्कशास्त्रको साथै दर्शनशास्त्रसित पनि अभिन्न सम्बन्ध राखेर खुला छातीले निर्भय

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

विचरण गर्न सनातनधर्मको परिभाषाबाट कति अंशलाई दर्शन मानेर पृथक् गर्ने हो र कति अंशलाई चाहिं धर्म मानेर राख्ने हो बडो गाह्रो छ। दर्शनजगत्को मुकुटमणि अद्वैतवेदान्तदर्शनको पूर्वभूमिका पूर्णरूपले धर्म र सदाचारको पालनमाथि निर्भर गर्दछ। साधन-चतुष्टयको पूरा उपलब्धि विना वेदान्तदर्शनको जिज्ञासु नै तयार हुन सक्तैन। यस प्रकार धर्म र दर्शनको यो अभिन्नता प्राच्यधर्म सनातन-धर्मको विशेषता हो। अन्य धर्ममा यो वैशिष्ट्य पाइन्न। यदि पाश्चात्य धर्मसमीक्षालाई ध्यानमा राख्ने हो भने त्यहाँ एउटा मतविशेष वा विश्वासविशेषको रूपमा धर्मको परिभाषा भएको पाइन्छ। अनि त्यहाँ धर्मको क्षेत्रभित्र तर्कको कुनै स्थान छैन। तर्क गर्ने अपराधी सिद्ध हुन्छ। परन्तु सनातनधर्म भन्दछ—

'यस्तर्केणानुसन्धत्ते स धर्मं वेद नेतरः'।

पाश्चात्य जगत्मा धर्मको भिन्नै गोरेटो हुन्छ, लक्ष्य पनि भिन्नै हुन्छ। दर्शनसित उसको सम्बन्ध त्यस रूपमा हुन्न जुन रूपमा सना-तनधर्मले दर्शनसित सदा सम्बद्ध भएर चल्ने उम्मेद राख्तछ। प्राच्य जगत्को सनातनधर्म नै यस्तो छ जसले विद्याको कुनै पनि अङ्ग चाहे दर्शन होस्, तर्कशास्त्र होस् अथवा आयुर्विज्ञान या साहित्य नै होस् सबैलाई आफ्नो एउटै अभिन्न लक्ष्य 'चतुर्वर्गफलप्राप्तिः' तिर अभिमुख गराउन सकेको छ। त्यसैले यहाँ धर्म र दर्शनको सदा मेल छ। स्वास्थ्यविज्ञान मूलतः धर्मानुप्राणित छ। तर्कशास्त्र धर्मद्वारा सर्वात्मना अनुस्यूत छ। साहित्य समेत कान्तासम्मित सद्वचनको माध्यमबाट उही ऐकान्तिक लक्ष्य 'जीवब्रह्ममिलन' मा पुगेर विश्रान्त बन्दछ। धर्म र दर्शनको यही अभिन्न लक्ष्यतालाई ध्यानमा राखेर प्राच्य-जगत्का विश्वविश्रुत दार्शनिक भारतका भू. पू. राष्ट्रपति सर्वपल्ली डा० राधाकृष्णन्ले धर्म र दर्शनको लक्ष्यतिर इङ्गित गर्दै भनेका छन्—'धर्म र दर्शनले मानव-व्यवहारको मुख्य लक्ष्यको निर्धारण र मानव मस्तिष्कको उत्तरोत्तर उत्थान-प्रयत्नको निमित्त ऐक्यको पत्तो लगा-

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

उनमा यथार्थवादी विज्ञानले भन्दा घेरै मदत गर्दछ'। यो विशेषता केवल सनातनधर्मको मात्र पाइन्छ ।

यही उदारता र तर्कसंगतताको बलले अनादिकालदेखि सनातनधर्मलाई सदा अमर राख्दै आएको छ। 'धर्मो विश्वस्य जगतः प्रतिष्ठा, धारणात् धर्ममित्याहुर्धर्मो धारयते प्रजाः, यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः।' यस्तो छ यस बृहत्तम धर्मको परिभाषा। यो सर्वधर्मज्येष्ठ सनातनधर्मले परवर्ती धर्मले जति प्रयत्न गरे पनि उछिन्न नसक्ने आध्यात्मिक एवं नैतिक क्षेत्रलाई ओगटेको छ। विश्वको जुनसुकै भूभागमा जन्म लिए पनि मानव बनेर बाँच्नको निमित्त एउटा मानवलाई अत्यावश्यक हुने आध्यात्मिक मर्यादाहरूलाई यसले 'दशकं धर्मलक्षणम्' भित्र प्रतिपादन गरिदिएको छ। मानवजातिको मस्तिष्कमा फुर्ने कुनै यस्तो सुखमय सामाजिक कल्पना छैन, जसको पूर्ति यी मर्यादाहरूको उपेक्षा गरेर सम्पन्न हुन सकोस्। त्यसैले सनातनधर्म सार्वभौम छ।

सनातनधर्म मान्दछ— 'जुनसुकै स्थान र समयमा भए पनि यदि कुनै विभूतिमान्, शक्तिशाली, लोक कल्याणकारी महान् व्यक्तित्वको उदय हुन्छ भने त्यसमा ईश्वरीय अंश रहन्छ'। यस परिभाषाले गर्दा ईश्वरीय विभूतिको क्षेत्र असीम बन्दछ। सनातनधर्म स्वर्गमा बस्ने ईश्वरको सन्तानमात्र कुनै पुरुषविशेषलाई मानेर कृतकार्य बन्दैन। उसका ईश्वर केवल स्वर्गमा बसेर आफ्ना सन्तानबाट काम गराएर स्यावासी दिंदैनन्। उसका परमाराध्य भगवान् प्रत्येक प्राणीको हृदयमा उसका अभिन्न सहाय बनेर बसेका हुन्छन्—

'ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति'
'अहमात्मा गुडाकेशः सर्वभूताशयस्थितः'

यतिमात्र होइन, साधनाद्वारा साधक आफ्नो आराध्यसित बिलकुल अभिन्न बन्न पुग्दछ। 'ब्रह्मविद् ब्रह्मैव भवति'। यस प्रकार

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सर्वत्र ईश्वरीय सत्ताको बोध गराउने सनातनधर्मको वैशिष्ट्यदेखि प्रभावित भएर सर् वाल्टरलाई पठाएको आफ्नो एक पत्रमा नोबेल पुरस्कार विजेता जर्ज बर्नार्डशाले यसको भूरिभूरि प्रशंसा गरेका छन् ।

कतिपय भ्रान्त विचार भएका अथवा विदेशी कुचालबाट प्रभावितहरू सम्झिन्छन् कि सनातनधर्ममा संकीर्णता छ, जातिवाद छ। जातिवाद वर्णव्यवस्थाले हानि गरेको छ। यसैले गर्दा हिन्दू-जाति शत्रुको दवावमा परेर विश्रृङ्खलित एवं नष्ट भयो र हुँदैछ। परन्तु यस प्रकारको धारणा सर्वथा निर्मूल छ। यो भिन्नै कुरा हो कि आज हिन्दूसमाज अर्कै युगमा छ, उसले ज्यादै प्रबुद्ध अवश्य बन्नु परेको छ । परन्तु प्राचीन समयमा विभिन्न विदेशी जातिहरूको क्रमबद्ध आक्रमण भइरहंदा पनि यसले जुन शानसित आफुलाई बचाइ राख्न सक्यो त्यो यसको सुव्यवस्थित वर्णव्यवस्थाप्रधान समाज-रचनाकै प्रभावले संभव भएको हो। वर्णविभाजन माने घृणा र उपेक्षा होइन समाजको अङ्गाङ्गिभावसम्बन्धद्वारा सुदृढीकरण गर्ने प्रवल उपाय थियो। कैयौं विदेशी विद्वान्हरूले यसको वास्तविक मर्म बुझेका थिए, त्यसैले उनीहरूले हिन्दूजातिको अमरताका मुख्य आधारहरूमा जातिव्यवस्थालाई देखाएका छन्। यिनीहरूमा सिष्टर टाड्, हेनरी कटन्, सिड्नी लो, डा. एनिविसेण्ट्, अब्बे डुब्वा, मेरेडिक् टाउन्सेण्ड्, सर् जान उड्रफ्, सर् जर्ज वर्डउड् आदि उल्लेखनीय छन्। मराठा र राजपूतहरूको क्षात्रतेज र स्वधर्मनिष्ठाले नै गर्दा मुसलमान तथा अंग्रेज दुवैलाई कहिल्यै चैनसित बस्न मिलेन। आक्रामक विजातीय शासक-हरूले हिन्दूजातिको अखण्ड राज्यलाई कहिल्यै पूर्णरूपले आत्मसात गर्न सकेनन्। स्वधर्मनिष्ठाको बलमा आफ्नो सम्पूर्ण भूसम्पदा, जन-शक्ति र जीवनसम्म चढाएर पनि राजपूतहरू र मराठाहरूले कसरी आफ्नो वीरता देखाए, कसरी आफ्नो समाजको प्राण हिन्दूत्वलाई राखे, त्यसको प्रशंसा 'एन्युअल्स् अफ् मेवाड' नामक पुस्तिकाको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

पाचौं अनुच्छेदमा मिष्टर टाड्ले गरेका छन्। राजपूतहरूको रोम-रोममा 'धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत् क्षत्रियस्य न विद्यते' भन्ने भावना भिजेको थियो। स्वधर्मरक्षा उनीहरूको परम लक्ष्य थियो। 'यत्र ब्रह्म च क्षत्रं च' को वैदिक उद्घोष नै उनीहरूको महामन्त्र थियो। सनातनधर्मको विशेषता यही छ। प्राचीन समयदेखि नै धर्मरक्षा, सामाजिक कल्याण आदिको लागि एकातिर यस्तो कडा वर्णविधान, ओजस्वी जातिव्यवस्था थियो भने अर्कातिर 'प्रणमेत् दण्डवत् भूमौ आश्वचाण्डालगोखरम्' र 'अहो वत श्वपचोऽतो गरीयान्' जस्तो सर्वहितकारी समभावना पनि थियो। यही त थियो सनातनधर्मको अकथनीय गरिमा, जसले गर्दा सहस्राधिक व्याघात सहेर पनि आज-सम्म यसको सर्वमङ्गलकारी पताका संसारमा फरफराइरहेछ।

परन्तु आज केवल यसको महिमा गाएर वस्ने वेला छैन। आज युगको पुकार छ— 'उत्तिष्ठत जाग्रत प्राप्य वरान् निवोधत'। आज जागरणकाल उपस्थित छ। अव गाढ निद्रामा रहेमा हाम्रो भविष्य अन्धकारग्रस्त वन्नेछ। सनातनधर्मको गरिमा, यस उपा-सकहरूको त्याग र वलिदान, विद्या र तपस्याले आजसम्मको स्थिति रह्यो, परन्तु केवल हिजोको भरमा हामीले वस्नु छैन। आजको वलले भोलिको स्थिति सुधार्नु छ। त्यस्तो अक्षयवटको बीज हामीले आज रोप्नु परेको छ जसले अनन्तकालसम्म अपरिवर्त्य धर्म-सन्देश छर्दै आर्यजीवनको सुखदछाया हाम्रो संकटग्रस्त, विपादतप्त समाजलाई दिइरहोस। हामीले जननी प्रकृतिको सन्देशलाई राम्ररी बुझ्नु छ। प्रकृतिमाताले हाम्रो सामु सुस्पष्ट उदाहरण दर्शाइरहेकी छिन्। जुन रूखका जरा जमीनमा जति तल गएका हुन्छन् त्यो रूख त्यति नै स्थायी वन्दछ। यसको विपरीत केवल उपरि सतहमा जरा फैलाएर रहेको रूख हावाको सानो आघातले धराशायी वन्छ। हाम्रो जीवन सदा पूर्वजहरूको महत्ता प्राचीन सांस्कृतिक गरिमाको भित्री तहसम्म सम्वद्ध रहनुपर्छ। अनिमात्र यसको शाश्वत स्थिति रहन्छ। सामान्य

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

रूपले यत्र तत्र हुने नदीहरू अलिकति गर्मीको प्रकोप हुनासाथ सुक्छन्, परन्तु जुन नदीको मूल स्रोत गिरिराज हिमालयको गहन काखबाट प्रस्फुटित हुन्छ त्यो नदी सदा प्रवाहित हुन्छ। सदा जलपूर्ण रहन्छ। हाम्रो जीवन पनि आफ्नो महान् धर्म, संस्कृति र दर्शनसित यति सम्वद्ध होस् कि त्यसको मूल उहींबाट प्रस्फुटित भइरहोस्। प्रत्येक चिन्तन, प्रत्येक उन्मेष त्यही धर्मबाट उत्प्रेरित रहोस् त्यस स्थितिमा नै हामी वास्तवमा बाँचेको ठहरिनेछ। अनिमात्र सम्पन्न र विशाल मूल हुने नदीको अखण्ड जलप्रवाह जस्तै जति ताप सहेर, जति पीडा सहेर पनि हाम्रो जीवन कहिल्यै नसुकी सदा प्रवाहित रहनेछ।

सनातनधर्म हिन्दूजातिको जीवन हो। हिन्दूजातिको अस्तित्वको निमित्त सनातनधर्म अथवा हिन्दूधर्मको अस्तित्व अनिवार्य हुन्छ। यहाँ 'जीवन' शब्दले लिन खोजिएको जीवन केवल प्राणधारण होइन। प्राणधारण त हामी त्यसवेला पनि गरिरहेका हुन्छौं जुनवेला हाम्रो धर्म र संस्कृतिप्रति हामीलाई कुनै ममता नहोस्, त्यसले हामीलाई स्पर्श नगरोस्। परन्तु त्यो जीवन वास्तविक जीवन होइन। धर्मद्वारा हीन हुनासाथ हामी मरिसकेका हुन्छौं। आफ्नो अनमोल रत्न गुमाएर कसैसित तुच्छ कणको लागि भीख माग्न जाने याचकको जीवन जीवन रहन्न। याचक सदा दीन हुन्छ दाता सदा सम्पन्न हुन्छ। दाताको हात सदा माथि पर्छ याचक सदा आफ्नो हात तल पार्न वाध्य हुन्छ। सनातनधर्मले हामीलाई सदा दाता बन्न सिकाउँछ। सदा याचकवृत्तिवाट छुट्कारा दिलाउन चाहन्छ— 'मा याचिष्म कञ्चन'। यो सनातनधर्मको जीवन-सन्देश हो। आज हामी आफुसित भएको जतिसुकै महत्त्वपूर्ण वस्तुलाई पनि अवमूल्यन गर्न र अरूसित भएको नगण्य वस्तुको पनि अधिमूल्यन गर्न लागिरहेछौं। यो आत्मलघुताको भावना हाम्रो लागि सवभन्दा घातक भइरहेछ। हाम्रो समाजमा हामीले पूर्खाहरूको पराक्रमप्रति पूर्ण आस्था जगाउन सक्नुपर्छ। जुन जातिले स्वधर्म र स्वसंस्कृति, इतिहास र परम्परालाई

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

जीवित राख्न सक्यो त्यो जाति आज प्रभावपूर्ण र चमत्कृत भएर विश्वमा विद्यमान छ। यसको विपरीत जुन जातिले आफ्नो अमूल्य सांस्कृतिकजीवन गुमाए ती जातिहरू आज पुरातत्वको विषय बन्न पुगेका छन्। हामी प्रत्येकको कण्ठले मुक्तरूपबाट भन्न सक्नु परेको छ— 'यस्यां पूर्वे विचक्रिरे'। यसैमा गरिमाको अनुभव गर्न सक्नु पर्छ। आफुलाई आफु भन्न सक्नु पर्छ। आफु नै नरहेर गरेको कुनै पनि पुरुषार्थ सार्थक बन्न सक्तैन। यदि सनातनधर्मको अमरसन्देश अनुसार चरित्र, वीरता, धीरता जस्ता उत्तमगुणले चमत्कृत बन्न सक्यौं भने सनातनधर्म हामीदेखि कृतकृत्य हुनेछ। हामी उऋण हुनेछौं। सनातनधर्मको उदारताको यथार्थ उपलब्धि अनि हामी उसका उपासकहरूले पाउनेछौं। हामी केवल वातावरणका उपज होइनौं, न त हामी केवल भाग्यवादका दास हौं। हामी त अमृतका सन्तान हौं। दीनता हाम्रो स्वभाव होइन। वेदले आह्वान गर्दछ— 'शृण्वन्तु विश्वे अमृतस्य पुत्राः'। यस आह्वानलाई साकार तुल्याउन हामीले सदा तैयार रहनु छ।

हाम्रा पूर्वजहरूले स्वधर्म र स्वसंस्कृतिको रक्षाको लागि समयप्राप्त जुन जुन कर्तव्य थियो पूरा गरे र हाम्रो पिंढीसम्म हामीले यस महान् सनातनधर्मको उपासक बन्न सक्ने सौभाग्य पायौं अब हामीले आफ्नो कर्तव्य पूरागर्नु पर्दछ। हाम्रा वीर पुर्खाहरूले समयानुकूल दृष्टिकोण लिएर स्वधर्मरक्षाको व्रत पूरा नगरिदिएका भए हामीले यो सौभाग्य पाउने थिएनौं। स्वाभिमान र गौरवलाई लिएर हामीले आज उठ्नु परेको छ। नैराश्य र शिथिलतालाई हामीले समूल नाश गर्नु पर्दछ। जब मानिस सोच्तछ— 'म के गर्न सक्तछु र? ममा कुन सामर्थ्य छ र?' त्यो मानिस आफ्नो हीन कल्पना अनुसार त्यस्तै बन्दछ। त्यसको विपरीत 'म त वीर सन्तति हुँ। ममा तपोधन महर्षिहरूको रक्त दौडिरहेछ। मैले सत्यप्रतिज्ञ भएर अघि बढ्नु छ। कर्मठता मेरो जीवन हो, नैष्कर्म्य मेरो सिद्धि हो' भन्ने भावनालाई

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

हृदयमा बद्धमूल तुल्याएर अगि बढ्ने वीरले केही न केही गरेर छोड्छ। आज त्यही आत्मगौरव र सत्यप्रतिज्ञताको आवश्यकता छ। इतिहासका पाना पल्टाएर हेरेमा पत्तो लाग्दछ— हाम्रो ओरालो लाग्ने क्रम त्यही स्थितिबाट प्रारम्भ भएको छ जब हामीले आफ्नो गौरवलाई गुमायौं। परकीय भावनालाई महत्व दियौं। हामी सम्झिन्छौं हामी साधनहीन छौं। यो पूरापूर भ्रान्त धारणा हो। क्रियासिद्धि आत्मनिष्ठामा भर पर्दछ न कि साधनमा। साधन त आत्मबलको चिरदास हो। हामीले त्यस्तो आत्मबल जगाउनु पर्दछ जुन आत्मबलद्वारा हाम्रा प्रातःस्मरणीय तपोधनहरू कौपीनधारी भएर पनि बडे बडे शासकहरूले गर्न नसकेको काम गरिदिन्थे। त्यसको मूलमन्त्र हो स्वधर्मनिष्ठा र आत्मबल। आज यो निश्चित छ, आत्मबल नजगाइकन चाहे हामी अरबौं वर्ष बाँचिरहौं, सास फेरिरहौं, परन्तु हामी जीवित मात्र सक्ने स्थितिमा रहने छैनौं— अर्को कुनै उपाय छैन— 'नान्यः पन्था विद्यतेऽयनाय'।

सनातनधर्मको उदारताको चर्चा माथि गरियो। जसले अहिंसाकर्मका प्रचारक बुद्धदेव र ऋषभदेवलाई नवौं अवतार र चौवीस अवतारको एक प्रमुख अवतार मान्यो, जसले प्रत्येक कल्याणकारी व्यक्तित्वमा ईश्वरीयता देख्तछ, जसले आफ्नो पतितपावनताको द्वार 'आश्वचाण्डालगोखरम्' मुक्त राख्तछ त्यसको उदारताको वर्णन शब्दसामर्थ्यभन्दा पर छ। परन्तु सनातनधर्मको उदारताको माने नै के हुन्छ यदि त्यसको उपासक उदार हुन्न भने। धर्म त उपासकद्वारा नै अभिव्यक्त हुन्छ। त्यस्तो उदारतम धर्मका उपासक भएर पनि यदि हामीले अनुदारताको अवलम्बन गर्‍यौं भने हामी कृतघ्न ठहर्ने छौं। अतः धनवानले धन, बलवान्ले बल, बुद्धिमानले बुद्धि र विद्वान्ले विद्या इत्यादि प्रकारबाट समाजको हितमा सनातनधर्मको सम्बन्धमा उत्सर्ग गर्नु परेको छ। आज सनातनधर्म ती सम्पन्न धनपतिहरूको ठूलो आशासाथ प्रतीक्षा गरिरहेको छ जसले धनको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

आवश्यकता धर्मको लागि हो भन्ने ऋषिवाक्य सुनेका छन्— 'धनं च धर्मैकफलम्'। त्यो धन धन नै के होला जसको आत्मोत्थानको निमित्त उपयोग हुन सक्तैन। यस्तै अरू साधनको पनि आज सामाजिक समुत्थानमा उपयोग भएमा नै सार्थकता हुनेछ, सनातनधर्मको संरक्षण एवं सम्वर्धनमा व्यय गरेर नै हामीले त्यस साधनको पवित्रता कायम राख्न सक्नेछौं। नत्र हाम्रो सम्पन्नता, वल, वुद्धि, श्रम, आदि साधन समाजको लागि प्रवाहित हुन नपाएमा प्रवाहहीन खाल्टाको पानीजस्तो भएर कलुषित वन्नेछ, त्यसको उपभोगबाट हामी पनि अपवित्र बन्नेछौं। अतः सम्पूर्ण शक्ति र साधन लगाएर आज हामीले 'समाज' खडा गर्नु छ जसको मेरूदण्ड सनातनधर्म होस्। धर्मविना हाम्रो समाज समाज वन्न सक्तैन। केवल व्यक्तिहरूको समूहको नाम समाज होइन, धर्मनिष्ठ सामूहिक जीवनको नाम नै समाज हो। हाम्रो निमित्त त्यो समाज नै सच्चा समाज हुन्छ जसमा अर्थ र काम सम्म सदा धर्मका अनुचर वनेर रहून्। हिन्दूराष्ट्र नेपालको आजसम्मको प्रतिष्ठा, स्वतन्त्रता र ऐतिहासिक गौरव सवै यही सनातनधर्मको आधारमा रह्यो। यहाँको राजपरम्परा सर्वदा धर्मप्राण रहंदै आएको छ। यही धर्मनिष्ठ समाज नै हिन्दूराष्ट्रको सर्वस्व रही आएको छ। 'धर्मे सर्वं प्रतिष्ठितम्' यो स्मृतिवाक्य यदि कहीं सर्वात्मना अन्वर्थ रह्यो भने नेपालमा नै रह्यो। हाम्रो राष्ट्रकल्पना यही धर्ममा सर्वतोभावेन आश्रित छ। हाम्रो राष्ट्रभक्ति, राजभक्ति धर्मद्वारा नै अनुप्राणित छ। त्यसैले यदि हामीले राष्ट्रिय कर्तव्यतिरै ध्यान दिने हो भने पनि सर्वप्रथम त्यो राष्ट्रजीवनको सर्वस्व सनातनधर्मको संरक्षण र सम्वर्धनको प्रयत्न अनिवार्य हुन्छ। आज हाम्रो त्रिविध ऋण केवल व्यक्तिगत रूपबाट चुक्न सक्तैन। त्यसको सामाजिक पक्षतिर हामीले ध्यान नदिई हुन्न। राष्ट्रका विभिन्न अङ्गमा त्यस धर्म-सञ्जीवनीको रसद्वारा सेचन हुनु आवश्यक छ। हाम्रो जीवन नै वलिवेदीमा चढाएर भएपनि हामीले सनातनधर्मको सम्वर्धन गर्नुछ। आज सहस्राधिक

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

पक्षबाट हाम्रो जीवनमा आक्रमण भइरहेको छ। सनातनधर्म र धर्म-मूलक राष्ट्रलाई क्षतविक्षत तुल्याउने दुष्प्रयासहरू क्रियाशील छन्।

यस्तो विषमस्थितिमा हाम्रो अस्तित्वको लागि एउटै अमोघ उपाय बाँकी रहन्छ– हामी त्यस महान् धर्मको रक्षार्थ धन, बल, विद्या, बुद्धि, सबकुछ न्यौछावर गरेर सन्नद्ध रहौं। समयानुकूल रूपबाट सनातनधर्मको संरक्षण र सम्वर्धनको निमित प्रत्येक हिन्दूको रोमरोम-बाट चिन्ता जागोस्, श्वास श्वासमा उत्सर्गको भावना सन्दीप्त भएर निस्क्योस्, समाजको प्रत्येक अङ्गबाट आफ्नो धर्मलाई बचाउने व्याकु-लता प्रस्फुटित होस्। सनातनधर्मले पहिले जेजस्ता कठिनाईहरूको सामना गर्नु पर्‍यो त्योभन्दा लाखगुणा जटिल कठिनाईहरू आज यसका सामु छन्। यस स्थितिमा यदि हामी जागृत भएनौं भने हामीले जानी जानी आफ्नो अस्तित्व गुमाउन चाहेको ठहर्नेछ। अतः उठौं, जागौं, सनातनधर्मको उदारतालाई कार्यान्वित गर्ने प्रतिज्ञा गरौं। हाम्रो ऋषिसमाज, सनातनधर्म र त्यसको उपासनाद्वारा अमर बनेका पुण्यात्माहरूले हामीलाई पुकारिरहेका छन्—

'न जातु कामात् न भयात् न लोभात्
धर्मं त्यजेत् जीवितस्यापि हेतोः
धर्मो नित्यः सुखदुःखे त्वनित्ये
जीवो नित्यो हेतुरस्य त्वनित्यः' ॥

जय नेपाल ! जय सनातनधर्म !!

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

संस्कृतको राष्ट्रोपयोगिता

—श्री जीवनाथ झा प्रधानाचार्य

पाश्चात्यविद्या र सुदूरका विदेशीहरूको सम्पर्कले हाम्रा नवयुवक वर्गको दृष्टिकोण धेरै परिवर्तित देखिन्छ। तिनीहरूमध्ये राष्ट्रिय-भावना राख्ने र देशी वातावरणमा रहेका व्यक्ति कम छन्। अधिक संख्या उनीहरूको देखिन्छ जो विदेशी भाषा, विदेशी रहनसहन र विदेशी संस्कृतिलाई धेरै महत्व दिन्छन्। उनीहरूको भावनानुसार संस्कृतभाषा मृतभाषा छ, संस्कृत ग्रन्थहरू बेकार छन् र संस्कृतका विद्वान् अनुपयुक्त छन्; किनकि संस्कृतविद्या जातिवादद्वारा संकीर्ण भावना फैलाउँछ, देशको आधुनिक उत्थानमा कण्टक छ, पूजापाठको वाह्याडम्बर गराउँछ र सोझो जनसमूहलाई ठग्ने जाल छ। संस्कृत-विद्याद्वारा हाम्रो नेपालराष्ट्रको केही उपयोगिता देखिंदैन इत्यादि।

वस्तुतः यो विचारधारा भ्रममूलक छ, कुसङ्गतिवाट निस्केको छ र अपरिपक्व विवेकको कुपरिणाम छ। संस्कृत राष्ट्रको लागि विभिन्न प्रकारले उपयोगी निर्विवाद सिद्ध छ, यस लेखद्वारा म यसै कुरा-लाई केही प्रकाश पार्दछु।

राष्ट्रभाषाको संरक्षण संवर्धन

हाम्रो देशको राष्ट्रभाषा नेपाली सर्वसम्मत सिद्ध भएको छ। नेपालीमा ५० प्रतिशत शब्दहरू संस्कृत र प्राकृतवाट आएका छन्। संस्कृतलाई राष्ट्रभाषा नेपालीको जननी भन्नु अत्युक्ति छैन। विना संस्कृतको ज्ञान नेपाली साहित्यको विकास हुन सक्तैन। शब्दको स्रोत मात्र संस्कृत होइन, प्रेरणा पनि संस्कृतबाट नै लिइन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

संस्कृत हिमालय छ त नेपाली गङ्गा छ, संस्कृत आकाश छ त नेपाली तारा छ र संस्कृत प्राकृतिक वनोद्यान छ त नेपाली गुराँस छ, अर्थात् नेपाली साहित्यको संरक्षण एवं संवर्धनकोलागि संस्कृतको रक्षा अत्यावश्यक देखिन्छ ।

हिन्दूराष्ट्रको गौरव

हामी नेपाली हिन्दूत्वको भावना राख्दछौं, गुह्येश्वरी पशुपतिलाई आराध्यदेव मान्दछौं र गङ्गा गयाको मान्यता दिन्छौं भने तत्प्रतिपादक शास्त्र मान्नै पर्दछ । हिन्दूको जन्मदेखि मरणसम्मका सकल कर्मकलाप संस्कृतमा नै छन् । के संस्कृत भाषालाई त्यागेर हामी विदेशी भाषामा मन्त्र पढ्ने ? अथवा विदेशी जस्तै सबै कर्मलाई छाड्ने ? अथच छाडेर हिन्दू बन्ने अधिकारी रहनेछौं ? तस्मात् संस्कृत नै हाम्रो हिन्दूराष्ट्र नेपालको गौरव छ । अन्य धर्मावलम्वी आफ्ना धर्ममा सुदृढ छन् र आफ्ना शास्त्रको रक्षा गर्न प्राणपणले तैयार छन्, जव कि उनीहरूको धार्मिकशास्त्र मनुष्यकृत आधुनिक प्रमाणित छ । तव हामी हिन्दू किन आफ्ना शास्त्र वेद–उपनिषद्–पुराणलाई अनादृत गरौं ? हाम्रो वेद त अनादिकालको परमेश्वरप्रदत्त हिन्दूशास्त्र छ, जसलाई विरोधी पनि ५ हजार वर्ष पूर्वको स्वीकार गर्दछ । के विना संस्कृतको ज्ञानले वेद उपनिषद् पुराण आदिको जानकारी हुन सक्दछ ?

ज्यौतिष–विज्ञान

सूर्य चन्द्र आदि आकाशचारी ग्रहको प्रामाणिक गतिविधिको साथ भूगोलको ज्ञान ज्योतिष शास्त्रद्वारा प्रकाशित हुन्छ र गणितको आधार पनि ज्यौतिष नै मानिन्छ । भूत वर्तमान भविष्यत् फल देखाउन सामर्थ्य राख्ने ज्यौतिपको संरक्षण आवश्यक छ कि छैन ? छ भने विना संस्कृतको ज्ञान द्वारा संस्कृतभाषामा निबद्ध ज्यौतिषको

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

जानकारी कसरी हुन सक्ला ? ज्यौतिषविज्ञानको राष्ट्रको निमित कति उपयोगिता छ यो त भन्नै पर्दैन।

दर्शन–विज्ञान

हामी प्राणीहरू कहाँबाट आएका छौं ? कहाँ जाने ? ईश्वरको रूप के छ ? वहाँको साथ सम्पर्क राखी शाश्वत आनन्द कसरी पाउने ? मनुष्यमा बुद्धितत्त्व कसरी उद्भिन्न हुन्छ ? इत्यादि ज्ञान-विज्ञान हाम्रो देशीय दर्शनशास्त्रबाट नै प्रकटित हुन्छ, यसैमा समन्वयवादको रत्न चम्किन्छ। दार्शनिक ग्रन्थहरू पनि संस्कृत भाषामा नै रहेका हुनाले त्यसको राम्रो जानकारीको लागि संस्कृतको अध्ययन अध्यापनको आवश्यकताछ।

प्राणशास्त्र–विज्ञान

सुश्रुत, चरक आदि आयुर्वेदका ग्रन्थ छन् जसमा शरीरमा हुने विविध रोग र परिहारको साथसाथ नाडी-विज्ञान, जठरानल-विज्ञान र कायाकल्प आदिको पनि सूक्ष्मरूपले वर्णन पाइन्छ। एलोपैथिक, होमियोपैथिक, नेचरोपैथिक आदि त्यसैका नकल छन् भन्ने कुरा स्व० हेमराज गुरुज्यूको काश्यपसंहिताको भूमिका हेर्दा स्पष्ट हुन्छ। यो सत्य हो कि वर्तमान कालमा एलोपैथिक प्रक्रियामा धेरै प्रगति भएको छ, तर आयुर्वेदशास्त्रमा रहेको सूक्ष्मविवेचन तिरस्करणीय छैन। 'अशीतिर्वातजा रोगाः' अर्थात् वातसम्बन्धी रोग ८० प्रकारका हुन्छन्। यस प्रकारको सूक्ष्मविवेचन आधुनिक ग्रन्थमा छैन। यसैले कठिन संस्कृतमा रहेका ती ग्रन्थहरू मनन गर्नु राष्ट्रहितको लागि आवश्यक देखिन्छ। यसमा पैसाको कमी, स्वावलम्बिता र राष्ट्र-हित छ। जहाँ गरीबको लागि त एलोपेथिक झन् कठिन छ। त्यो आयुर्वेद जो कि प्रत्येक मानवमात्रको निमित्त मात्र होइन, पशुपंक्षी समेतको हितको निमित्त त्रिकालदर्शी ऋषिमुनिहरूले प्रकाशित गर्नु भएको छको उपेक्षा गर्नु के उचित छ ? त्यसको अनुसन्धानार्थ

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

के संस्कृतको अध्ययनाध्यापन नितान्तआवश्यक देखिदैन ?

प्राचीन इतिहासको जानकारी

हाम्रो अतीत सत्ययुग, त्रेता, द्वापरसम्मको इतिहास वेद उपनिषद् बाहेक १८ पुराण, १८ उपपुराण, विविध संहिता तथा रामायण र महाभारत आदि ग्रन्थमा सुरक्षित देखिन्छ। लाखौं श्लोकका ती इतिहास ग्रन्थहरू संस्कृतमा नै रहेको हुनाले हिन्दूसंस्कृतिको गौरवगाथा जान्न संस्कृतिको महान् उपयोग प्रष्ट बुझिन्छ। संस्कृतको प्रचार-प्रसार वन्द भएको खण्डमा हाम्रो उत्कर्षमय–अवदान–वोधक कुन प्रमाण रहला ?

तन्त्र–मन्त्र–यन्त्रको गवेषणा

यस अन्वेषणात्मक युगमा जब कि मानिस चन्द्रलोकको गतिविधि पनि जान्न उत्सुक छ, त्यस समयमा संस्कृतका सैकडौं ग्रन्थमा तान्त्रिक पद्धति, मान्त्रिक प्रयोग एवं यान्त्रिक उपचार ऐलेसम्म अनुद्यमको अनालोकमा अकर्मण्य भै पडिरहेका छन्। त्रिकालदर्शी ऋषिमुनिहरूले यी सबै विषयहरू सुखमय जनजीवनको निमित्त नै लेखेका थिए। यसलाई अझ बढी जीवनोपयोगी बनाउन संस्कृतको माध्यमद्वारा नै संभव होला। संस्कृतभाषा लुप्त भएको खण्डमा ती सबै अमूल्यग्रन्थ वेकार हुनेछन्। अतः यसको उद्धारार्थ पठनपाठन नितान्त आवश्यक मान्नुपर्दछ।

अध्यात्मविद्याद्वारा विश्वशान्ति

शान्त वातावरणमा नै देशको स्वस्थता सम्भाव्य छ। आजभोलीको उच्छृङ्खलतावाट देशको वास्तविक विकाश हुनै सक्तैन। शान्त वातावरण फैलाउनाका निमित्त नै अध्यात्मविद्याको सिर्जना भएको थियो। मान्धाता, जनक, युधिष्ठिर, प्रभृति युगपुरुषहरूले त्यसैको आधारमा शान्ति स्थापना गर्नु भएको थियो। त्यो अध्यात्म-

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

विद्याको पनि मूलस्रोत ब्रह्मज्ञानप्रतिपादक-संस्कृतमय योगसूत्र-गीता आदि ग्रन्थहरूको मनन विना सम्भव छैन। अध्यात्मविद्याको प्रचार-प्रसारद्वारा मात्र विश्वशान्ति सम्भव छ, अर्को बाटो देखिंदैन।

सर्वाङ्गपूर्ण संस्कृतसाहित्यको रक्षा र विकाश

विभिन्न देशमा विविधभाषाको विकाश भैरहेको छ। चाहे ती भाषाले गिरिनदी झैं धारावाही प्रवाह बहाउन्, तर विशाल अनन्त पर्वत झैं दृढ रहेको संस्कृतभाषा नै त्यो प्रवाह प्रचारित गर्दछ। किनभने संस्कृतसाहित्य समुद्र झैं सर्वाङ्गपूर्ण छ, जसको समता सैकडौं वर्षमा पनि अर्को कुनै भाषा गर्न सक्दैन; सैकडौं महाकाव्य र नाटक (रूपक– उपरूपक) को अतिरिक्त स्तोत्रकाव्य, बिरुदकाव्य, कथाकाव्य, प्रबन्धकाव्य, चम्पूकाव्य आदिको विशालराशि जसमा विजयपताका झैं देदीप्यमान छन्; तिनीहरूको सौष्ठव, आकर्षण र गौरवको साथै उपादेय-उपदेश अनिर्वचनीय देखिन्छ। यी कुराहरू विशेषतः हिन्दू-राष्ट्रको गौरवसूचक मानिन्छन्। त्यस्तो सुसमृद्ध, सर्वाङ्गपूर्ण, नितान्त मनोहर, आदर्श, सुधास्वादसहोदर, संस्कृतसाहित्यको सुरक्षा नितान्त आवश्यक छ। यसैबाट हामी देशविदेशमा आफ्नो राष्ट्रियता र सभ्यता पुर्‍याउन समर्थ हुनेछौं।

शास्त्रार्थको असाधारण गौरव

कुनै असाधारणयोग्यता विशेष गौरवप्रद हुन्छ। संस्कृत शास्त्रका न्याय, वेदान्त, व्याकरण, ज्योतिष र साहित्यमा अति सूक्ष्म विवेचनात्मक ग्रन्थहरू छन्। जस्तै– सामान्यनिरुक्ति, शाङ्करभाष्य, शब्देन्दुशेखर, सूर्यसिद्धान्त, रसगङ्गाधर आदि। यी ग्रन्थहरूको विवेचनापूर्वक अध्ययन अध्यापन गरी शास्त्रार्थ (जयपराजयपूर्वकको वाद) हिन्दूविद्वान् मात्र गर्न सक्छन्। किनकि अनेक वर्षको धारावाही एकाग्रचित्तको अध्ययन विना उक्त ग्रन्थहरूको मर्म बुझिंदैन। त्यसै-कारणले आज हिन्दूबाहेक अरू कोही पनि विदेशी विद्वानहरूले

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

शास्त्रार्थ गर्न कैल्यै पनि योग्यतापूर्वक राख्न सकेका छैनन्। त्यतिमात्र होइन हिन्दूभिन्न विद्वान्हरू सामान्यनिरुक्ति आदि ग्रन्थ पढाउन पनि सक्दैनन्। यो एक प्रकारको हिन्दूविद्वान्को असाधा ण योग्यताको उत्कर्ष सीमा हो। त्यो सुरक्षित राख्ने संस्कृतको प्राचीन परम्परागत शास्त्रार्थग्रन्थावलीको समर्म पठनपाठन राष्ट्रोन्नतिकारी छ कि छैन भनिरहनु पर्दैन।

मृत्युविजयसाधक संस्कृत

यस बढ्दो विज्ञानवादको प्रगति–परम्परामा प्राणवायुको अधीनीकरण आकाशकुसुम जस्तो असम्भवकोटिमा निहित मानिन्छ, तर योगशास्त्रको आधारमा मृत्युविजय असम्भव छैन। सुनियोजित-समभ्यस्त-शास्त्रीय-प्राणायामद्वारा मृत्युको पनि अधीनीकरण हुन सक्छ। यमनियमादि प्रक्रियासहित योगशास्त्रको मार्मिक विचार-धारानुकूल गर्नगराउनको लागि संस्कृतको विशेषतः अध्ययन अध्यापन कति आवश्यकता राख्दछ त्यो सहृदयगम्य छ।

असाधारण काव्यसौष्ठव

संस्कृतको अनन्त शब्दभण्डार परिपूर्ण भएको र शब्दधातु-रूपहरूको अपरिमितताको कारण तथा सन्धि–समास–तद्धित–कृत्–नामधातु आदिको अपूर्व महान् चमत्कार र विशालताले शब्द-विन्यासपूर्वक कविताविन्यास जस्तो संस्कृतमा हुन्छ त्यस्तो अर्को कुनै भाषामा हुन सक्दैन। अरू अरू भाषाको कविताको संस्कृतमा शब्दार्थ सन्तुलित यथोचित अनुवादगर्न वर्तमानकालमा पनि धेरै विद्वान् समर्थ छन्। तर निर्दिष्ट संस्कृतपद्यको कुनै भाषामा कुनै किसिमले अनुवाद हुन सक्दै सक्दैन। जस्तै –

केदारपोषणरताः ? कम्बलवन्तं न बाधते शीतम् ?
कं सं जघान कृष्णः ? काशीतलवाहिनी गङ्गा ?

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

यस पद्यमा प्रश्न र उत्तर एकशब्दमय नै छ र चारौटा प्रश्नोत्तर छन्।

रम्भारामाकुरवककमला रम्भारामाकुरवककमला
रम्भारामाकुरवककमला रम्भारामाकुरवककमला

यो महायमक, चार अर्थवाळा एक पदमा कुन किसिमले गाभिएको छ ?

'चेतो न लङ्कामयते मदीयम्' यसको तीन अर्थ छन्।

"के यूयं स्थल एव सम्प्रति वयं प्रश्नो विशेषाश्रयः
किन्ब्रूते विहगः स वा फणिपतिर्यत्रास्ति सुप्तो हरिः"।

"पायाद्वः करणो रणो रणरणो राणो रणो रावणो
धत्ता येन रमा रमा रमरमा रामारमा सारमा"

इत्यादि सैकडौं पद्यको अर्को भाषामा तुल्यानुवाद हुन सक्त सक्तैन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

मेरो बदनाम

—बदरीनाथ भट्टराई

सबै सुखी हुन्, नीरोगी हुन्, भलो देखून् अर्थात् कोही पनि दुःखी नहोस् भन्ने मेरो मनसाय हो। म जस्तो सच्चा विश्वबन्धु दुर्लभै होला। साँच्चिकै भनौं भने वैदिक साम्यवाद मेरै देन हो। यही आधारमा 'पण्डिताः समदर्शिनः' भनी कृष्णले अर्जुनलाई उपदेश दिए। अगि मेरो आज्ञा नमान्ने मानव सयकडा एक पनि पाउन मुश्किल पर्थ्यो। त्यस वखतका मानवहरूले मेरो मर्म बुझेका थिए। मेरो आश्रयबाट उनीहरू सुखको अनुभव गर्थे। सत्यको पक्ष छोडेर क्रान्ति अथवा शान्ति कुनै पनि सफल हुँदैन भन्ने उनीहरूलाई थाहा थियो। राजादेखि रंकसम्मको हृदयमा मेरो प्रभाव परेको थियो। मेरो सच्चा स्वरूप बुझेकाले उनीहरू मेरो महत्त्व गाउँथे। छोट्करीमा भन्ने हो भने मेरै साम्राज्य थियो भने हुन्छ।

तर हाल मेरो अलि बदनाम हुँदै आइरहेछ। कस्तो गजब! सारा मानवको हित चिताउने म समाजको प्रगतिको छेकवार रे! सबभन्दा उँचो पदमा पुऱ्याउने म देशको उन्नतिको बाधक रे! उठेदेखि सुतुन्जेल कर्म गराउने म अकर्मण्य बनाउने रे! 'वसुधैव कुटुम्बकम्' भनी घोषणा गर्ने म नै झगडाको बीउ रे! परा विद्याको प्रवर्तक म उच्चशिक्षाको प्रतिबन्धक रे! ब्रह्मादेखि रूखसम्म तृप्त पार्ने; अनि काग, कुकुर, कीराफट्यांग्रा समेतलाई बलि दिएर उदार भएको म नै संकुचित रे! कति भनौं, सारा दोष मेरै टाउकोमा लादिएका छन्। बिना कारण कस्तो कलङ्क लागेको मलाई? वास्तवमा म जत्तिको समाजलाई बाटो देखाउने को होला? यहाँ मेरो के दोष? उसो भए कसको दोष त? के अबुझ जनताको, अथवा कालको, अथवा प्रकृतिको, या

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

आधुनिक शिक्षाको, अथवा मेरो ठेकेदारहरूको, किंवा अधिकारीको ? तर एउटाको शिरमा मात्र सारा भारी बोकाउनु ठीक होइन। मुखले मेरो गुणगान गरे तापनि आचरणमा उल्टो पाइला चलाउनेदेखि त मलाई निकै रिस उठ्छ। के भनुँ ! कसलाई भनुँ ! अलिकति त मेरो छायाले पनि बदनाम गराएको हो। बिम्ब यो हो प्रतिबिम्ब यो हो भनेर छुट्याउने शक्ति अबोध जनतामा कहाँ छ र ! खालि काम र अर्थको समस्यामय धापमा फसेको व्यक्ति मतर्फ एक पाइला पनि चलाउन सक्तैन। हुन त यो कलिमा मेरा पनि तीन खुट्टा काटिइसकेका छन्। ऐले त पृथ्वीमा एक पाउले टेकेर अडिएको छु।

मेरो सच्चा स्वरूप बुझ्न पाए त जनताले मेरो आश्रय लिइहाल्थ्यो ? तर बुझाइदिने को ? त्यस्तो विशुद्ध सेवाभाव भएको व्यक्ति खै ! फेरि 'संघे शक्तिः कलौ युगे' भनेको हुँदा एक जनाले मात्र गरेर सफल हुने पनि होइन। अब कसको सहायता लिउँ त ? लेखकको कि, वक्ताको कि, वर्गको कि, संघको कि अथवा अरू कसैको ? पहिले त यिनीहरूलाई नै रहस्य बुझाउनु परेको छ। यो वैज्ञानिक युगले जतिसुकै बाहिरी उन्नति गरे तापनि निजी अवनति ल्याएको छ भन्ने कुरामा कुनै शङ्का छैन। अचेल कसको मनमा सुखशान्ति छ र ! पानीजहाज चढे पनि, हवाइजहाज चढे पनि, महलमा बसे पनि, पृथ्वी भ्रमण गरे पनि, चन्द्रमामा पदार्पण गरे पनि मनमा राँको बलिरहेको छ। राग र द्वेषको चक्र घुमिरहेको छ। धन कसरी जोगाउने हो भन्ने चिन्ताले धनीहरू छटपटाइरहेछन्। पेट कसरी भर्ने हो भन्ने पीरले गरीबहरू रोइरहेछन्। वर्तमानको उत्पीडनमा भविष्यको चिन्ता थपिंदा घाउमा नूनचूक लगाएजस्तै भइरहेछ। पूर्व जाऊ कि पश्चिम जाऊ कि अथवा अरू दिशातिर जाऊ, जहाँ तहीं डढेलो सल्किरहेछ।

सबै परमात्मा कै अंश हुनुभएको हुँदा तपाइँ मानवहरूलाई हात जोरेर भन्छु, 'खालि मानवता भनेर चिच्याउनु मात्र ठीक होइन,

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

किन्तु तदनुकूल आचरण पनि तपाईंहरू गर्नुहोस्, किनभने मानवता-संग मेरो ज्यादै मित्रता छ। म कल्पवृक्ष हुँ। मानवता चाहिं मेरै आडमा मौलाउने सुनौला लहरा हो। म वसन्त हुँ। मानवताचाहिं आँपको मुजुरा हो। म पूर्णचन्द्र हुँ। मानवता वुध (तारा) हो।'

कति कुरामा आधुनिक विज्ञानसंग पनि मेरो कुरा मिल्नजान्छ। नदीमा गएर स्नान गर भनी म भन्छु। विहान घुम, अनि सफा पानीले नुहाऊ भनी ऊ भन्छ। नदीमा नालीहरू नमिसाइदिएको भए अथवा नदीको तीरमा फोहर नगरिदिएको भए विज्ञानले मेरो कुरा काट्न सक्ने थिएन। तर के गरूँ ? ताजा चीज खाऊ भन्ने कुरामा एक मत भए पनि म चोखो विशेषण थप्छु, उचाहिं पोसिलो पद अगाडि सार्छ। घर, शरीर, लुगा सफा राख भन्ने विषयमा हामी दुवै एकमत छौं, तर मन पनि स्वच्छ पार भन्ने मेरो निवेदन हो। मरेपछि डूमै राजा भने भैं उ वर्तमान तिर मात्र दृष्टि दिन्छ। मचाहिं भविष्यका लागि जोड दिन्छु। सुखी गराउने लक्ष्य एकै भए पनि म अखण्ड सुखको वाटो वताउँछु। मैले प्रलयको क्रम मात्र वताएको छु, तर ऊ प्रलय योजनाको रुपरेखा तयार पार्न व्यस्त छ। तर सृष्टि पछि प्रलय र प्रलयपछि सृष्टि भइरहन्छ भन्ने कुरामा हामी दुवैको एकमत छ।

आफूलाई चिन भनी म चिच्याइरहेको छु। कस्तो गजव! तिमी को हौ भन्दा मानिस अलमल्ल पर्छ। मानिस खालि वाहिर मात्र हेर्छ। कहाँवाट आएँ, फेरि पछि कहाँ पुगिने हो भन्ने सवालको जवाफतर्फ मानिस ध्यानै दिंदैन। फेरि विपनामा मात्र दृष्टि दिन्छ, सपनाको र सुषुप्तिको विषयमा त विचारै गर्दैन। जुन घरभित्र ऐले आफू वसेको छ त्यही घर आफू कहीं होला! सकली आफूलाई यथार्थसंग चिन्नु नै मनुष्यको वैशिष्टय हो।

वास्तवमा म एउटै हुँ तापनि देश, काल इत्यादिले विभिन्न विशेषण दिएको हुँदा वहुरूपी जस्तो भएको छु, तर मेरो एउटा भेष

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

अंगालेर अर्को भेषसंग द्वेषगर्ने मनुष्यलाई देखेर त अचम्म लाग्छ। मेरो हुलिया दिनेहरूमा मनु, वशिष्ट, अत्रि, बौधायन, आपस्तम्व, पराशर, व्यास, जैमिनि इत्यादि प्रसिद्ध छन्। सूत्रहरूका आधारमा माला गाँसेर उनीहरूले मलाई पहिराएका छन्। उनीहरूको स्मृति-शक्तिले लगाएको गुण म कहिले पनि विर्सन सक्तिन।

मेरै अङ्गहरूका आधारमा अरूले पनि रंगीचंगी गुच्छा वनाएका छन्। गुच्छाकारहरूमध्ये एक हुन् छव्वीस सय वर्ष अगाडि-का जरथुस्त्र। उनले साराका सुखको लागि र पवित्रतामाथि जोड दिए। कर्मको मार्ग अपनाए। अहुर मजदा) को उपासना दर्शाए। त्यो वेलाको एक गुच्छा हो अवस्ता, जसमा सैकडा सत्तरी शब्द संस्कृत छन्। यसमा चार वर्ण र एकेश्वरवाद दर्शाइएको छ। जन्म-स्थानलाई छोडेर भारतका पारसीहरूमा यो वसाइँ सर्‍यो, अग्नि-पूजाको प्रचारक वन्यो। यसले आजीवन विवाह नगर्नु र वहुविवाह-लाई निन्दा गर्‍यो।

यहूदीका आचार्य मूसाले पनि जरथुस्त्रकै प्रणाली अपनाए, ईश्वरको एकत्व र निराकारताका साथसाथै दयालुता पनि दर्शाए, मातापिताको आदर र छिमेकीसंगको मेल सिकाए, हत्या व्यभिचार र चोरी नगर्नू भन्ने पाठ पढाए, यज्ञमा पशुवलिदेखि लिएर गोप्य योगविद्याको उपदेश पनि दिए।

तीर्थंकर पार्श्वनाथले स्थापना गरेको मार्गको संशोधन चौवीसौं तीर्थंकर महावीरले गरे। अन्दाजी पचीस सय वर्ष अगाडिका यी राजकुमारले सम्यग्दर्शन, सम्यग्ज्ञान, र सम्यक् चरित्रको आवश्यकता दर्शाए, सृष्टिकर्ता ईश्वरचाहिं अनावश्यक माने, वरू सम्यग्ज्ञानीलाई परमेश्वर ठाने। पछि दिगंवरहरूले वाह्यनियममा जोड दिए त श्वेतां-वरहरूले आत्मशुद्धिमा।

२६०० जति वर्ष अगिका शुद्धोदनका छोराले वुद्धत्व प्राप्त गरे-

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

छ. नं. ६०९
वा. वि. पु.

पछि 'बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि' यी तीन मूलमन्त्र बने। (१) दुःख (२) दुःखको हेतु (३) दुःखको निरोध (४) दुःख निरोधको उपाय। यी चार आर्यसत्यको प्रचार हुँदै आयो। चार चेलाबाट चार मत खडा भए। सारा वस्तु क्षणिक र दुःखमय भन्ने मानेपनि आत्माको वास्ता राखेनन्। साधारण राजकुमारले त्याग र तपस्याद्वारा बुद्धत्व प्राप्त गरे भन्नेहरू हीनयान बने, उनलाई ईश्वर मान्ने चाहिं महायान।

अन्दाजी २५५० वर्ष अगाडिका चिनियाँ कन्फ्युसियसले आनन्दको ढोका खोल्ने तीन तरीका बताए। एक हो अरूमा दोष नदेख्नू, दोस्रो हो अर्काको निन्दा नगर्नू, तेस्रो हो अर्काको खराबी नगर्नू। के शान्ति के कोलाहल सबै हृदयका कुरा हुनाले जीवितलाई प्रसन्न राख, चिन्ता र शोकबाट मुक्त होऊ, प्राणीमाथि प्रेम गर, काम र क्रोधलाई त्याग, कर्मयोगी बन इत्यादि यिनका उपदेश स्मरणीय छन्।

चीनकै दक्षिणी भागमा २६०० वर्ष जति अगाडि लाओले 'ताओ' खडा गरे। ईश्वर व्यापक तथा निराकार छ भन्ने घोषणा उनले गरे, साधनका हकमा मुख्य प्राणायाम र ध्यान बताए, निवृत्तिमा जोड दिए। 'यो किंग्' भन्ने ग्रन्थमा ग्रन्थकार 'फोहि' ले उनको सारा आशयलाई चिन्हद्वारा दर्शाएका छन्।

१९७० वर्ष अगि ईसाले पनि परमेश्वर निराकार, अनि ज्योतिस्वरूप भन्ने दर्शाए; साँचो बोल; दया गर भने; तर अरू जन्तुको हिंसाको निषेध गरेनन्, बरु जनहितको निमित्त आत्मबलिदानमा जोड दिए, अनि खालि शरणागतिद्वारा मुक्त भइन्छ भने, आफूलाई ईश्वरको छोरा ठाने। उनले यसरी प्रार्थना गरे, 'हे परमात्मा' मलाई आफ्नो बाटो देखाइदेऊ र त्यही सत्य मार्गबाट चलाऊ, अनि मेरो ज्ञानचक्षु खोलिदेऊ। यिनको आशय छर्लङ्ग हुने ग्रन्थ हो बाइबल।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

१४०० वर्ष अगाडिका हजरत महम्मदले अल्लाह सिवाय कुनै ईश्वर छैन भने; ब्याज लिनु, जुवा खेल्नु र मद्यपानको निषेध गरे। तेइस वर्षमा कुरान पूर्ण भयो। यसैका आधारमा (१) सुन्नी (२) शिया (३) वहावी (४) आगाखानी (५) कादियानीका भेद खडा भए। सूफी मतमा वेदान्तको प्रभाव देखिन्छ। 'अनलहक' म नै ब्रह्म हुँ भन्ने उनीहरूको मन्त्र हो।

वि. सं. १५२६ मा जन्मिएका गुरु नानकले गुरुलिखित ग्रन्थ नै वेद हो भने, जीवलाई ईश्वरकै अंश माने, मासु र मदिराको त्यागमा जोड दिए, मुक्त हुने इच्छा हो भने ध्यान, धारणा, समाधि गर भने। विश्वास नगरी ईश्वर पाइन्न भन्ने उनको विचार हो। भ्रातृभावका आधारमा व्यवहार गर तर जस्तोसुकै संकष्ट परिआए पनि आफ्ना पुरुखाको सन्मार्ग नछोड भन्ने उनले अर्ती दिए।

जापानमा शिन्तो उदायो। उसले प्रकृतिका साथसाथै पूर्वजको पूजा चलायो, आत्मा सर्वशक्तिमान् हो भन्ने वतायो; मन्त्र, जप, ध्यान गर भन्ने आदेश दियो; हृदयमा अपवित्र भावको उदय नहोस् भनी प्रार्थना गर्‍यो; शिक्षामा लाञ्छना लाग्न नदेऊ, अनि खालि बाहिरी शिक्षाको प्रलोभनमा नपर भन्ने सिकायो, पाप र पुण्यको परिणाम छाया जस्तै अवश्यंभावी छ भनी औंल्यायो; अनि परमात्मालाई पाउने पहिलो र निश्चित मार्ग हो निष्कपटता भन्ने पाठ पढायो।

यसरी मत मतान्तरको उल्लेख गरीरहने हो भने तपाईहरूलाई झर्को लाग्नेछ। यसैले आफ्नै बाटो तिर अब लाग्दछु।

हे पुरुषहरू हो, जहाँ नारीहरू पुजिन्छन् त्यहाँ देवताहरू पनि रमाउँछन् भन्ने कुरा नबिर्सनुहोस्। यसैले आमालाई सुनौला कमलासनमा राखेर पुज्नुहोस्। गृहिणीलाई अर्धाङ्गिनी बनाउनु होस्। विलासकी पुतलीमात्र नसम्झनु होस्। फेरि दिदीवहिनी पनि यथोचित आदरका पात्र हुन्। स्त्री र पुरुषरूपी दुवै पांग्रा वलिया नभई

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

समाज चल्न सक्तैन। पत्नीव्रत लिनुहोस्। आठ किसिमका विवाह प्रस्तुत गरेको छ तापनि सकेसम्म अग्निझोलाई अपनाउनोस्। विवाह-विच्छेदले चम्किलो दाम्पत्यजीवनलाई धमिलो तुल्याउँछ भन्ने सत्य हो। निर्धाको रगत चुस्नु पुरुषत्व होइन, किन्तु कमजोरलाई आफ्नो रगत दिएर बचाउनु पुरुषार्थ हो। शारीरिक बलले मात्र बलियो भइन्न, किन्तु भइन्छ चरित्र बलले। अझ साँच्चिको बलवान् त हो आत्मवल भएको व्यक्ति। यसैले उत्तम पुरुष बन्नुहोस्।

महिलाहरूसंग पनि विन्ति गर्छु, यदि शिक्षाको शिखरमा चढ्ने इच्छा हो भने गृहविज्ञान र मनोविज्ञानलाई आधार बनाउनोस्, हेर्नुहोस्। बाहिरी सिंगारपटारले भन्दा भित्री स्वच्छताले तपाईहरूको शोभा बढाउँछ। यदि समाजलाई अगि बढाउन चाहनु हुन्छ भने सतीत्वको महत्त्व आचरणद्वारा दर्शाउनोस्। यदि सन्तति निरोधको आवश्यकता परेको छ भने शम र दमको मात्रा बढाउनोस्। यदि प्रगति गराउने इच्छा छ भने आदर्श जीवन बनाउनोस्। तपाईहरू शक्तिका प्रतीक, मृदुताका मन्दिर, स्नेहका सिन्धु, जनताका कामधेनु हुनुहुन्छ। यसैले तपाईहरूको सहायताविना राष्ट्रको उन्नति हुन सक्तैन।

चार आश्रम चारौटा भरेङ हुन्। क्रमैसित खुट्किला उक्लँदै जानुभयो भने अमर पदमा पुग्नु हुन्छ। पच्चीस वर्ष ब्रह्मचर्यमा रही शिक्षित भएका व्यक्तिको बुद्धि कति रुपौला होला। यसै गरी पचास वर्षसम्म गार्हस्थ्यको सदुपयोग गर्नुभयो भने समाज सुनौला बनिहाल्छ। यदि वानप्रस्थका लागि परिस्थिति विषम छ भन्ने अत्तो थाप्नुहुन्छ भने पनि साँचो छोराबुहारीलाई बुझाएर आफू पाहुना बनेर बस्नुहोस्। छयहत्तर वर्षसम्म बाँच्नु भयो भने बाहिरी सन्यास कलिवर्ज्यमा पर्छ भन्नुहुन्छ भने पनि अहंकारको सन्यास गरिहाल्नोस्। आश्रमको व्यवस्था सदा सर्वदा उपयोगी छ भन्ने राजा मनुको लालमोहरलाई कहिले नबिर्सनोस्।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

ब्राह्मणहरूलाई संझाउँछु, पुरुखाको त्याग र तपस्याको महत्त्व नविर्सनोस्। मर्यादा नाघ्ने व्यक्तिभन्दा मर्यादामा रहने व्यक्ति धेरै ठूलो हो, ज्यादै बलियो हो। यसैले शम, दम, क्षमा इत्यादिलाई अङ्गाल्नुहोस्। सोमयागका दीक्षितको सन्तान भएकाले मद्यरसको गन्ध पनि नसुंघ्नुहोस। मेरै आदेशअनुसार पहिलेका सारा ब्राह्मण अग्निहोत्री हुन्थे, तर खेद छ हाल धूमपानको यज्ञ चलिरहेछ। ब्राह्मणत्वको अनुसन्धान गर्नुभयो भने मेरो यो तीतो वचन पनि पछि मीठो हुनेछ। क्षत्रियज्यू, वैश्यज्यू र शूद्रज्यू पनि मेरो निवेदनमुताविक चल्नुभयो भने पृथ्वी स्वर्ग वन्न केही वेर लाग्ने छैन। समाजले नै युगको सिर्जना गर्ने हुँदा यदि सबै सदाचारी भए भने भोलि नै सत्ययुग लाग्न के वेर ?

मेरो साधारण रूपको पनि उपयोग गर्नु भएन भने त तपाईं-हरूको व्यवहारै चल्दैन। यदि धर्मको वास्ता गर्नुहुन्न भने कि कारा-गारको कैदी बन्नुहुन्छ कि त यमराजको पाहुना। परीक्षामा उत्तीर्ण नहुने छात्रहरूको आत्महत्या के धैर्यत्यागको फल होइन ? क्षमा शान्तिको धारा हो। इन्द्रिय नजिते कुनै काममा सफल भइन्न। चोरी गर्न थाल्नुभयो भने तपाईंको के गति होला ? सफाई वाहिरको र भित्रको पनि सबैलाई आवश्यक छ। असल वुद्धि नचाहिने कसलाई होला ? ज्ञान त झन् हुनैपर्‍यो। झूटो बोल्नुहुन्छ भने त घरका जहानले पनि तपाईंलाई पत्याउँदैनन्। यदि रिसाउनुहुन्छ भने तपाईंलाई कसैले पत्याउँदैनन्। यदि रिसाउनु हुन्छ भने तपाईंलाई कसले रुचाउला ?

वास्तवमा परोपकार नै मेरो स्वरूप हो। अझ आत्मदर्शन नै मेरो प्राण हो। म हुँ सनातन धर्म।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

श्री ५ महेन्द्र

—प्रा० जुननाथ पण्डित

आज श्री ५ महेन्द्रको जन्मोत्सव हाम्रा निमित्त एक उल्लासको रूपमा अगाडि आएको छ। यस उमङ्ग र उत्सव भित्र खानु, पिउनु, हाँस्नु, नाच्नु आदि कार्यक्रमका साथसाथै राजाको कीर्ति गाइन्छ र राजाको व्यक्तित्वमाथि जनताको अपारश्रद्धा अभिव्यक्त गर्ने सिलसिलामा राजदर्शनादि कार्यको व्यवस्था हुन्छ। यस पटक त यसै जन्मोत्सव समारोहको निकटमा वर्षाभिवृद्धि हुन्छ र ज्येष्ठ ३० मा महापर्व हुन्छ। श्री ५ महेन्द्रको कीर्ति देखेर हामीले मौसूफलाई चान्द्रव्रतिक राजा सम्झनु उचित ठानेका छौं।

'परिपूर्णं यथा चन्द्रं दृष्ट्वा हृष्यन्ति मानवाः
तथा प्रकृतयो यस्मिन् स चान्द्रव्रतिको नृपः'

अर्थात् चन्द्रमालाई झैं जसलाई देखेर प्रसन्नता उदाउँछ त्यो चान्द्रव्रतिक राजा हो।

अब दार्शनिकपक्षबाट विचार गरौं, अध्यात्मवादीको स्वराज्य भित्र आत्मा एक शासकको रूपमा हुन्छ। आत्माको अधीन उसको क्षेत्रको प्रशासन चलेको हुन्छ।

आत्मराज्यमा सुनियोजित स्थिति कायमराख्न प्रधान र उपप्रधान मन्त्री बुद्धि र मनको ज्यादै ठूलो हात रहेको हुन्छ। ज्ञानसचिव र कार्यसचिवले मन्त्रीको आज्ञानुसार राजोचित उपभोग सामग्रीद्वारा राजालाई आनन्द दिलाई स्वशासित क्षेत्रमा समृद्धिको वहार ल्याइदिन्छन्। पाँच ज्ञानेन्द्रिय ज्ञानसचिव र पाँच कर्मेन्द्रिय कार्यसचिवको रूपमा प्रसिद्ध छन्। शरीरनामको साम्राज्यक्षेत्रभित्र रही घरवार जमाई वसेका अनन्त जीवाणुहरूको जति मात्रामा पुष्टि

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

मिल्नसक्यो उति राजा आत्मालाई सन्तोष हुन्छ। पोषणगर्ने दिशा-मा राजाको सतत ध्यान गएको हुन्छ। प्रजा जीवाणुको सुखसमृद्धिको तारतम्यमा आत्माको सुखानुभूति हुन्छ। शरीरका कुनै एक देशमा चिलायो भने आत्मा छटपटाउँछ। चिलाउनुको अर्थ हुन्छ, कुनै जीवा-णुलाई एक वेदना उत्पन्नभएर छटपटाएको हुन्छ। कुनै चोट, आघात या ज्वरादिले सन्तप्त जीवाणु परिवारको समवेदनामा विचलित सम्राट् आत्मा आफ्नो व्याकुलतालाई छिपाउन सक्तैन। प्रजावत्सल स्वराट् आत्मा आफूलाई बिर्सेर बिलकूल दुनियाँको अधीनस्थ भएको अनुभव गर्दछ। राजा आत्मा यसरी प्रजाको सुस्वास्थ्य र मन, बुद्धि-को सुमन्त्रणामा आफूलाई स्वस्थ संझेर आफ्नो सत्तामा विश्वास राख्दै जान्छ। ठीक यही स्थिति 'यथा पिण्डे तथा ब्रह्माण्डे' भन्ने न्याय अनुसार ब्रह्माण्ड अर्थात् भौतिक राज्य स्थिति पनि यसै सिल-सिलामा रहेको हुन्छ। दार्शनिक पद्धतिको राजनीतिमा सर्वतोमुखले प्रभाव परेको छ। आत्मा, नित्य, शुद्ध, बुद्ध र मुक्त छ त राष्ट्रको रङ्गमञ्चमा राजा पनि यस्तै छ। राजा राष्ट्रको आत्मा हो भन्नाले उसको राष्ट्रप्रति स्वाभाविक ममता छ र यसमा कुनै आरोपित कुरा हुन सक्तैन। राष्ट्रमा अनास्था गर्नु राजाका निमित्त आफैंमा अनास्था गर्नु हो। यति राष्ट्रमा कुनै दोष आयो भने राजा आफूमा आएको संभन बाध्य हुन्छ। यदि ठूलो दायित्व प्रजातन्त्रको राष्ट्रपतिले कदापि सम्झंदैन। दम भरेको पुतलीको खेलौनामा जो गतिशीलता छ राष्ट्र-पतिको क्रिया त्यत्तिकै मात्र हो। दम भर्ने यन्त्रको पुतलीको काष्ठदेह-माथि के ममताको लेश पनि रहन्छ ? कदापि रहँदैन। राजा एक साधारण व्यक्तिविशेष होइन। गीताको भनाइ छ 'नराणां च नराधिपः' यसको वर्णाश्रम साहित्यमा कुनै विकल्पात्मक व्याख्या पाइंदैन।

आफ्नो जीवनको पूर्ण स्वत्व सुम्पने साहस, विश्वास, जसप्रति हामीले राख्दछौं, त्यसको मूल्य के राख्नु ? राजा जुन बखत विचलित हुन्छ, त्यसबेला राष्ट्रको राजपथ पनि अँध्यारो हुन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

'अराजके हि लोकेऽस्मिन्सर्वतो विद्रुते भयात् ।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत्प्रभुः'

(मनु ७।३)

अर्थात् राष्ट्रमा राजा भएन भने मात्स्यन्यायले ठूलाले सानो-लाई खाइदिन्छ । सर्वत्र भागाभाग हुन गै हाहाकार मचिन्छ, लूट-मारको शासन चल्दछ । यो कुरा इतिहासमा एक पटक होइन, धेरै पटक घटेको पाउँछौं । राजा त्रिभुवन स्वास्थ्यसुधारका लागि विदेशमा रहेको वखत यहाँ मन्त्रीहरू पनि लूटपीट पछिलागी हाहा मच्चियो । हामी तिनीहरूको नाम नलिउँला तर इतिहासले तिनलाई धिक्कारेको छ, समाजले थुकेको छ । हुनत मरेको सर्पलाई कति घोच्ने मनले नचाहे पनि प्रसङ्ग खडा हुँदा भन्नै पर्ने हुँदोरहेछ । राणायुगलाई अराजकयुग भने हुन्छ । किनकि त्यस समयमा राजाको शासन-व्यवस्थामा केही स्थान थिएन । त्यो अराजकस्थितिमा राष्ट्र कति लुटियो यसबारे इतिहास बोल्दैछ । मन्त्रीपरिवारले उसवखतको करोडौंको सम्पत्तिले विदेशको बैंक भऱ्यो । कुनै धनीलाई लुट्ने उद्देश्यले जागिर दिने र एउटा अभियोग लगाई त्यसको सर्वस्व लिने यस्ता घटनाहरू सानैदेखि हामीले सुनेका हौं । आज राजाको सिंहा-सन फेरि कृतकार्य छ । देशको ढाँचा नक्सा अर्कै भयो । देशमा निर्माणकार्यको यति ठूलो बाढी ! राष्ट्रको प्रत्येक व्यक्ति यस विकासको लहरमा झुलेको देखिन्छ । देशको सम्पत्तिले मात्र पनि देशवासीको सुविधाका लागि देश विकासको विचार गरिएको भए हाम्रो देश पहिले नै अघि बढेको हुन्थ्यो र हामी सबैभन्दा पिछडिएका हुने थिएनौं । आज श्री ५ महेन्द्रको उदार नेतृत्वमा मिलेको देशवासीको जीवनस्तर र नयाँ निर्माणले संस्कार पाएको देशको उज्ज्वल मुखा-कृतिले युगयुगसम्म राजसत्ताको मूल्याङ्कन गर्न इतिहासलाई साधन पुऱ्याउने छ । यसबारे मेरो एक संस्कृतपद्य, जसको 'जयतु संस्कृतम्'

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding

पत्रिकामा प्रकाशन भैसकेको छ, यहाँनिर उद्धृत गरौं जस्तो लाग्यो, श्लोक यस प्रकार छ :—

'भास्वन्मौलिगमौक्तिकप्रविलसत् फुल्लारविन्दोपमं,
यच्चुम्बन्ति मधुव्रतास्तवमुखं चुम्बन्तु ते विभ्रमात्।
आस्वाद्या ननु मादृशैस्तु नृपते! निर्माणजागर्तिदा,
मृद्वीकाद्रवमाधुरीपरिहसद्वाचां विलासास्तव'

'राजा सबको साजा' भन्ने हाम्रो उखानलाई आज हामी चरितार्थभएको पाउँछौं। राजविरोधी भनिएको तत्व पनि, आफ्ना प्रजाप्रति पुत्रवात्सल्य राखिबक्सिने श्री ५ महेन्द्रबाट मुक्ति पाएर, राजकाजमा उचितस्थान पाउने आशामा रहेको छ। म गीता बनाउने व्यास ऋषि भएको भए—

'विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि
शुनि चैव श्वपाके च राजानः समदर्शिनः'

यस्तो पाठ राख्ने थिएँ।

शिक्षाको क्षेत्रमा पनि राजा महेन्द्र समानरूपको होइबक्सिन्छ। संस्कृत, अंग्रेजी र नेपाली हाम्रा देशमा चलेका यी 'शिक्षामाध्यमहरू समान संझिएकै छन्। यसमा राजाको वरदहस्त छ। विदेशबाट आएको सहयोग, यद्यपि अधिकसंख्यामा अंग्रेजीशिक्षा विकासपट्टि खर्च भएको देखिन्छ तथापि यसमा राजाको होइन शासनसूत्रको हात परेको हुनुपर्दछ। विदेशीविचार, विदेशीभाषालाई प्रश्रय दिंदा आफ्नो संस्कृति, धर्ममा बाधा पर्छ भन्ने शासनाधिकारीले ध्यान नदिएको हो कि भन्ने लाग्दछ। विदेशबाट आएको आर्थिक सहयोग अंग्रेजीको प्रचारलाई मात्र हो भने त्यो सहयोग होइन असहयोग हो। देश विकासको अर्थ हो कि देशको धर्म, संस्कृति, ज्ञान–विज्ञान, कला-कौशल र भावनालाई माथि उठाउनु। हाम्रो देशको आध्यात्मिक सिद्धान्त र धर्मलाई विकसित गर्न संस्कृतको उन्नति देशमा अनिवार्य

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

हुन्छ । विष्णुको पूजा हुँदैन भनेर देवदेवीका उपासना गर्ने भावुक समाज छैन भने मूर्तिकला, देवदेवीका चरित्रमा आधारित नाट्य-कला, ललितकलाको विकासमा गतिरोध आउँछ । वैदिक यज्ञमण्डप, यज्ञकुण्ड र यज्ञवेदीको अनुसन्धानपरम्परामा ज्यामिति (रेखागणित) र वास्तुशास्त्रको विकास भएको सर्वमान्य कुरा छ । यसै प्रकार जहाँ-तहीं समयको प्रगतिमा परिवर्तन र परिवर्धनहरू हुन्छन् तापनि केन्द्र-बिन्दुको वरिपरि मात्र कुमालेको चक्र घुम्दछ र नवीन भाँडा–वर्तन बनाउँछ ।

आज पहाड–पर्वत, नदी-नाला, गाउँगिरान, रूख-पात, बाटो-घाटो, संक्षेपमा नेपालको पृथिवी, जल, तेज, वायु, आकाश सबै अंग्रेजी-मा मुछिएको छ । तर श्री ५ महेन्द्रले यो चाहिबक्सेको जस्तो लाग्दैन । हाम्रा राजा महेन्द्र अंग्रेजीमा कविता लेखिबक्सिदैन किन्तु नेपालीमा । राजाबाट कहिलेकाहीं समस्यापूर्ति, निबन्ध लेख्ने विषय तोकि-बक्सिन्छ सो नेपाली मै रहन्छ । यी सब कुराबाट राजाको नेपाली भाषाको प्रेम स्पष्ट देखिन्छ । तर जब पूजा पाठ हुन्छन्, पुराण हुन्छ, ठूला ठूला यज्ञयाग गरिबक्सिन्छ, अनेक शास्त्रीय धर्मकृत्य, चाड-वाडमा भाग लिइबक्सिन्छ यस्तो समयमा राजाबाट वेद पुराण धर्मशास्त्रहरूको ठूलो आदर गरेको देख्दछौं । अन्ताराष्ट्रिय मामलामा या टेक्नोलजीपट्टि अंग्रेजीको उपयोग आवश्यक हुन आउँछ भन्दैमा यति विस्तार यस शिक्षाको हुनु हाम्रा निमित्त हानिकर देखिन्छ । सुरा होइन, मानवतालाई स्वर्गङ्गाको शीतलजल चाहिएको छ । सुराले धोइएको समाज रचनागर्ने वर्तमानशिक्षा-पद्धतिमा डुबेर आत्महत्या गर्न हामी सक्तैनौं । अध्यात्मरहित सुखसम्पत्ति नूनविनाको व्यञ्जन जस्तो हुन्छ । समाजको विनाशका लागि सुरासुन्दरी प्रमुख साधनमा गनिन्छन् । हामीले शिखासूत्र फ्याँक्नु पर्ने रे ! पुर्खाको आदर्शजीवनलाई उपहास गर्नुपर्ने रे ! जीवनलाई ठाँटिलो पार्न धर्म बेच्नुपर्ने रे ! यति महंगो र विनाशकारी शिक्षाप्रति हामीलाई कसले

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

फसाएको छ। हाम्रा देशवासी समाजशास्त्रीहरूले सोच्नुपर्ने र सुधार-गर्ने वेला आयो।

विकासको तिरमिरमा आँखा नदेख्ने हाम्रा पथप्रदर्शक बन्न खोजेका ठूला राष्ट्रहरू पट्टि पनि हामीले ध्यान दिऊँ। सोभियत-रूसमा हाले एउटा कानून बनेको छ, जसको अनुसार पिताविहीन सन्तान राजकोयसंरक्षणबाट वञ्चित हुन्छ। १९६७ को अमेरिकी सरकारी रिपोर्टअनुसार यति अपराध बढेको पाइन्छ कि प्रत्येक ४२ मिनेटमा एक हत्या, १९ मिनेटमा एक बलात्कार व्यभिचार, हरेक २ मिनेटमा एक घातकहमला, हरेक पौने तीन मिनेटमा पाकेटमार्नु, ४० सेकेण्डमा १ मोटरकार चोरी तथा हरेक २० सेकेण्डमा भित्तो फोरी चोर्नु भैरहेछन्। सभ्यताको शिखरमा पुगेको अमेरिकाको यो हालत छ।

पत्रपत्रिकाबाट थाहा हुन्छ, विदेशीहरू पनि यो भयंकर स्थिति-बाट डराएका छन्। हर्वर्ट डब्ल्यू आर्म स्ट्राङ्ग नामक एक सम्पादकले हालै एक लेखमा लेखेका छन्—

'हेर त दश वर्षमा दुनियाँ कतिको बदलियो। शहर बजारमा हिंडनु खतरा भयो। अलिकति घर छोड्नेबित्तिकै घरमा चोरी हुन्छ। विद्यार्थी समाज उद्दण्ड भयो, विश्वविद्यालयमा उत्पात भैरहेछ। दुःखी विवाह, तलाकप्रथाको वृद्धि, बालअपराधको वृद्धि, परिवार र कुटुम्ब-को नष्टप्राय स्थिति, घरेलु झगडाबाट आत्महत्याहरू··· मानवसभ्य-ताको जग भास्सिँदै गएको छ। आखिर सभ्यता यस्तै बढ्दै गयो भने २१ सौं शताब्दी आउन्जेल के भैसक्ला !'

साम्राज्य बन्दैछन् बिग्रंदैछन। जारको साम्राज्य खतम भयो। यूनान, ईरान र रोमको साम्राज्य धराशायी भयो। नेपो-लियनको दबदबा इतिश्री भयो। विश्वमा युद्ध, अशान्ति, भयानक आन्दोलन छँदैछ। मुसोलिनी, हिटलर, स्टालिन सबै विश्वमा शासन-

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

गर्न चाहन्थे। आखिर 'संयुक्त राष्ट्र संघ' बन्यो- १९४५ सन्मा। १९४५ देखि १९६६ सम्ममा ४० ठूलै युद्ध भए। विश्वको कल्याण कसले गर्ने ?

पश्चिमी विद्वान् डेनियल भन्ने एक महाशयले भनेको कुरा याद आउँछ। उनले भनेका थिए– 'यस्तो हाहाकारको समयमा ईश्वर स्वयं आफ्नो हातमा राजसत्ता लिएर यस्तो राज्यको स्थापना गर्नेछ जसमा मनुष्य स्वतन्त्र हुन्छ र उसमा केवल ईश्वरको दासत्व रहनेछ।' विश्वको बिग्रँदो स्थितिलाई देखेर विन्स्टन चर्चिलले भनेका थिए— यो दुनियाँ केवल त्यसैबेला समालिन्छ जब सब राज्य मिलेर एकराज्य हुन्छ। डा. औसगुड् भन्दछन्– 'अब हामीलाई विश्वसरकार नै बचाउन सक्तछ।' तर आजभन्दा १० हजार वर्ष पूर्व हाम्रो आवाज थियो– 'कृण्वन्तो विश्वमार्यम्' अर्थात् हामी विश्वलाई ईश्वरभक्ति पढाई आर्य बनाऊँ।

जीवन एक रहस्य हो, महान् रहस्य हो। यसको उत्पत्ति, घटबढ र विनाशमा मानव समाज सदैव जिज्ञासु छ। विश्वरहस्यको पत्ता लगाउन वैदिक वर्णाश्रमी समाज पनि व्याकुल थियो। युगयुगको अनुसन्धानमा उसले गरेका निरीक्षण, अनुभव, त्रुटि र विश्वासको माध्यमबाट उसले धेरै देख्यो र मनन गर्ने मौका पायो। पुरातत्व विज्ञानको अनुसार वर्णाश्रमको इतिहास लामिँदै गएको छ। वैदिक ज्योतिर्विज्ञानको परम्पराबाट लगभग २ अरब वर्ष पुराना अनुभतिहरू वर्णाश्रम संस्कृतिका दिङ्निर्देशक छन्। केवल ४०० वर्ष जतिको इतिहासको आधारमा लेखिएका मार्क्सवादको फर्मूला वैदिकसंस्कृतिका साम्ने बबा देखिन्छन्।

ब्रह्मचर्यको केन्द्रबिन्दु वैदिकवर्णाश्रम समाजको आधारशिला मानिएको छ। ब्रह्मचर्यमहिमाले मानव आयु, बल, मेधा, मुखश्री, शरीरपुष्टि, स्वास्थ्य र यश आदि अनमोल फलको अधिकारी हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

बुद्धिजीविको अगाडि यसको महत्त्व अति स्पष्ट छ। यसभित्र त्यागपूर्ण जीवनको सृष्टि हुन्छ। जीवनलाई लामो बनाउने यो एक बुटी हो। संक्षेपमा भनौं, यसभन्दा ठूलो साधन मानवजीवनको सफलताको निमित्त अर्को हुनै सक्तैन। स्त्री-पुरुष दुवै यसवाट लाभान्वित हुन्छन्। योगशास्त्रमा विशेष गरेर यसको सफलताको चर्चा गरिएको छ। बौद्ध आचार पञ्चशीलको भित्र ब्रह्मचर्यको ठूलो स्थान छ। यसमा ऐहिक सुखमात्र होइन नित्य निरतिशय–सुखस्वरूप मुक्तिको समेत उपलब्धि-गर्ने तत्व निहित छ। योगीहरू ऊर्ध्वरेता बनेर ऐहिक पारमार्थिक साधनमा सफल भएका हाम्रा इतिहासमा धेरै उदाहरण छन्। यसबाट समुचित लाभ उठाउनेमा भगवान् शङ्कर, भीष्मपितामह, हनुमान्, शुकदेव र शङ्कराचार्य आदि महापुरुष र भगवती सतीदेवी, जानकी, अनसूया, सावित्री, शाण्डिली प्रभृति महासतीहरूको नाम विशेष आदरकासाथ लिइएको छ।

ब्रह्मचर्यका तीन भेद मानिन्छन्— ऊर्ध्वरेता, योगी र ब्रह्मचारी। सनकादि तथा कपिलादि ऊर्ध्वरेतामा, भीष्म नारद आदि योगीमा र साधारण साधक ब्रह्मचारीको श्रेणीमा आउँछन्। धर्माविरूद्ध कामको सेवन गर्नाले पनि ब्रह्मचारी हुन्छ। ब्रह्मचर्यतपलाई समाजमा यथायोग संरक्षण र संवर्धन गर्ने दिशामा खडा भएको वर्णाश्रम व्यव-स्थामा भक्ष्याभक्ष्यको पालन र वर्णसांकर्यको वर्जनमा ठूलो सावधानी राखिएको थियो।

'मरणं विन्दुपातेन जीवनं विन्दुधारणात्।
तस्मादतिप्रयत्नेन कुरुते विन्दुरक्षणम्'

विन्दुपातबाट मरण र विन्दुरक्षणवाट आयुष्यलाभ हुन्छ। ब्रह्मचर्यरक्षामा आठ प्रकारका साधना वताइएको छ। यसको रक्षा-को निमित्त स्मरण, कीर्तन, प्रेक्षण, उसकासाथ खेल, गुह्यभाषण, संकल्प, अध्यवसाय र क्रिया यिनीबाट टाढा रहनु पर्दछ। अलिकति पनि ब्रह्मचर्यको पालनमा भक्ष्याभक्ष्य नियम राखिएको छ। लशुन,

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

प्याज, च्याऊ आदि अभक्ष्यमा गनिएको अर्थ हो, यी उत्तेजक हुन्छन् र शुक्रमा बाधा पुऱ्याउँछन्। मद्यसेवन महापातकमा गनिएको पनि यसको उत्तेजकता अधिक हुनाले हुनसक्छ। सामाजिकदण्ड राखेर यी सब नियम पालना गराइन्थ्यो। यस्तै वर्णसांकर्य पनि ब्रह्मचर्यव्रतको विपरीत दिशामा पर्दछ। भक्ष्याभक्ष्यको नियम र वैवाहिक नियमको उल्लंघन गरी व्यभिचारको प्रवृत्ति लिने व्यक्ति जातिवाट वहिष्कृत गरिन्थ्यो अनुलोमसांकर्य केही अंशमा क्षम्य थियो तापनि प्रतिलोम-सांकर्य अतिनिन्दित गनिन्थ्यो। सांकर्य वचाउनु राजाको ठूलो कर्तव्य संझेर नै वेदको राजाप्रति यसप्रकारको संकेत छ—

"ब्रह्मचर्येण तपसा राजा राष्ट्रं विरक्षति
ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत"
(अथर्व ११।५।१७–१६)

ब्रह्मचर्य आश्रमवाट शुरू गरेर वर्णाश्रमधर्मको उपदेश गरि-सकेपछि मनु भन्दछन्—

'ब्राह्मं प्राप्तेन संस्कारं क्षत्रियेण यथाविधि
सर्वस्यास्य यथान्यायं कर्तव्यं परिरक्षणम्'
(मनु ७।२)

अर्थात वैदिकसंस्कार पाएको क्षत्रिय राजाले यथाशास्त्र यस वर्णाश्रमधर्मको रक्षा गर्नु पर्दछ। यसै कुराको उल्लेख महाकवि कालिदासले पनि गरेका छन्—

'नृपस्य वर्णाश्रमपालनं हि स एव धर्मो मनुना प्रणीतः'

आज ब्रह्मचर्यको केन्द्रविन्दुमा फल्दै फुल्दै आएको हिन्दू-राष्ट्रमा, यस सिद्धान्तलाई ख्याल नराखी नवीन चर्वाक मत मार्क्स-वादको अन्धानुसरणमा —

'भोजनं मांसरहितं शयनं कामिनीं विना,
पादचारेण गगनं नरकं किमतः परम।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

यावज्जीवेत्सुखं जीवेद्दणं कृत्वा घृतं पिवेत्,
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ।'

इत्यादि अनादर्शमार्ग जगाउने, सुरा सुन्दरी साधन प्रस्तुत-गर्ने टोल टोलमा सर्वोच्चानन्द वाइन, ह्विस्की, र रम आदिका साइन-वोर्ड राखेर सांझ परेपछि कुलाङ्गना र कुलीनहरूलाई हिंड्ने मुस्किल हुने परिस्थिति ल्याउनेपट्टि सहयोगी हुँदै आएको आजको शिक्षा-पद्धति देशका निमित्त अभिशाप हो भन्न अनुचित नहोला । समाजको नैतिकपातलाई मोल्ने सम्पत्ति प्रश्नात्मक चिन्हमा खडा हुन्छ । गीतामा—

'संकरो नरकायैव कुलघ्नानां कुलस्य च'
'संकरस्य च कर्तास्या मुपहन्याभिमा प्रजाः'

अर्थात् वर्णाश्रमधर्म नमानेमा वर्णसंकरको समाज तयार भई एक नरक खडा हुन्छ, प्रजाको संहार हुन्छ ।

वेदमा प्रतिपादित पञ्चजनराज्यमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र निषाद यी पाँच जाति संमिलित थिए । श्री ५ महेन्द्रवाट पञ्चायतमा पनि त्यै कुरो अपनाइवक्सेको छ । यस अर्थमा आज अन्तर्जातीय, अन्तर्वर्णीय यौनसम्बन्ध चल्नथालेको कुरा पञ्चायतनीतिका प्रवर्तक श्री ५ महेन्द्रको सदिच्छाविरुद्ध हो ।

हाम्रो इतिहास संरक्षण गर्न श्री ५ महाराजाधिराजका जुनाफ-मा ब्रह्मचर्यको महत्त्ववारे बोध गराई थुनुवामा परेको ब्रह्मचर्यव्रतलाई आज शुभजन्मोत्सवको दिन अरू कैदीहरू छोडिंदा यस कैदीलाई पनि छुटाउन कोशिशगर्नु हाम्रो कर्तव्य हुन आएको सम्झन्छौं ।

'महती देवता ह्येषा नररूपेण तिष्ठति'

वर्णाश्रमीको सिद्धान्त छ, राजा नररूपमा देवता हो । यसको अभिप्राय यो हो कि जस्तो कुनै उपासक आफ्नो दुःखदर्द उपास्य देवताको संमुख राखेर कृतकृत्य हुन्छ, त्यस्तै वर्णाश्रम समाज पनि

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

राजाप्रति देवता बुद्धि राखी राजामा आफ्नो दुःखदर्द विसाउन कृत-कृत्य ठान्दछ। आजतक स्वतन्त्र वीर क्षत्रिय राजाले आफ्नो कर्तव्य संझी रक्षा गरिएको वैदिक वर्णाश्रमधर्म आज श्री ५ महेन्द्रको छत्र-छायामा रक्षा पाउन आशान्वित छ। शिखा सूत्र त्यागेर वर्णाश्रमधर्म अब संन्यास लिनपट्टि तर्खर गरिरहेछ। शक हूण आदि जातिको जस्तै इतिहास लोप हुनलागेको देखी आज संसारभरका वर्णाश्रमी हिन्दू श्री ५ महेन्द्रपट्टि फर्केर एक टकले हेरिरहेछ। आजको घडीमा संसार-भरमा हिन्दू-वर्णाश्रमधर्मको एकमात्र सम्राट् श्री ५ महेन्द्र होइ-बक्सिन्छ। यस मूहूर्तमा अष्टचिरञ्जीविको उपासनाद्वारा श्री ५ महेन्द्र-को दीर्घायुष्य चाहनुमा हिन्दू-वर्णाश्रमी समाजको ज्यादै ठूलो उद्देश्य छिपेको छ र हामी श्री ५ महेन्द्रमा दीर्घायु माला पहिराउँछौं।

[यो लेख 'मर्यादा' को दोश्रो अङ्क 'शुभजन्मोत्सव विशेषांक' मा प्रकाशनार्थ प्राप्त भएको थियो। तर समयको कमीले गर्दा हामीले त्यस बेला प्रकाशित गराउन सकेका थिएनौं। अहिले यहाँ प्रस्तुत गरेका छौं। — सं. मण्डल]

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

बूढानीलकण्ठ

—प्रा० हरिनाथ उपाध्याय ढुङ्गेल

काठमाडौं राजधानीदेखि करीव २½ कोश उत्तरतर्फ मृगेन्द्रशिखर (सिंहाचल) को रमणीय उपत्यकामा 'बूढानीलकण्ठ' भगवान्को शेषशायी मनोहर विशाल पाषाणमय भव्यमूर्ति एक सानो सुन्दर पोखरीमा विराजमान छ। जसको महिमा नेपालमा विशेषतः प्राचीनकालदेखि नै चली आएको हुँदा दर्शनीय छ। प्रतिदिन दर्शनार्थीहरूको आवागमन चलिरहेकै छ तापनि कार्तिक, वैशाख पुरुषोत्तम महीनाहरूमा त असंख्य अपार दर्शनार्थीहरूको भीडले मेला भर्दछ।

यो प्राचीन मूर्ति हो। स्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यमा त द्वापरयुगको अन्त्यमा चन्दनागिरि र कूर्मगिरि (चोभार) का राजा महेन्द्रदमनकी छोरी प्रभावतीसंग आफ्ना छोरा प्रद्युम्नको नारदको लमीकामबाट गान्धर्वविवाह हुँदा महेन्द्रदमनको र प्रद्युम्नको घोरघमासान युद्ध भयो र नारदजीकै खबरबाट छोरा प्रद्युम्नको सुरक्षाको निमित्त नेपाल आउनुभएको स्वयं कृष्णभगवान्ले विपक्षी हंसध्वजबाट पराजित भएका सूर्यकेतु राजाले मृगेन्द्रशिखरको उपत्यकामा स्थापना गरिएको यो शेषशायी नारायणमूर्तिको प्राणप्रतिष्ठा गर्नुभएको हो भन्ने पनि लेखिएको छ।

मृगेन्द्रशिखरको उपत्यकामा रहेको त्यो प्राचीनमूर्ति अतिवृष्टि आदि प्राकृतिक प्रकोपले गर्दा पहिरोले पुरिई बखत बखतमा तिरोभाव र उत्खनन आदिबाट आविर्भाव भएको विषयमा ऐतिहासिक लेख र किंवदन्तीहरू अनेक देखिन्छन र सुनिन्छन। कालान्तरमा त्यो प्राचीन

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

विष्णुमूर्ति पहिरोले पुरिई बेपत्ता नै भएछ र विक्रम सातौं शताब्दीको अन्त्यतिर विष्णुगुप्तले त्यसै ठाउँमा पहिलेको जस्तै शेषशायी विष्णुको पाषाणमय विशालमूर्ति स्थापनागरी पूर्ववत् तीर्थस्थान कायम गराएका हुन्।

तर त्यो जे होस्। कसले कहिले स्थापना गरेको हो भन्ने ऐतिहासिक विषय मैले यहाँ लेख्न खोजेको होइन। मैले प्रस्तुत गर्न खोजेको विषय के हो त भने यिनलाई बूढानीलकण्ठ किन भनेको हो? र यी भगवान् विष्णु हुन् कि अथवा सदाशिव महादेव हुन्?।

यस विषयमा सर्वसाधारण जनताको त के कुरा, विद्वज्जनहरूको पनि व्यामोहद्वारा विभिन्न धारणा र तर्कहरू सुनिन्छन्। यसै विषयमा शास्त्रीय वास्तविक रहस्य उद्‌घाटन गरी भ्रममूलक तर्क र धारणाको निवारण गरी झल्याँस्स गराउनु नै मेरो जडलेखनीको परम उद्देश्य हो।

यिनको प्रसिद्ध नाम छ 'बूढानीलकण्ठ'। यो नाम सुन्नासाथ सर्वसाधारणको हृदयमा एक्कासी झल्किहाल्दछ कि, यी हुन् समुद्रमथन गर्दा निस्केको कालकूट विषपानगर्दा विषले दग्ध भएर 'नीलकण्ठ' बनेका, विषको दाहजन्य असह्य वेदनाशान्तिका निमित्त पोखरीको ठण्डा पानीमा सुतेका महादेव। जस्तो गोसाइँस्थानको पोखरीको ठण्डा पानीमा सुतेका महादेवलाई 'नीलकण्ठ' महादेव भन्दछन्।

तर दर्शन गर्न जाँदा शङ्ख चक्र गदा पद्म धारणा गरेका, चतुर्बाहु, शेषशायी नारायण विष्णुको मूर्ति प्रत्यक्ष देखिन्छ। यसरी नाम र रूपमा वैलक्षण्य देख्दा शिक्षित विद्वज्जनहरूको हृदयमा शङ्का उठिहाल्दछ कि, यी 'बूढानीलकण्ठ' कसरी हुन्? यी त प्रत्यक्ष शङ्ख चक्र गदा पद्मधारी चतुर्बाहु शेषशायी विष्णु नै हुन् भन्ने यस्तो निश्चय गर्दछन् तापनि यिनलाई 'बूढानीलकण्ठ' किन भनेको हो? विष्णुको 'बूढानीलकण्ठ' नाम कसरी रह्यो? भन्ने विषयको जिज्ञासा र साथै सोधपुछ गर्न र पुराण इतिहास आदि हेरी पत्तो लगाउन सकिन्छ कि भन्ने मानसिक सकसकी पनि पैदा भैहाल्दछ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

मलाई पनि यस विषयमा शङ्का पैदाभई बूढापाकाहरूसँग सोधे पत्ता लाग्दछ कि भनी सोधपुछ गर्न थाले, कसैले केही कसैले केही जवाफ दिए। तर कसैबाट पनि हृदयमा सन्तोष लाग्दो र पत्यार पर्दो उत्तर पाइएन।

एकजना कल्पनाशील तात्कालिक ओठे जवाफ दिन सिपालु बूढाले धेरै वर्ष अगाडि जवाफ दिएका थिए। त्यहाँ पहिले एउटा नीलकण्ठ नाम गरेका बूढा पूजारी थिए। ती केटाकेटीहरूलाई फुक-फाक गर्न र आखत हेरी प्रश्नोत्तर बताउन पनि सिपालु थिए। अनि धेरै नरनारीहरू नीलकण्ठे बूढाकहाँ फुकफाक गर्न र हेराउन जाने गर्दथे। अरूले कहाँ जाने ? भनी सोधेमा बूढानीलकण्ठकहाँ जाने भन्थे। कालान्तरमा हुँदा हुँदा त शेषशायी नारायणलाई नै 'बूढा-नीलकण्ठ' भनी सम्झन थाले। त्यसै कारण 'बूढानीलकण्ठ' भन्ने परम्परा चली आएको हो इत्यादि।

तर यो अक्कलपट्टु जवाफ मात्र हुँदा मेरो हृदयमा सन्तोष र पत्यारले अलिकति पनि डेरा जमाउन सकेन। अनि अरू बूढापाका विद्वान्हरूसँग सोधपुछ गर्दा पत्तो लाग्दछ कि भनी सोधपुछ गर्न थालें। धेरैजसोले 'अँहँ' भन्ने नै जवाफ दिए। कुनै एक दुई बूढाले चाहिं 'त्यो हरिहरको मूर्ति हो' किनभने जब महादेवले विषपान गर्नु-भयो, अनि विषको दाह सहन नसकी शेष र जल ठण्डा हुँदा शान्ति-का निमित्त हरिहर (विष्णु र शिव) को रूप लिई शयन गर्नुभयो। त्यही अवस्थाको हरिहर मूर्तिको अनुकरण स्वरूप यो हो। जो हातमा कमल जस्तो देखिन्छ, त्यो कमल होइन, किन्तु त्यो विभूतिको डल्ला हो। अत एव विभूति हातमा भएको अंशपट्टि छातीमा जलहरी राखी रुद्री गर्ने चलन पनि चली आएको छ इत्यादि।

यस कुराले पनि मेरो हृदयमा प्रत्यक्ष विरोध भएको हुँदा पत्यारको अंकुर टुसाउन सकेन। किनभने अन्यत्र सर्वत्र हरिहर मूर्तिको

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

चतुर्बाहुमा शङ्ख चक्र र त्रिशूल डमरू, अथवा गदा पद्म र परशु वर अभयमुद्रा, कहीं क्रम फरक पर्न गए तापनि पूर्वोक्त चिह्नहरू नै धारण गरेको देखिन्छ। आगमको अनुसार पनि त्यसै हुनुपर्दछ। यहाँ हर अंशको परिचायक चिह्न केही पनि छैन। अन्यत्र जस्तै कमलकुड्मलाकार चिह्न हातमा देख्दादेख्दै त्यसलाई विभूतिको डल्ला हो भनी कसरी कल्पना गर्ने र पत्यार गर्ने ? अतः यो हरिहरको मूर्ति हो भन्न पनि सकिएन। फेरि कोही एक तन्त्रमतानुयायी विद्वान्ले मलाई भन्नु भएको थियो। हामीहरूले त भैरवरूपले उपासना गर्ने गरेका छौं। कारण हातमा विभूतिको डल्ला, ललाटमा तृतीयनेत्रको आकार, गलामा र पाउमा भैरवले लगाउने गहनाहरू पनि देखिएको छ। तसर्थ हामीहरूले भैरवरूपले नै उपासना गर्ने गरी आएका छौं इत्यादि। यसले त झन् मेरो हृदयमा कत्ति पनि असर गरेन।

मेरो जिज्ञासा पूर्ति नभएकोले मनमा सकसकी रही रह्यो। अनि पुराण इतिहास आगमहरूमा खोजी गर्न थालें। स्कन्दपुराणान्तर्गत हिमवत्खण्ड नेपालमाहात्म्यको क्षेत्रप्रदक्षिणाविधिको वर्णनप्रसङ्गमाः—

'बुद्धं प्रदक्षिणीकृत्य ततो विष्णुमतीं व्रजेत्।
विष्णुमत्यां नरः स्नात्वा संतर्प्य च पितामहान्।
लुण्ठिकेशं ततो गच्छेत् यत्रास्ते भगवान् हरिः।
अधस्तात् पर्वतस्यैव भोगिभोगासनस्थितम्।
नरो नारायणं दृष्ट्वा मुच्यते सर्वकिल्बिषात्॥'

यो लेखिएको देख्दा लुण्ठिक भन्ने त्यस ठाउँको नाम रहेछ, अथवा त्यहाँ लुण्ठिकेश नामक महादेव पनि रहेछन्। अनि त्यसै ठाउँमा सूर्यकेतु राजाले स्थापना गरिएका शेषशायी नारायणको नाम लुण्ठिकेश नारायण रह्यो होला, पछि कुनै अवस्थामा त्यहाँ बुद्धको चैत्य वा विहार पनि बन्यो होला, अनि त्यस ठाउँमा रहेका नारायणको

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

नाम बुद्धलुण्ठिकेश नारायण रह्यो होला, कालान्तरमा पछि पछिका मानिसहरूलाई शब्दार्थमा संशय हुँदा अक्कलपट्टु संशोधन र संस्कृतीकरण गरी 'बूढानीलकण्ठ' नारायण भन्न थाले होलान् ; त्यसैकारण 'बूढानीलकण्ठ' भनेको हो कि ? भन्ने पनि मनमा तर्क उठ्यो। तर त्यसलाई पनि प्रामाणिकता दिएर हृदयमा प्रतीति र संतोष हुन सकेन। अनि वैष्णवागम हेर्न थालियो र वास्तविक रहस्य पत्तो लागेजस्तो भयो।

वास्तविक रहस्य के रहेछ त भने यो निगम र आगमकै अनुसार अनादि अजन्मा शेषशायी नारायण विष्णुकै मूर्तिमा 'बूढानीलकण्ठ' भन्ने नामकरण हुन गएको रहेछ।

यस विषयमा दृष्टान्त र प्रमाण :— जस्तो महादेव पहिले स्वभावतः श्वेतवर्णका हुनाले 'शितिकण्ठ' भन्ने उनको नाम पनि रह्यो। महादेवको ध्यानमा—

"कर्पूरगौरं करुणावतारं संसारसारं भुजगेन्द्रहारम्।
सदा वसन्तं हृदयारविन्दे भवं भवानीसहितं नमामि ॥१॥
ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं
रत्नाकल्पोज्ज्वलाङ्गं परशु मृगवराभीतिहस्तं प्रसन्नम्।
पद्मासीनं समन्तात् स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥"

कर्पूरगौरम्=कपूर जस्तो गोरो वर्ण भएका, रजतगिरिनिभम्=चाँदीको पहाड जस्ता सेता वर्ण भएका महादेवको ध्यान र नमस्कार गरिएको छ। अतएव श्रुतिमा पनि "नमो नीलग्रीवाय च शितिकण्ठाय च नमः कपर्दिने" भनी महादेवको स्वाभाविक नाम 'शितिकण्ठ' र विषपान गरेपछि 'नीलकण्ठ' भन्ने पनि नाम रहेकोले दुवै नामबाट स्तुति नति गरिएको छ।

त्यस्तै विष्णुको ध्यानमा :—

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम् ।
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानगम्यं
वन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम् ॥
मेघश्यामं पीतकौशेयवासं श्रीवत्साङ्कं कौस्तुभोद्भासिताङ्गम् ।
पुण्योपेतं पुण्डरीकायताक्षं विष्णुं वन्दे सर्वलोकैकनाथम् ॥
हरिचन्दनलिप्ताङ्ग इन्द्रनीलसमप्रभः ।
शङ्खचक्रगदापाणिर्देवगन्धर्वपूजितः ।
आरुरोह गरुत्मन्तं भगवान् मधुसूदनः ॥
अतसीकुसुमोपमेयकान्तिः ... ...॥
नीलाम्बुजश्यामलकोमलाङ्गं .... ॥

इत्यादि स्थलमा गगनसदृशं, मेघवर्णं, मेघश्यामं, इन्द्रनील समप्रभः, अतसीकुसुमोपमेयकान्ति, नीलाम्बुजश्यामकोमलाङ्ग इत्यादि विशेषणबाट विष्णु स्वभावतः नीलवर्णका हुनाले 'नीलकण्ठ' भन्ने पनि उहाँको स्वाभाविक नाम रह्यो । पछि 'श्वेतमाधव' को अवतार भएपछि 'शितिकण्ठ' नामले पनि स्तुति गरिन थाल्यो ।

पुराणको अनुसार दक्षिण समुद्रको किनारमा 'श्वेतमाधव' को अवतार भएको हो । रामेश्वरमा श्वेतमाधवको दर्शन पाइन्छ । श्वेतमाधवकुण्डमा स्नान गरी दर्शन पूजा सकेपछि त्यस ठाउँमा गयाविष्णुपादुकामा जस्तै श्राद्ध गर्ने चलन रहेछ । दक्षिणप्रान्त रामेश्वरतर्फ संकल्प पढ्दा 'बौद्धावतारे' भनिंदो रहेनछ, किन्तु त्यसको बदला 'श्वेतमाधवावतारे' भनी संकल्पगर्ने चलन रहेछ । श्वेतमाधवावतार विष्णुको ध्य नचाहिं यस प्रकारको रहेछ :—

"विष्णुं शारदचन्द्रकोटिसदृशं,शङ्खं रथाङ्गं गदा-
मम्भोजं दधतं शिताब्जनिलयं कान्त्या जगन्मोहनम् ।
आबद्धाङ्गदहारकुण्डलमहामौलिं स्फुरत्कङ्कणं
श्रीवत्साङ्कमुदारकौस्तुभधरं वन्दे मुनीन्द्रैः स्तुतम् ॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

शितिकण्ठं त्रिलोकेशं वन्दे विष्णुमभीष्टदम्" ....इत्यादि ॥

एतावता महादेवलाई पहिले 'शितिकण्ठ' र पछि 'नीलकण्ठ' भने जस्तै, विष्णुलाई पनि पहिले 'नीलकण्ठ' र पछि 'शितिकण्ठ' भनिंदो रहेछ भन्ने कुरा वैष्णवागमबाट स्पष्ट भएको छ। यस विषयमा २०१६ सालमा तीर्थयात्रा गर्दा रामेश्वरका एक वृद्ध विद्वान् निगमागमज्ञ पण्डितजीसंग मेरो छलफल भएको थियो। उहाँले अरू अनेक प्रमाणबाट मेरो धारणाकै अनुकूल समाधान गरिदिनुभएको थियो।

अब 'बूढा' यो विशेषण कसरी रह्यो त भने — अनादि अजन्मा पुराणपुरूष नारायण विष्णुको शेषशायी मूर्तिलाई 'बूढानीलकण्ठ' नारायण र सादि जन्मवान् देवकी वसुदेवका पुत्र नन्द यशोदाका बाला कृष्ण भगवान्‌को विष्णुरूप मूर्तिलाई चाहिं 'बालाज्यू' भन्ने परम्परा चली आएको हो। ब्रह्मवैवर्तपुराणको अनुसारचाहिं राधाको गर्भज डिम्भलाई 'बालाज्यू' संझेको देखिन्छ। अत एव नेपालमा 'बालाज्यू' काशी पञ्चगङ्गामा 'बालाजी' दक्षिणभारत वेङ्कटाचलमा 'तिरुपति बालाजी' को मूर्ति र महिमा छ। त्यस्तै नेपाल मृगेन्द्रशिखरको उपत्यकामा चाहिं 'बूढाज्यू' को मूर्ति र महिमा छ। भारततिर पनि पुरानो विशाल मूर्ति र लिङ्गलाई 'वृद्ध' भन्ने चलन रहेछ। जस्तो उज्जैनमा महाकालेश्वरको दक्षिणतर्फ केही पर वृद्धमहाकालेश्वरको पुरानो विशाल लिङ्ग छ। त्यस्तै हरिद्वार नीलगिरिमा नीलग्रीवेश्वरभन्दा पूर्व माथि केही पर वृद्धनीलग्रीवेश्वरको पुरानो विशाल लिङ्ग छ। त्यस्तै यहाँको पुरानो विशाल नारायणमूर्तिलाई वृद्ध (बूढो) भन्ने संज्ञा दिइएको हो। यो परम्परागत चलन हो। यसमा किन कसरी भन्ने शङ्का आपाततः अविचारबाट मात्र हुन गएको हो।

यसमा शङ्कास्पद विषय केही छैन। विद्वान्‌हरूले जान्नुभएकै कुरा हो तापनि 'दशमस्त्वमसि' वाक्यले जस्तै मैले यो भ्रमनिराकरण मात्र गरिदिएको हुँ।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

अब त्यहाँ रूद्री गर्ने चलन कसरी भयो त भने—

"यो हरिं हररूपेण हरं च हरिरूपिणम् ।
यः पश्यति स एव स्याद् वैष्णवः शैव एव च ॥
हरौ हरे च ये भेदं कुर्वन्ति मनुजाधमाः ।
पाखण्डिनो वेदवाह्यास्ते वै निरयगामिनः ॥"

अर्थात् विष्णुलाई शिवरूप र शिवरूपलाई विष्णुरूप जसले देख्दछ, त्यो नै सच्चा सच्चा शैव र सच्चा वैष्णव हो। भेद देख्नेचाहिं वेदवाह्य पाखण्डी हुन्, तिनीहरू निश्चय नै नरकमा पर्दछन् भनेको हुनाले विष्णुलाई पनि शिव भावना गरी रुद्री गर्ने चलन चली आएको हो। अथवा पाटनको प्रसिद्ध कृष्णमन्दिरका कृष्णको माथि 'भक्तवत्सलेश्वर' महादेव स्थापना गरिएको हुँदा रुद्री गरेजस्तै लुण्ठिकेशलिङ्गको माथि स्थापना गरिएका विष्णुको मूर्तिमा रुद्री गर्ने चलन चली आएको हो भनेमा पनि केही आपत्ति छैन।

यदि विषपान गरेर मात्र महादेवको 'नीलग्रीव' 'नीलकण्ठ' भन्ने नाम रहन गएको हो, विषपान नगर्नेको चाहिं 'नीलकण्ठ' नाम रहनै सक्तैन; भन्ने हो भने भैरवस्तोत्रमा—

"नीलग्रीवमुदारकौस्तुभधरं शीतांशुखण्डोज्ज्वलम् ।
वन्धूकारुणवाससं भयहरं वन्दे सदा भैरवम् ॥"

यस्तो लेखिएको छ। भैरवले मदिरा वाहेक विषपान गरेको कथा पुराणहरूमा पाइँदैन; अव उनको नाम नीलग्रीव कसरी रह्यो त ? यसकारण सर्वाङ्गशरीरको वर्णबाट 'नीलकण्ठ' नामकरण आगमज्ञहरूले गरिआएका रहेछन् भन्ने स्पष्ट देखिएको छ।

बूढानीलकण्ठको दर्शन गर्न गएका भूतपूर्व भारतीय राजदूत महामहिम भगवान् सहायको मनमा पनि संशय पैदाभई विद्वान्हरूसंग सोधपुछ गर्न पठाउनु भएको थियो रे। तर बूढो नीलकण्ठ नामक पूजारीको नामबाट विष्णुको त्यो नाम रहन गएको हो भन्ने नै जवाफ

epal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fundi

पाउनु भएछ । त्यसबाट संशय नहटी आश्चर्य मान्नु भएको थियो रे। त्यसकारण "बूढो मऱ्यो, कुरो सऱ्यो" हवोस् भन्नाका निमित्त यो लेख्ने प्रयास गरेको हुँ । "कायेन वाचा… … … … नारायणायैव समर्पयामि" गर्दछु । इत्यलम् ।

शास्त्रानुसन्धान परिषद्को मूल उद्देश्यसंग मेल खाने अनुसन्धात्मक लेखहरू पठाई 'मर्यादा' लाई सहयोग गर्नु होस् ।

—सम्पादक मण्डल

'मर्यादा' मा विज्ञापन दिएर लाभ उठाउनुहोस् ।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

आदर्शजीवन

—प्रा० रामचन्द्र पौडेल

परमेश्वरबाट सृष्टि भएका जलचर स्थलचर नभश्चरहरूमा आफ्नो केही न केही विशेषता त छँदैछ, त्यसमा पनि जसको जीवन-चर्यालाई देखेर अरूहरू पनि जुन जीवनको प्रशंसा गर्दछन् अथवा आफ्नो जीवन त्यस्तै बनाउने इच्छा गर्दछन्, प्रयास गर्दछन्, जुन जीवन अरूहरूले अनुकरण गर्न लायक छ अथवा अरूहरूमा छाप पार्दछ त्यो जीवनलाई आदर्शजीवन मानिन्छ।

जस्तै– "अन्तः संज्ञा भवन्त्येते सुखदुःखसमन्विताः" यो मनुको उक्ति अनुसार अन्तश्चेतन भएको वृक्षलाई नै लिउँ जसले आफ्नो सारा जीवन अथवा अवयवहरू भनौं परोपकारमा नै लगाइ राखेको छ; छाया बहारी फलफूल काठ दाउरा पात हाँगा आदिद्वारा घामले लस्त परेका, वर्षाले चुटिएका, गरमले मुख सुकेका, देवताको पूजा गर्ने अथवा सुगन्ध लिन चाहने, वास बनाउने, भात पकाउने, पतकरबाट मल बनाउने, वास वसने आदिलाई सँधै उपकार गरेकै हुन्छ। त्यस्तै प्राणीमा उत्तम भएको मानवले पनि एकपल्ट अवश्य छोड्ने पर्ने शरीरको लालनपालनमा मात्र समय नबिताई तन मन धन र वचनद्वारा आर्काको उपकार आदि सदाचारमा तत्पर भई शास्त्रको नियम अनुसार आदर्शमयजीवन अपनाउन आवश्यक छ।

हामी हिन्दुजातिले ईश्वरलाई र पुनर्जन्मलाई मानेका छौं र साथै हाम्रा पूर्वज प्रातःस्मरणीय ऋषि-महर्षिहरूले भाविमानवको कल्याणकारी बाटो पहिल्याउनाका निमित्त आजीवन तपस्या गरे। त्यसबाट दिव्यदृष्टि सम्पादन गरी भूत वर्तमान भविष्यत् तीनैकालका

epal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fundi

विषयहरूको ज्ञान प्राप्त गरे। त्यसैबाट पछिका सन्तान हामीहरूलाई अहिले आदर्शमय जीवन र पछि परमपुरुषार्थ प्राप्तगर्न धेरै बाटाहरू बनाइ दिए। हामीले गर्नुपर्ने नियमहरू बताए। त्यसमा पनि सत्य त्रेता द्वापर कलि युगमा मानवजातिको ज्ञान बल वीर्य आयु आदि क्रमैले कम हुँदै जाने हुनाले युगयुग अनुसारको मानवले गर्नुपर्ने विधि-विधानहरू यथार्थरूपले निर्णय गरिदिए। जसलाई हामीहरू शास्त्र भनी आदरको दृष्टिले हेर्दछौं। ती विधानहरूलाई हामीहरूले श्रद्धा र विश्वासपूर्वक पालन गरेमा हाम्रो जीवन जरूर आदर्शमय बन्दछ, यसमा सन्देह छैन।

आदर्शजीवन भएका स्वेच्छाचारी पुरुषको हृदयमा काम क्रोध लोभका विकार भएका ईर्ष्या द्वेष स्वार्थ आदिले ज्यादै उधुम मचाइ-रहेको हुन्छ, त्यो मानिसले दूषित वासनाले दन्दनाइरहेको असन्तोषको ज्वालाबाट आफूलाई सुरक्षित राख्न सक्तैन। सारा इन्द्रियहरूको पाशविक वृत्तिहरूलाई वशगर्न नसकी आफू इन्द्रिय र मनको दास बनेको हुन्छ। बाहिर तर्फ स्वच्छन्द फिंजिइराखेका मनका वृत्तिहरू-लाई भित्र तर्फ केन्द्रितगर्न सकेको हुँदैन। त्यस्तो जीवन परबाट अरूले देख्दा राम्रै देखिए पनि उसको आत्मामा शान्ति नहुनाले दुःखमय जीवन हो। मानिसको खास खास जीवन त्यसैलाई भनिन्छ जो थोरै समयको भए पनि ज्ञान धन कीर्ति विनय आदि उच-गुणले पूर्ण भएको हुन्छ र जसको जीवनमा धेरै प्राणीको जीवन आश्रित हुन्छ ॥

जबसम्म मानिसले असत्यभाषण असत्यव्यवहार असद्-भावना तर्फ मन लगाएको हुन्छ, अर्थात् यी खराब विषयबाट मनलाई हटाउनु पर्दछ भन्ने सद्विचार तर्फ मन झुकेको हुँदैन त्यहाँसम्म मनको व्यापार कलुषित नै रहन्छ र आफ्नो अमूल्य मानवजीवनको महत्व बुझ्ने चेष्टा पनि नगरी त्यसै अलमलिइरहेको भन्नुपर्दछ। जब मानिसको सज्जनसँग सम्पर्क रहन्छ अनि उसको आचरण व्यवहार

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

नियम आदिको छाप त्यसमा पर्न थाल्दछ, सदाचारको महत्व बुझ्न लाग्दछ, अनि उसलाई पनि सदाचारमा प्रवृत्तहुने प्रेरणा मिल्दछ र आदर्शमयजीवनमा पाइला राख्तछ। अन्तस्करणमा केही प्रकाश फैलिन लाग्दछ, मनमा शान्ति र आनन्दको आभास पर्न थाल्दछ अनि अन्तस्करणमा शोक मोह भय क्रोध अशान्ति आदिका आसन डगमगाउन थाल्दछन्। अर्थात् यिनीहरूलाई हटाउने तर्फ मानिसको प्रवृत्ति बढ्दै जान्छ र अन्त्यमा उसको जीवनको कायापलट हुन्छ। यसरी सदाचारी बनेका उदाहरणहरू प्रशस्त पाइएका छन्। अतः आदर्शमय जीवन बनाउन सदाचारी सज्जन पुरुषहरूको सङ्गत परमावश्यक छ। परन्तु आजकाल संसारमा मानवको जीवन सङ्घर्षमय छ। असन्तोष अधैर्य निराशा उद्वेग द्वेष आदिले मानिसको अन्तस्करण खलबल्याइ दिएको छ। कर्तव्याकर्तव्यको विचार हुन छाडेको छ।

हामी मानवका निमित्त सन्तोष नै अमृत हो, त्यसले हाम्रो विषयवासनारूपी विषलाई पचाइदिन सक्तछ। सन्तोषरूपी अमृतको पानगर्ने मानिस सानो दूधेबालखको जस्तो आनन्दमा रहन सक्तछ। त्यो बालखको अनुहार हेर्दैमा ऊ आनन्दमा मग्नभएको हामी अनुभव गर्दछौं र उसको त्यो आनन्दमय अवस्थामा लोभिन्छौं। सन्तोषी हुन सक्नु ठूलो कुरा हो। असन्तोषको फेरमा परेर मानवले अमूल्य स्वास्थ्यलाई नै गुमाएको छ। असन्तोषले भित्रभित्रै शरीरलाई जलाएर खोक्रो पारिसकेको हुन्छ।

आफ्नो गच्छे अनुसार भएको धन सम्पत्ति आदिमा सन्तोष गर्नुपर्दछ। आफ्नोभन्दा धेरै धन-सम्पत्ति भएका मानिसहरूको रोबरवाफ ढाँचा आदिलाई देखेर डाह गर्नु हुँदैन। तर कीर्तिहुने, देशको गौरव राख्ने, ज्ञान बढाउने आदि असल कुरामा त भै गयो कहाँ दुःख गर्ने भनेर सन्तोष लिन पनि हुँदैन; हडबड गरेर तँछाड मँछाड पनि गर्नु हुँदैन। धैर्यपूर्वक आफ्नो सामर्थ्य अनुसार लागि-

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

रहनु पर्दछ। पानीको एक एक थोपा खसेर पानीको गाग्रो भरिए जस्तै निरन्तर लाग्नाले कार्य सफल हुन्छ[१]।

एकान्तमा बसेर प्रार्थना स्तुति ध्यान पूजा-पाठ आदि धार्मिक-जीवनतर्फ मात्र लागेर आदर्शजीवन बनाउने एक बाटो छ। सबै प्राणीहरूमा प्रेम राखी तन-मन-धनले दीन दुखी रोगीहरूको सेवामा तत्परहुनु, मातृभूमिको उन्नतिमा दत्तचित्त भई द्वेष कलह वैमनस्य असत्य आदिलाई त्याग्दैजाने अर्को बाटो छ। यी दुई बाटामा दोस्रो बाटो पहिल्याउँदा केवल आफ्नो मात्र उन्नति नभएर जनताजनार्दनको उपकार र देशसेवा पनि राम्रो तरहले हुनसक्तछ। आफ्नो स्वार्थ-भन्दा परोपकारको महत्ता बुझ्नुपर्दछ, यसका निमित्त राम बुद्ध आदि आदर्शपुरुषहरूको जीवनचरित्र संझनुपर्दछ।

दुःखको कुरा यो छ कि प्राचीन ऋषिमहर्षिहरूको निःस्वार्थ-जीवन आर्यहरूको संस्कृति, आफ्ना राष्ट्रका विभूतिहरूको चरित्र, पूर्वजहरूको आदर्शमयजीवन पवित्र आचरण, उच्चविचार, धर्मपरम्परा, मान्यजनको महत्ता, राष्ट्रियताको महत्व आदिको बोध गराउने हिन्दु-जातिका परमपवित्र गीता उपनिषद् रामायण महाभारत आदि ग्रन्थ-हरूको अध्ययन अध्यापन परम्परा छैन, जुन ग्रन्थहरूको अनुशीलन गर्नाले हामीलाई आफ्ना कर्तव्यहरूको पूरापूर ज्ञान हुन सक्तछ। यी सबै कुरा आला-काँचा बालखहरूको मस्तिष्कमा छाप पारि-दिने गुरुहरू अथवा बाबु आमा दाजु दिदी आदि घरका मान्य-जन हुन्। उनीहरूमा नै यी कुराहरूको विचार हुन छोडेको छ। किन-भने हाम्रो शिक्षाप्रणाली धेरै समय अगाडिदेखि पाश्चात्य साँचामा ढालियो, आफ्नो धर्म संस्कृति परम्परा आदिलाई कुठाराघात गर्ने शिक्षा चल्यो। यसबाट हामी पाश्चात्य रङ्गमा रङ्गियौं, हाम्रो जीवन

---

१ जलबिन्दुनिपातेन क्रमशः पूर्यते घटः।
स हेतुः सर्वविद्यानां धर्मस्य च धनस्य च॥ नीतिशास्त्र।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

विलासमय हुनलाग्यो, र हामीले आफूलाई चिन्न छोड्यौं। यही हाड मासु छाला रगत बोसो आदिको पिण्ड भएको पाञ्चभौतिक अर्थात् पृथ्वी अप् तेज वायु आकाशबाट बनेको यही अनित्य शरीरलाई नै म भन्ने भावना हुँदै आयो।

यो दुर्लभ मनुष्यचोला खालि अहिले मोजमज्जा उडाउन मात्र भगवानले दिनुभएको होइन, शरीर छोडेपछि अर्को जन्ममा अनन्त-सुख प्राप्तिगर्नाका निमित्त हो, पछिको बाटो विचार गर्नुपर्दछ; पछिलाई सामल जम्मा गर्नुपर्दछ। अहिलेको तीतो पछिको मीठो असल, भन्ने भावना रहेन। हुन पनि पुनर्जन्ममा नै आस्था नराखेपछि पछि पछिको कुरा नै हरायो। होइन पछिको कुरा त छोडिदिउँ, यसै जन्ममा पनि राम्रो आचरण भएको असल काम गर्ने मानिसको आदर कदर भैहाल्छ भन्ने संझेर असल आचरणमा मानिस लाग्न सक्नेछ भन्न पनि सन्देह गर्न लागे। कारण जो मानिस भए नभएको कुरा मिलाई अधिकारीवर्गमा विश्वास दिलाउँछ, अगाडि बकुल्लाभगत बन्नसक्तछ पछाडि मौका परेमा बकुल्लाले माछालाई सलक्क निलेजस्तो गरेर राष्ट्रको हानि-नोक्सानीलाई एकातिर पन्छाई कानून र अरूको आँखा बचाई लक्ष्मीको प्रिय बन्न हिचकिचाउँदैन। जो माथिल्ला तहका अधिकारीहरू संग साँठ-गाँठ हेलमेल राख्न सिपालु छ, नयाँ रीति-रिवाज मिलाएर दिग्बन्धनगर्न सक्तछ। त्यो योग्य ठहरिन्छ, त्यसको कदर हुन्छ र उसको गण्यमान्यमा गणना हुन्छ। खास-खास मर्यादावान् इमान्दार सत्यनिष्ठ देशभक्त मानिस त हाँसको बथानमा बकुल्ला जस्तो भएर हंस्सीमा उड्दछ।

यस्तो संसारको वातावरण आयो। अब के गर्ने ? गतानुगतिकमा वहने अथवा सत्यमा अटल आस्था राख्ने ? पहिले त यसैको एक निर्णयमा पुग्नपर्ने भयो। वास्तवमा पुनर्जन्म मानोस् वा न मानोस् आदर्शमय जीवनमा रहनाले नै कल्याण छ, किनभने असत्यव्यवहार-बाट गण्यमान्य गनिएको व्यक्ति थोरै समय मात्र फलेफुलेको हुन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

अन्यायले कमाएको संपत्ति जरूर स्थिर हुँदैन. यसको उदाहरण हामीले प्रशस्त देखेका छौं। पछि त्यो व्यक्ति सबैले आदरदृष्टिले हेरिने हुँदैन। हो, सत्यको कसीमा जाँचिन समय लाग्दछ, तर अन्त्यमा सत्यको विजय हुन्छ। भगवान्‌ले पनि गीतामा भन्नुभएको छ– "बाबु अर्जुन! असलकाम गर्ने कुनै पनि मानिस दुःख पाउँदैन"[२] आदर्शमय जीवनको परिणाम असल हुन्छ यसमा सन्देह छैन, खालि त्यति समयसम्म धैर्यगरी रहन सक्नुपर्दछ। मनलाई संयमगर्न सक्नुपर्दछ। मनलाई संयम गर्न साधारण तरिकाले सकिंदैन, विश्वास र उत्साहको ज्यादै आवश्यकता पर्दछ।

धेरै मानिसहरू जति गरेपनि मनलाई वशमा राख्न सकिंदैन, यस जुनिमा यस्तै भयो भनेर त्यसै हातखुट्टा छोड्‌दछन्। हुन पनि हो, पहिले पहिले मदिरा अफीम भाङ् चुरोट् आदि अम्बलहरू शुरु-गर्दा उसलाई आनन्द नै लागेको हुन्छ, तर पछि पछि ऊ त्यस अम्बलको दास बनिहाल्दछ। इच्छा लागेको बखतमा ती वस्तुहरू नपाए ऊ छट्‌पटाउन लाग्दछ अनि ऊ स्पष्ट नै भन्न थाल्दछ, के गर्ने? लहै लहैले गर्दा अम्बलमा फसियो, खराब भन्ने जानिजानिकन पनि छोड्‌न सकिंदैन। अझ अफीम खाने मानिस त बरु भात खान नपाए केही हुँदैन तर यो नमिले बाँच्न सक्तिन पनि निर्धक्कसंग भन्दछ। उसलाई यसो भन्न कत्ति पनि लाज नलाग्ने हुन्छ। किनभने उसले अम्बलको वशमा परेर लाजलाई पचाइसकेको हुन्छ। तर अम्बली भैसकेका मानिसले पनि त्यसरी रिसाहापनलाई आश्रय दिनु हुँदैन। यस दुर्व्यसनलाई म नत्यागी छोड्‌दिन भनी दृढ-निश्चय गरी कोशीस गरेमा बिस्तारै बिस्तारै त्याग्न पनि सकिन्छ। विश्वासले निर्बल बलवान हुन्छ, निरुत्साहीलाई उत्साही बनाउँछ। विश्वासको ठूलो महत्व छ। विश्वासी सर्वत्र सफल हुन्छ, केवल

२ *न हि कल्याणकृत्कश्चिद् दुर्गतिं तात गच्छति ॥ गीता ६।४०।*

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

विश्वास पूरापूर हुनुपर्दछ। मानिसले उत्साह र उम्मेद गरेर विश्वासपूर्वक कामगर्दा पहिलेका मानिसले चिताउन पनि नसकेका कुराहरू आज मानवले गरिसक्यो।

पहिले देखि नै हाम्रो संस्कार यस्तो भैराखेको छ कि हामी खालि चक्षुरादि बहिरिन्द्रियहरूले प्रत्यक्ष गरेका विषयमा नै विश्वास गर्दछौं। मन पनि अन्तरिन्द्रिय हो, यसको अनुभवलाई पनि विश्वास गर्नुपर्दछ। मनको विश्वासले नै ध्रुव, प्रह्लाद आदि उच्चकक्षामा पुगे, मन शुद्ध नभई विश्वास हुँदैन; मन शुद्ध गराउन भित्रको कालो पखाल्नु पर्दछ।

निरन्तर सद्भावना गर्नाले र धेरै समयको अभ्यासले मनलाई जस्तो पनि बनाउन सक्छौं। हामीले अनुभव पनि गरेका छौं, अभ्यास गरेका कुरा मनमा ज्यादै घुसिसकेको छ भने राती निद्राको बखतमा पनि त्यही वस्तु देख्दछौं। मनको यो स्वभाव छ कि हामी उसलाई जुन दिशातर्फ लगाउँछौं ऊ उतैतर्फ अविरल गतिले बढिरहेको हुन्छ। बाधक विचार आएपछि भने त्यस विषयबाट हट्दछ। निद्रा अवस्थामा बाधक विचार प्रायः आउन सक्तैन। त्यसैले सुत्ने समयमा सद्विचार गर्ने अभ्यास गऱ्यो भने निद्राभरि त्यसैको प्रभाव परिरहेको हुन्छ, त्यसको असर ब्युँझेको अवस्थामा पनि पर्दछ। अतः सुत्नुभन्दा पहिले मनमा कुनै प्रकारको पनि चिन्तालाई बास दिनुहुँदैन, मन प्रसन्न हुनपर्दछ।

मन इन्द्रियद्वारा विषयदेशमा गएर विषयाकारमा परिणत हुने कुरा शास्त्रले प्रतिपादन गरेकै छ। पानी कुलोबाट खेतमा पुगेपछि जस्तो आकारको खेत छ त्यस्तै रूपमा परिणत भएको

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

हाम्रो आँखाले देखेकै छ। कुमालकोटीले कीरालाई लगी आफ्नो गुँडमा थुनेर हरबखत तर्साउने गर्दा रातोदिन त्यही कुमालकोटीलाई डरले देख्दा-संझदा पछि अन्त्यमा त्यो कीरो कुमालकोटीमै मिल्द-छ। यो कुरा श्रीमद्भागवतको एकादशस्कन्धको नवौं अध्यायमा बयान गरेकै छ[१]। त्यस्तै हामीहरूले पनि मनमा संधै दुर्भावना चिन्ता भय आदिलाई प्रश्रय नदिई असल कुरालाई मात्र चिन्तन गरी सद्भावना जगाउन सक्यौं भने जरूर सत्सङ्कल्पभएका हुन सक्नेछौँ। त यतिले पुगेन, अब यति जम्मा गर्नुपर्दछ भनी लोभमा फंसेका अथवा मलाई त्यो संधै द्वेषगर्दछ त्यसको पनि विगार नगरि छोड्दिन कसरी त्यसलाई विगारौं ? बरू मेरो जति नोक्सान हुन्छ होस् भनी द्वेषको भावना जगाउँदै छिद्र खोजदै दुर्भावनामा लागेका मानिसले आर्कालाई विगार्दछु भन्दाभन्दै आफू बिग्रेको थाह नै पाउँदैन। शोकमय चिन्तारोगको शिकार आफू बनिसकेको हुन्छ। यस्ताले अथवा विलासमय जीवन भएका मानिसले त के मनलाई वशगर्न सक्ला ? जुन मनलाई वशगर्न नसकेर अर्जुन पनि "रातोदिन बहि रहेको हावालाई रोक्नु जस्तै ज्यादै बलियो चञ्चलमनलाई वशगर्न सकिदैन" भनेर आत्तिएका छन्[२]।

---

१ यत्र यत्र मनो देही धारयेत्सकलं धिया।
स्नेहाद् द्वेषाद् भयाद् वापि याति तत्तत्सरूपताम् ॥
कीटः पेशस्कृतं ध्यायन् कुड्यां तेन प्रवेशितः।
याति तत्सात्मतां राजन् पूर्वरूपमसंत्यजन् ॥
श्रीमद्भागवत ११ स्कन्धमा अ. '

२ चञ्चलं हि मनः कृष्ण प्रमाथिबलवद्दृढम्।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥
गवद्गीता अध्याय ६ श्लोक ३४

l Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding:

मन चंचल भएको मानिसले कुनै पनि काम राम्रोसंग गर्न सक्तैन अथवा गर्न सके पनि त्यसलाई निकै प्रयास पर्दछ । किनभने मन स्थिर नहुनाले गर्नलागेको काम बीच बीचमा गडबड भइ नै रहन्छ ।

विशेषगरेर हाम्रो अन्तस्करणमा दुर्भावनालाई स्थानदिन हुँदैन; दियौं भने अनेक प्रकारका अशुभभावनाका संस्कारहरू प्रतिदिन बढ्दै जान्छन् । अनि हाम्रो हृदयलाई ती खराब कुराले टम्म ढाकिदिन्छन् । पछि एक एक गरेर ती सबैलाई हटाउन ज्यादै मुश्किल पर्दछ । जस्तै – एक वर्षसम्म प्रतिदिन खुत्रुकेमा हामीले एक एक मोहर छिराउँदै गयौं भने हामीलाई सानोतिनो काम टर्ने रुपैयाँ जम्मा-हुन्छ । तर त्यसमा काम नलाग्ने गेगरेन् अथवा ढुङ्गाको टुक्रा राख्यौं भने पछि फाल्ने झन्झट मात्र पर्दछ । यस्तै प्रतिदिन हामी भान्सामा आगो बाल्दछौं, त्यसको धुवाँले भान्सातर्फका माथिका दलिनहरू सबै कालाम्मे हुन्छन्, भान्सामा पनि धुवाँले उकुसमुकुस पार्दछ । यदि हामीले बाहिर धुवाँजाने आतसखाना भएको भान्साघर बनायौं भने भान्सा स्वच्छ र निर्मल रहन्छ । त्यस्तै बीचबीचमा अनेक प्रकारका दुर्भावनाहरू मनमा उब्जिएमा पनि विवेकरूपी आतसखाना-बाट दुर्भावनारूपी धुवाँलाई निकालिदिनुपर्दछ ।

मानव सुख र शान्तिका निमित्त कहिले शीतल स्थानको खोजीमा व्यस्त हुन्छ, कहिले नयाँ सुन्दर स्थानमा गएर बस्तछ, कहिले मनोहर दृश्यावलोकनमा तत्पर हुन्छ, नयाँ नयाँ आकर्षक पदार्थहरू घरमा जम्मा गर्दछ, राम्रा राम्रा गानाहरू सुन्दछ र सिनेमाहलमा सामेल हुन्छ । यसरी मनले चाहेको जति चीज प्राप्तगरे पनि वास्तविक इच्छापूर्ति हुँदैन, किनभने इच्छाको लहर बढ्दै जान्छ । सबै कुरा इच्छाको अनुकूल हुनुपर्दछ, इच्छाको विरुद्ध भएमा उसले दुःखको अनुभव गर्दछ । इच्छागरेका कुरा पुग्दै गएछ भने उसले यस्ता यस्ता असंभव कुराको इच्छागर्न थाल्दछ कि अहिले एकै छिनमा

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

लण्डन पुगेर त्यहाँको चहलपहल हेर्न फेरि तुरुन्तै संयुक्त-राष्ट्रसंघको बहस सुन्न अथवा एकै स्थानमा रहेर संसारभरका सबै कुरा देख्न वा थाहपाउन इत्यादि। हुन त प्रयास गरेपछि असंभव चीज पनि संभव हुन्छ भन्ने उदाहरण त टेलिभिजन तयार गर्ने र चन्द्रलोकको यात्रा गराउने वैज्ञानिकहरूबाट स्पष्ट भएको छ। तर भोगविलासमा डुबेका अल्छी मानवबाट यो कुरा हुनसक्तैन, सानो प्रयासले र सानो खर्चले यी कुरा सिद्धभएका होइनन्। ती वैज्ञानिकहरूले आफ्नो सारा जीवन त्यसैमा लगाएका छन्, ऐश-आराम घरबार परिवारको परवाह गरेका छैनन्, सारा इन्द्रियहरूलाई वशमा राखी त्यसैमा तल्लीन भएर कार्य सफल गरेका छन् र आत्मसंयमी बनेका छन्।

मनलाई वशमा राख्ने प्रयास गरेर अभ्यास गर्दै लगेमा असंभव छैन। सद्भावनातर्फ लगाउने कोशीस गरेमा त्यतातर्फ लाग्न सक्तछ। श्री पशुपतिनाथ प्रभुलाई संझन लगाए मनले संझन्छ, फेरि तत्काले श्री बद्रीनाथ भगवान्को ध्यानगर्न लगाए त्यहीं पुग्दछ। उतिनखेरै गोसाइँकुण्डमा पुग्न आज्ञादिए त्यहीं पुगेर मनोहर दृश्यमा मुग्ध-हुन्छ। मनलाई मात्र पनि त्यति दोष दिन योग्य छैन। हामीले मनलाई खराब कुराको अभ्यासमा मात्र लगाइराखेकाले नै असल विचार-तर्फ नलागेर सत्सङ्कल्पको भावना हाम्रो हृदयमा रहन सकेन। सद्-भावनाको अभ्यास पूरा भएपछि सत्सङ्कल्प तर्फ लाग्ने छ। जस्तै—कुनै मानिस आनन्द साथ बसिरहेको बखतमा हात गोडा अथवा औंला आदि कुनै अवयव हल्लाइरहन्छ, फेरि त्यस बखतमा अरू आवश्यक काम पनि गरिरहेकै हुन्छ, अर्थात् मन अर्कै काममा व्यस्त भएको हुन्छ। तर आफसे आफ भएको त्यो क्रियालाई छाडेको हुँदैन। कसैले गोडा नहल्लाऊ भन्यो भने एक छिन त्यो गोडा हल्लाउने कामलाई छोडिदिन्छ। तर मन अर्को काममा व्यस्त हुनासाथ फेरि त्यो गोड़ा हल्लाउन थालिहाल्दछ। ए! किन यसो गरेको भनी

l Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding:

कसैले प्रश्न गरेमा मलाई थाह छैन, मैंले गरौं भनेर गरेको होइन, यो आफसे आफ त्यसै भएको भनी ऊ जवाफ दिन्छ। तर त्यसो हुनाको कारण मानिसले पहिले त्यो कामको ज्यादै अभ्यास गरेको थियो, धेरै समय अभ्यास भएपछि त्यो कुरा स्वाभाविक भएर स्वतः प्रवृत्त भयो।

प्रतिदिन हामीले आसनमा बसेर आचमन गरेपछि गायत्री जप्न हातमा जनै वेर्ने गरेका छौं। त्यस कुराको अभ्यास हामीमा भैसकेकोले कारणवश अरू काम गर्न आसनमा बसेर आचमन गर्दा पनि मन अर्को तर्फ गएको बेलामा झट्ट जनैमा हात पुगिहालद्-छ, यो अभ्यासको फल हो। त्यस्तै प्रतिदिन सद्भावना सद्विचार सत्कार्य तर्फ मनलाई लगाउँदै गरेमा बिस्तारै बिस्तारै त्यस तर्फ अभ्यास हुँदै जानेछ।

हामी जपगर्न लाग्दा पनि कहिले अनेक कुराहरू मनमा खेल्न थाल्दछन्। तर ती कुराहरू हाम्रो इच्छाले आएका होइनन्। हामी त आफ्नो इष्ट देवताको ध्यानमा नै मन लागोस् भन्ने इच्छा गरेका हुन्छौं, तर ती इच्छा नगरेका विचारहरूले इष्टचिन्तनमा बाधा गराउँ-छन्। मनमा विक्षेप पैदा गराउँछन्। हामीले ती नचाहिने बाहिरिया कुरालाई मनमा धेरै स्थान दिंदै राखेकाले नै तिनीहरूले हामीलाई बीच बीचमा सताइराखेका हुन्।

बिहान सबेरै शौच स्नान गरी शुद्ध भई प्रसन्न मनले स्वच्छ निर्मल वातावरण भएको खुला एकान्त स्थलमा बसेर प्राणायाम अथवा नाकबाट लामो लामो श्वास प्रश्वास गरेर एकाग्र भएर पवित्र मन्त्रको उच्चारण गर्ने अभ्यास गरेमा अथवा कुनै देवताको मूर्तिलाई अगाडि राखी त्यही मूर्तिलाई मात्र लक्ष्य गरेर त्यस समयमा संसार-लाई र आफूलाई समेत भुल्ने प्रयास गरेमा, अथवा कुनै वस्तुलाई पनि लक्ष्य नगरी आँखा चिम्ली अखण्डशून्यको मात्र अभ्यास गर्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

सुख दुःख मान अपमान हर्ष शोक अनुराग विराग आफू अर्को दिन रात इत्यादिको विचार नगर्ने अभ्यास गरेमा मनलाई स्थिर गराउन सकिने छ।

जुन काम आफूले गर्न लागेको छ त्यस कामलाई मात्र एकाग्र भएर गरिरहनु पनि एक उपाय हो। जस्तै—नुहाउन लागेको छ भने त्यस वखतमा अरू कुनै कुरा नसंझी केवल स्नानबाट हुने फायदा तर्फमात्र विचार गर्न· भोजन गर्न लाग्दा भोजनको विषयमा सावधान भई प्रसन्न मनले आफ्नो शरीरको बल वीर्य ओज आदिको वृद्धि हुँदै गएको अनुभव गर्न, कुनै ग्रन्थको अभ्यास गर्न लागेको छ भने त्यसैमा लीन भएर त्यसको रहस्य बुझ्नमात्र प्रयास गर्नु, अथवा "जो मानिसहरू हरवखत मलाईमात्र संझदै मेरो उपासना गर्द छन, ममा आसक्तभएका तिनीहरूको सबै तर्फबाट म रक्षा गर्दछु[१]" यो भगवान्‌को वाक्यमा दृढ विश्वास गरी हरवखत भगवान्‌को भरोसा गर्न। यसको दृष्टान्त त ध्रुव प्रह्लाद उद्धव द्रौपदी गजेन्द्र गोपिनी आदि छंदैछन। अभ्यासगर्दै लगेमा बिस्तारै बिस्तारै मन स्थिर हुँदै जाने छ। मन स्थिर हुँदै गएपछि मन दुर्भावना तर्फबाट हटी मानव सत्सङ्कल्प भएको हुन्छ। अनि उसको अन्तस्करणमा सद्भावनाको दियो हरवखत बलिरहन्छ र मन शुद्ध भई उसको आदर्श-जीवन बन्दछ, अनि त्यसले मानवजीवनको महत्व बुझदछ। यी सबै कुरा शास्त्रको नियम बमोजिम अभ्यास गर्नाले नै हुन सक्तछ[२]।

१ अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम्॥
भगवद्‌गीता अध्याय ९ श्लोक. २२

२ यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम्॥
भगवद्‌गीता अ. १६, श्लो. २३

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

खालि आफ्नो विचार अनुसार काम गर्नाले सुख शान्ति प्राप्त भएर आदर्शजीवन बनाउन सकिन्न यो निश्चित छ। आदर्शजीवन मात्र खास-खास जीवन हो। साधारण जीवन भएमा त पशुको जीवन र मानवको जीवनमा केही फरक हुँदैन। अतः सबैले आदर्शजीवन बनाउन प्रयास गर्नुपर्दछ। मनुष्यचोलालाई सफल गराउनु पर्दछ। शुभम्।

मित्रस्य मा चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम्।
मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे।
मित्रस्य चक्षुषा समीक्षामहे॥

— वेद।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

नैतिक-शिक्षा

—प्रो० श्री गोपालनिधि तिवारी

संसारमा मानवजीवनको मूल्य ज्यादै ठूलो छ। साधारणरूपले आहार, निद्रा, भोग आदि सबै प्राणीहरूमा पाइन्छन्। मानवमा विशेषरूपले विवेकशक्तिको बीज निहित भएकोले त्यसलाई अंकुराउन, मौलाउन र फष्टाउन प्रेरणा दिनाको लागि शिक्षाको प्रचार गरिन्छ। पशुत्वबाट उक्लँदै मनुष्यत्वमा मात्र होइन कि देवत्वमा समेत शिक्षाद्वारा नै प्राप्त होइन्छ। देवत्वभावनाले पवित्र भएको बुद्धिले नै ज्ञानको भागी वनिन्छ। मानिस असलविचार, गुण र आचरणले युक्त होस् भनेर नै शिक्षालयहरूमा विद्याको प्रदान गरिन्छ। अन्धकार वा अज्ञानबाट उज्यालो वा ज्ञानमा प्राप्त गराउने प्रमुखसाधन नै विद्या हो। विद्यालयहरूमा सिकाइने सारा कुराहरूको सफलता नै नैतिकतामा आधारित छ। नैतिक-शिक्षाको व्यापक स्वरूपको विचार गर्दा कला, विज्ञान, वाणिज्य आदिका सारा शाखा प्रशाखाहरू नीतिकै अन्तर्गत छन्। विद्यालयहरूमा दिइएका शारीरिक र बौद्धिकशिक्षाहरूको प्रधान लक्ष्य नै नैतिक मानव वनाउनु हो। देशको नव निर्माणमा विशेषज्ञ वनेर योजनाहरूमात्र कोर्ने होइन कि नैतिकता देखाएर निःस्वार्थी देशसेवक हुँदै इमानदारीसाथ कार्यमा लाग्ने वन्न सक्नुपर्दछ। विद्यालयमा प्रविष्ट भएका विद्यार्थीहरूले सकल ज्ञानको लक्ष्यभूत नैतिकताको पूरा परिचय विद्यार्थी जीवनमै लिंदै र आचरणमा उतार्दै गएमा भविष्यमा यो देश कस्तो वन्नेछ, त्यो भनिरहनु पर्दैन। नैतिक शिक्षाद्वारा ज्ञानी, योग्य, सच्चरित्र र राष्ट्रसेवी वनेका शिक्षितहरूद्वारा सुनौलो भविष्य वन्ने आशा मातृभूमिले राखेकी छिन्।

l Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding:

विद्यामन्दिरहरूमा तपस्या गरेर सिद्धिप्राप्त गरेका मानवहरूले व्यक्तित्वको विकास गरी देशको सर्वाङ्गीण उन्नतिमा अगाडि बढ्नु पर्दछ। विभिन्न क्षेत्रहरूमा सदाचारी, त्यागी, इमानदार र गुणी नीतिवेत्ताहरूको आवश्यकता छ। नैतिकता छैन भने जस्तोसुकै उपाधिहरूले सिंगारिए तापनि दुष्टवृत्तिले गर्दा सर्प झैं भयङ्कर बनिन्छ। यसकारण शिक्षाको मुकुट नै नैतिकता हो। अभिभावकहरूले आफ्ना सन्तानहरूलाई स्वार्थी, घमण्डी, आडम्बरी, अभिमानी, क्रोधी, ठर्रो र अज्ञानी बनाउन विद्यालयमा भर्ना गरेका होइनन्। उनीहरूको नैतिकताको विकास गर्न, आफ्नो संस्कृति, धर्म र दर्शनको उच्च आदर्शमा लगाउन तथा युगनिर्माता चरित्रवान् बनाउन भर्ना गरेका हुन्। किताबीज्ञानको अतिरिक्त त्यहाँका सद्गुणहरू वा नैतिकतत्त्वहरू मानवकल्याणको निमित्त कार्यान्वित गर्न विशेष ध्यान दिनु आवश्यक छ। नैतिक भावनाको अभिवृद्धिबाट नै देशको शिष्टता र सभ्यता बाँचिरहन्छन्। नैतिकताको विकास भएका देशहरूमा आफ्नू कर्तव्यता र उत्तरदायित्वको पूरा स्मृति हुन्छ। बस सर्भिसमा हराएको आफ्नो नाम लेखिएको व्याग घरमा पुऱ्याउन ल्याइन्छ, बेच्ने मानिस नबसेको ठाउँमा अखबार हेर्नेहरूले आफैं पैसा बाकसमा राखी अखबार किनेर जान्छन् भन्ने इत्यादि नैतिक उत्थान कसको प्रशंसनीय वस्तु नहोला ? नैतिक उत्थानलाई आज विश्वले प्रमुख स्थान दिनै पर्दछ। संसारका विद्यालयहरूमा नीतिशास्त्र तथा आचारदर्शनको अध्ययन गराइन्छ र नीतिशास्त्र तथा आचारदर्शन नअँगाल्ने समाज अवश्य नै मानवतादेखि पतित हुन्छ भन्ने धारणा लिइएको छ। नैतिकताको विकास, नैतिक जीवनका गुणहरू, नैतिक निर्णय, क्रियाको नैतिकता, दार्शनिकहरूको नैतिक दृष्टिकोण, नैतिक चेतना, नैतिक नियमहरू, नैतिक प्रक्रियामा मनोवैज्ञानिक आधार आदिमा पाश्चात्य विद्वान्हरूले पनि प्रशस्त प्रकाश पारेका छन्। नैतिकताकै आधारमा ठीक बेठीक, कर्तव्य अकर्तव्य, भ्रष्टता अभ्रष्टता, सुकर्म दुष्कर्म,

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

मानवता दानवता, साधुता दुष्टता, हृदयशुद्धि हृदयकश्मलता, आत्मिकविकास आत्मिकपतन इत्यादिको पारख हुन्छ । हामी नेपालीहरूको नैतिकस्तरको उच्चताको गौरव हाम्रा नीतिशास्त्रहरूद्वारा प्रतिपादित सद्गुणहरूबाट झल्किन्छ । नैतिकताको स्तर उच्च गर्ने नेपाली संस्कृति, धर्म र दर्शनको गौरव बिर्सेर गरीब बन्दै यस विषयमा अरूसंग भिक्षा-माग्नुपर्ने अवस्थामा हामी छैनौं । यसकारण आफू तिर फर्कौं र हाम्रा संस्कृति तथा विचारधाराहरूले झल्काएका नैतिकगुणहरू अँगालौं । आज जुन विदेशी संस्कृति र विचारधाराहरूको प्रचार र प्रभाव फैलिँदै जान लागिरहेछ, त्यसबाट नेपालीपन कतिसम्म फष्टाउन सक्ला यो विचारणीय विषय बनेको छ । संसारको सर्वोच्च हिमशिखर सगरमाथा, नेपाली प्राकृतिक सौन्दर्य, नेपाली वीरता, नेपालीहरूको स्वतन्त्रता-प्रेम, एकता तथा राष्ट्रियताले जत्तिको नेपाल आउने पर्यटक-हरू वा नेपालको अध्ययन गर्ने व्यक्तिहरूलाई मुग्ध पारेको छ त्यो भन्दा धेरै बढ्ता नेपालीहरूको नैतिकताले प्रभावित पार्नु परेको छ । नैतिकताको अमूल्य भण्डार भएको नेपालले आफ्नो गौरव कायम राख्न नैतिक-शिक्षाप्रति प्रेम तथा क्रियाशीलता अँगाल्नु परेको छ ।

नैतिकताको स्पष्ट अर्थ नझल्किएसम्म यसको अनुसरण गर्ने उज्यालो मार्ग नभेट्टाइने हुनाले नैतिकताको अर्थप्रति ध्यान दिन आवश्यक छ । 'णीन् प्रापणे' लैजानु भन्ने 'नी' धातुबाट 'क्तिन्' प्रत्यय भएर 'नीति' शब्द बन्दछ । सुखमा पुऱ्याउने उपायहरू जसबाट झल्किन्छन् वा ल्याइन्छन्, त्यो 'नीति' हुन्छ । जहाँ असल चाल-चलन, आचरण, व्यवहार, कार्यक्रम, निर्देशन, योजना आदि ल्याइन्छन् वा प्राप्त गराइन्छन् त्यो 'नीति' हुन्छ । करण वा अधिकरण अर्थमा 'क्तिन्' प्रत्यय भएकोले सहजैसंग यस्तो अर्थ 'नीति' शब्दले झल्काएको छ । भावमा प्रत्यय गरेमा पुऱ्याउनु, कल्याणमा लैजानु, पथ प्रदर्शन गर्नु, अगाडि लैजानु आदिलाई बताउँछ । सारा विद्या-हरूको लक्ष्य नै सदाचारी ज्ञानी बनाउनु भएकोले सबै 'नीति' का

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

अन्तर्गत छन् भन्नु 'नीति' को व्यापक अर्थ हो। खास गरेर 'नीति' को निजी परिभाषा प्रति ध्यान दियौं भने हामीलाई यो ज्ञान हुन्छ कि जुन नियमले व्यक्ति र समाजको कल्याणको निमित्त उज्ज्वलमार्ग प्रत्येक जीवनोपयोगी क्षेत्रमा झल्काइदिन्छ त्यही 'नीति' हो। नीति-शब्दले मानवोचित कर्तव्यपालनरूप धर्म र धारणा गर्ने सुखको मूल उपायलाई व्यक्त गर्दछ। यही 'नीति' सम्बन्धी कुरालाई नैतिक र त्यसको भावलाई 'नैतिकता' भनिन्छ। नीतिसम्बन्धी शिक्षालाई 'नैतिकशिक्षा' भन्ने संज्ञा दिएर यसको विकासमा ध्यान आकृष्ट भएको छ। मानव सन्तानले नैतिकशिक्षाद्वारा सद्गुणहरूको कार्यान्वयन अँगाल्न सकेमा परिवार, समाज र देशबाट शोक, सन्ताप, भ्रष्टाचार, अत्याचार, दुःख, दुर्दशा आदि भाग्दछन्। यतिमात्र होइन कि नैतिकताको विकासबाट अझ आत्मबल बढ्दै जान्छ र आत्मविस्मृति-रूप भूलबाट भएको अज्ञानको सन्तरण गरी आत्मबोधपूर्वक कर्म गर्दा पनि निर्लिप्त सुखी नै भइरहन्छ। पूज्य महर्षिहरूले यही आत्मोन्नतिको मूल नैतिकशिक्षा दिंदै अनेक गुणहरू अँगाल्न प्रेरणा दिनु-भएको छ। ती सबै नैतिकगुणहरूको विश्लेषण गरेर नीति जान्ने महापुरुषले देश र कालको परिचय पाई त्यस अनुसार काम गर्नु-पर्दछ। सारा सद्गुणहरू आचरणमा ल्याउनु नै नैतिक जीवन हो। नीतिशास्त्रहरूमा विधि र निषेधरूपमा सामाजिक, वैयक्तिक, व्याव-हारिक, आचारिक, धार्मिक, राजनीतिक आदि नियमहरूको विधान देश, काल र पात्रको विचारपूर्वक बताइएको छ। वेद, उपनिषद्, रामा-यण, महाभारत, भागवत, धम्मपद आदिमा अमूल्य नैतिकशिक्षाहरू भरिएका छन्। धौम्यनीति, बृहस्पतिनीति, विदुरनीति, शुक्रनीति, चाणक्यनीति, भर्तृहरिनीतिशतक आदि अनेक नीतिग्रन्थहरू हाम्रो वैयक्तिक र सामाजिक जीवनको कल्याणदायी मार्ग दर्शाउने रूपमा छन्। यिनीहरूबाट व्यवहारको ढङ्ग, कार्यसञ्चालनगर्ने आधारभूत सिद्धान्त, लोकव्यवहारको निमित्त चाहिने आचार, आध्यात्मिक

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

उन्नतिको मार्ग आदि जानिन्छन् । नेपालमा उमा, शङ्कर, जनक, सीता, विश्वामित्र, भरद्वाज, वाल्मीकि, व्यास, गौतम, कपिल, मार्कण्डेय, पाणिनि, बुद्ध आदिले नैतिकताको भण्डारको निर्माण गर्नुभएको छ। मनु, भृगु, वात्स्यायन, याज्ञवल्क्य आदिबाट नेपालमा मानवकल्याणकारी धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थहरूको सुन्दर शिक्षा नैतिकरूपमा भएको छ। मानवलाई सुख र शान्तिसंग बाँच्न धर्म नभई हुँदैन। कसैउपर दुष्ट्याइँ नगरूँ भन्ने आदि धार्मिक भावना भएन भने मानवसमाज दुःखको खाडलमा पर्दछ। धार्मिक बलद्वारा नै निर्बलियोले बलियोको अगाडि बाँच्ने मौका पाउँछ। धर्म भनेको सत्कर्म हो यही नैतिककर्म मानिन्छ। जनकल्याणको भावनाले औषधालय, जलाशय, शिक्षणालय, मार्गनिर्माण, अनाथालय आदिमा दान सहयोग आदि हुनु नै धर्मकार्य हो। धन कमाउने नैतिक मार्ग पनि नीतिकारहरूले अनेक प्रकारले बताएका छन्। अध्यापनवृत्तिमा लागेकाले योग्य सदाचारी शिष्यहरूको निर्माणमा ध्यान दिनुपर्दछ, सुरक्षावृतिमा लागेकाले देशको सुरक्षाको लागि पूरा बलिदानको भावना अँगाल्नु पर्दछ, कृषि पशुरक्षा वाणिज्यादिवृत्तिमा लागेकाले देशको संपत्ति बढाउने तथा कालोबजार नगर्ने आदि प्रण गर्नुपर्दछ र सेवावृत्तिमा लागेकाहरूले धूर्तता र भ्रष्टाचार छोड्ने व्रत लिनुपर्दछ। भोगको निमित्त नै शरीर लिएर हामी आएका छौं। हाम्रो भोग त्यागात्मक र धर्मको अविरुद्ध हुनुपर्दछ। प्रारब्धको भोग नगरी सुख पाइँदैन, तर त्यो भोग वा काम पवित्र हुनुपर्दछ। मानवका सारा तापहरूको अन्तहुनु मोक्ष हो। यो ज्ञानदेखि बाहेक अरूबाट हुन सक्तैन। भौतिक कल्याणबाटमात्र हाम्रो ताप छुट्दैन। नित्य सुख, शान्ति, तृप्ति, आनन्द र विश्रान्तिको निमित्त आध्यात्मिक कल्याणको मार्ग पनि हाम्रा नीतिशास्त्रकारहरूले झल्काएका छन्। अध्यात्मज्ञानले आत्माको सबै प्राणीहरूमा भएको एकात्मब्रह्मभावनालाई लिन्छ 'स्वभावोऽध्यात्ममुच्यते' भनेर गीतामा स्व आत्माको सर्वत्र एक समान

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

भावलाई अध्यात्म मानेको छ। सबैमा आत्मरूपको अनुभूति हुनु नै ज्ञान हो र यसैबाट सारा तापहरू छुट्नुरूपी मोक्ष हुन्छ। यसरी प्रत्येक मानवलाई चाहिने धर्म, अर्थ, काम र मोक्ष उचित रीतिले प्राप्त-गर्ने निर्देशन नीतिशास्त्रबाट हुन्छ। नैतिकगुणहरूको ज्ञान विद्यार्थी-हरूलाई विद्यालयमा नगराएको खण्डमा कहाँबाट यस्तो नैतिकज्ञान मिलेको थियो र जीवन सपार्ने निर्देशन भएको थियो भन्ने गुनासो नआउने होइन। छोरालाई चोर्नहुन्न भनेर थाह नदिने आमाले एक दिन चोरीमा पुलिसले समातिएको छोराबाट कानको टोकाइ खाए भैँ हुनेछ। कुभावनामा प्रेरित हुने व्यक्ति भन्दा उसलाई असल सङ्गत र नैतिकताको थाह नदिने मार्गप्रदर्शक उपर नै बढ्ता उत्तरदायित्व आइपर्दछ। यसकारण अनेक दुःखदायी अनैतिक प्रवत्तिहरूबाट बचा-उन अगावै नै नैतिकशिक्षा विद्यार्थीहरूमा आवश्यक छ। जनक, बुद्ध, सीता आदिले छात्र र छात्राहरूलाई कुन नैतिकता सिकाएका छन् र नैतिकगुणहरू प्रमुख के के छन् तिनीहरूको दिग्दर्शन यस प्रकार छ :—

वेदमा सबभन्दा ठूलो नैतिकगुण मनलाई शुभसङ्कल्पगर्ने बनाउनु हो। सबैको भलाईको राम्रो सङ्कल्प मनले गरेमा कसैलाई दबाऊँ, हेलाँगरूँ, ढाटूँ, मारूँ, धोकादिऊँ भन्ने इत्यादि भावना मनमा उठ्दैन। सबैलाई आफू समान ठानी आदरगर्ने र सहयोग गर्न आवश्यक छ। कुनै पनि साथीसंग झगडा नगरी, दुष्ट्याइँ नगरी बसेमा उसले पनि आफूलाई त्यसै गर्न कर लाग्छ। आफूलाई खराब व्यवहार गरिदिंदा जतिको दुःख हुन्छ साथीलाई पनि आफूबाट खराब व्यवहार हुन गएमा त्यतिकै दुःख हुन्छ भन्ने संझी असल व्यवहार-द्वारा नैतिकता अँगालेमा समाजमा सुखै सुख उदाउँछ। अरूलाई दुःख परेको बखतमा सहानुभूतिमात्र प्रकट गर्ने होइन कि तत्कालमा आफूले के कस्तो सहायता गर्न सकिन्छ त्यसमा उदासीन नभई लागिपर्नु आवश्यक छ। अर्काको पीर जानेर यथाशक्य सहयोग गर्न सकेमात्र सत्य नैतिक व्यक्ति बनिन्छ। उपनिषद्ले मानवलाई 'तेन त्यक्तेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

भुञ्जीथाः' भनेर जीवनमा खान, लाउन, बस्न सोच्न जे जति गरिन्छन् ती त्यागात्मकरूपमै हुन सिकाएको छ। जुनवस्तु अँगाल्दा पनि म मात्र बनूँ, मेरो मात्र हो, मै मात्र भोग गरूँ, अरू केही होइनन्, तिनीहरूलाई जेसुकै होस् भन्ने यस्तो स्वार्थी भावनाले आत्माको पालना नगर्नू, किन्तु सबैमा आत्मा एउटै व्याप्त छ भन्ने भावना राखी सबैको भलाइको लागि यथाशक्य त्याग नै गरी आत्माको पालना गर्ने नैतिक मार्ग झल्काइएको छ। उपनिषद्मा वेदशास्त्रको अध्ययन गराएपछि शिष्यहरूलाई आचार्यले नैतिक उपदेश यस प्रकार दिनु भएको छः – साँचो बोल्नू, धर्ममा लाग्नू, अध्ययनबाट नहट्नू, व्याख्यानकार्यबाट नहट्नू, आमालाई देवता जस्तो मान्नू, बाबुलाई देवता जस्तो मान्नू, गुरुलाई देवता जस्तो मान्नू, पाहुनालाई देवता जस्तो मान्नू, महापुरुषहरूको असल आचरणको अनुसरण गर्नू, श्रद्धापूर्वक दिनू, आफ्नो गच्छेअनुसार दिनू इत्यादि। यिनै नैतिक उपदेशहरूलाई वेद उपनिषद् वा वेदको रहस्य मानिएको छ। गीतामा नैतिक गुणहरूको अवलम्बन गर्ने दैवीसंपद् र ज्ञानका साधनहरू एक एक गरेर दर्शाइएका छन्। मानिसले नियमपूर्वक इमानदारीसाथ आफ्नो कर्तव्य पालन गरेको छ भने उसलाई डर हुँदैन। कसैको केही बिगार गरेको छ वा इमान छोडेको छ भने डर भइरहन्छ। यसैले निर्भयता प्राप्त हुने व्यवहार अँगाल्नु पहिलो नैतिककदम हो। संसारमा सुख र शान्तिको स्थापना तथा लडाइँको अवरोध हुने उपाय केवल देखावटी योजनाबाट पाइँदैन। जस्तोसुकै निःशस्त्रीकरण र अनाक्रमण सन्धिको भर परे पनि यदि हृदय कालो छ भने संघर्ष भड्किहाल्दछ। शस्त्रहरू तथा अस्त्रहरू केही नभए पनि शुद्ध हृदय छैन भने अगाडि पाइएका ढुङ्गा मूढा वा मुक्की आदिबाट पनि लडाइँ भइरहेको दृष्टान्त छ। यसकारण अन्तःकरणको सफापन नै यसमा आवश्यक छ। यसकारण अरूहरूको उपर धोका दिनु, ठग्नु, कपटगर्नु, फटाइँ गर्नु आदि अवगुणहरू छोडेर चित्तको शुद्धिराख्नु दोस्रो

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

नैतिक कदम हो। यस्तै क्रमशः ज्ञान र योगमा रहनु, सके जति दान सार्वजनिकहितको लागि गर्नु, उच्छृङ्खल भोग गर्न चाहने बाह्य इन्द्रियहरूको संयम, विश्वकल्याणको निंति यज्ञ, विद्याको अभ्यास, शारीरिक आदि तप, सरल साधु स्वभाव, मन वचन र कर्मले कसैलाई पीडा नपुऱ्याउनु, भूटो र भयङ्करताले रहित साँचो बोल्नु, व्यर्थको रिस नलिनु, अनर्थ भोगबाट हट्नु, अन्तःकरणलाई जिती शान्तहनु, कसैको चुक्ली लाउने वृत्ति छोडनु, दुःखी प्राणीहरू उपर दयागर्नु, विषयमा लोलुप नहुनु, कोमल स्वभाव हुनु, खराब काममा लज्जा हुनु, ज्यादै चञ्चल छुकछुके नहुनु, उच्च तेजस्वी व्यक्तित्व हुनु, सहनशीलता हुनु, जस्तोसुकै आपद्मा पनि धैर्य दर्शाउनु, नुहाउनु आदिबाट बाहिरी सफापन तथा कपट राग आदि कालोपन त्यागेर भित्री सफापन लिनु, अरूलाई नष्टगरूँ भन्ने डाहीपन छोड्नु र ठूलो मान खोज्ने बानी छोड्नु यी २६ नैतिकगुणहरू गीताबाट सिक्न योग्य छन्। ज्ञान र योगमा रहनु भन्ने माथि बताइएको नैतिकगुण अँगाल्न सर्वप्रथम साधनरू-पज्ञान २० प्रकारको छ। यही उपायभूत-ज्ञानको अवलम्बनबाट अज्ञान हट्दछ र साध्यज्ञान वा आत्मस्वरूप-ज्ञेयको उदय हुन्छ। अनि वृत्तिरहित सच्चिदानन्द अखण्ड एक ब्रह्म नै ज्ञान हुन आउँछ। यस कारण साधन ज्ञानहरू यस प्रकार छन् :—आफ्नो ठूलोपन नदेखाउनु, आडम्बरीपन छोड्नु, कसैलाई कष्ट नदिनु, सहिष्णुता लिनु, अकुटिलपन लिनु, विद्या दिने गुरुको अनुशासनपूर्वक मर्यादा राख्नु, भित्री बाहिरी पवित्रता राख्नु, आफ्नो राम्रो सिद्धान्तबाट विचलित नहुनु, आफूलाई संयमी राख्नु, इन्द्रियहरूको विषयमा आसक्त नहुनु, मैं हुँ भन्ने अहंकार छोड्नु, जन्म मरण बूढ्याइँ र रोगका दुःखहरू जान्नु, नचाहिने विषयमा लागि नपर्नु, छोरा पत्नी घर आदिमा हुरुक्क भई अनैतिक-आसक्ति लिने काम छोड्नु, प्रिय र अप्रिय घटनाहरू आइपरेमा सदा चित्तको समता रहनु, सत्य परमात्माको निश्चल भक्ति हुनु, एकान्तमा पवित्र भावना सोच्नु, व्यर्थको

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

गफ गरेर दिन बिताउने जनसमूहमा चाख नहुनु, संधै आत्मविषयक बोधमा लाग्नु र सत्य वस्तुको मनन चर्चा चलाइरहनु यी २० ज्ञानमा लाग्ने नैतिकगुणहरू हुन्। योगमा रहन चित्तको वृत्तिहरूलाई रोक्न सक्नुपर्दछ र यसमा आत्मस्वरूपमा नै अवस्थिति भई सुख-दुःख आदिका वृत्तिहरूको धारणा हुँदैन। समत्वमा रहेर जीवन चल्दै जाँदा योग मानिन्छ र यसमा अनैतिक प्रवृत्तिहरू उठदैनन्। योगसूत्रमा चित्त प्रसन्न राख्ने उपाय खोल्दै सुख संपत्तिले युक्त भएका प्राणीहरू प्रति मित्रता, दुःखीहरू उपर करुणा (दया), असल कर्म गर्ने पुण्यात्माहरू प्रति खुशीपन र दुष्ट कर्म गर्नेहरूदेखि टाढै रहनु यी चार कुरा झल्काइएका छन्। चित्तको प्रसन्नता ठूलो नैतिक गुण हो र यसबाट सुखको उदय हुन्छ। प्राचीन ग्रन्थका कथाहरूबाट पनि असंख्य नैतिक गुणहरू अँगाल्नु नै सफल पढाइ हुन्छ। उदाहरणको निमित्त रामायणको कथा लिऊँ - कामको वशमा परेर शूर्पणखाको नाक काटियो, क्रोध लिएर लक्ष्मणलाई कुवचन बोल्दा सीताजीले हरिनु पर्‍यो, मन्थराले लोभ गर्दा दुःखित हुनु पर्‍यो, दशरथले मोह लिंदा मरणमा पुग्नु पर्‍यो, रावणले मद अँगाल्दा मर्नु पर्‍यो, कैकेयीले मात्सर्य गर्दा आफ्नै नाश भोग्नु पर्‍यो। यसरी काम क्रोध आदि शत्रुहरू उपर विजय पाउन रामायणबाट प्रेरणा मिल्दछ। बौद्ध ग्रन्थहरूमा दुःख हटाउन बताइएका अष्टाङ्गमार्गका सम्यग् विचार, सम्यक् संकल्प, सम्यग् वचन, सम्यक् कर्म सम्यग जीविका, सम्यक् प्रयत्न, सम्यग् वेदना र सम्यक् समाधि पनि नैतिकगुणहरू कार्यरूपमा ल्याउने उपाय हुन्। योगदर्शनमा बताइएका यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि यी योगका आठ अंगहरूको परिशीलनबाट पनि नैतिकजीवन नै बन्ने हो। यस्तै सारा दर्शनहरूका साधनहरू नैतिकविकासको निमित्त जोड दिन्छन्। सबैको विस्तृतरूपमा अध्ययन गर्दै जाँदा मुख्यतया माथि बताइएकै कुरा सारभूत हुन आउँछ।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

नेपालमै हैमवती उमाले सर्वप्रथम ज्ञान सिकाएकी हुन्, यहाँ जनकले विदेहात्मक दर्शनको आविष्कार गरेर राज्यभार र ज्ञान साथसाथै लगेका हुन्, यहीं याज्ञवल्क्यले उच्च ज्ञानको ज्योति झल्काएका हुन्, यहीं बुद्धले मानवको दुःख हटाउने ज्ञानप्रकाश फिजाउँन जन्म लिएका हुन्। नेपालको यो धार्मिक, सांस्कृतिक र दार्शनिक धारणात्मक, एकतात्मक र समन्वयात्मक नैतिकगुणको अस्तित्व हरेक दृष्टिकोणबाट सुरक्षित राख्न सबैले लाग्नु पर्दछ। संसारमा एकमात्र हिन्दूराज्य घोषित भएको नेपालले आफ्नू दर्शनको गौरव समयोपयोगी कदमहरूबाट झल्काएको छ। हिन्दूधर्मदेखि अतिरिक्त अरू धर्मावलम्बीहरूले यसमा प्रश्रय नपाउने र सकुचित भावनाको उदय हुने अवकाश नै छैन। धर्मसापेक्ष राज्य भएकोले सबै धर्महरूको कदर हुन्छ र धर्मको परिवर्तन निषिद्ध हुन्छ। सारा धर्मका सार्वभौम नैतिकगुणहरूबाट नेपाली धर्म एक बनेको छ। यस्तै एक नेपाली संस्कृति तथा एक नेपाली दर्शनको अनुयायी नेपालीहरू बनेका छन्। समन्वय, सहिष्णुता, एकता र राष्ट्रियता यसबाट विकसित भएका छन्। नेपाली भावनाका यी महान् नैतिकतत्त्वहरूले राष्ट्रिय र अन्तराष्ट्रिय तथा सामयिक मागहरू राम्ररी अँगाल्न सकेका छन्। सबै धर्मावलम्बीहरूमा परस्परमा प्रेम, विश्वास, सहयोग आदिको भावना जागरित छ। राष्ट्रिय संस्कृतिको अनुकूल देश, नरेश र महेश प्रति अगाध श्रद्धा प्रस्फुटित छ। यसैको फलस्वरूप प्रतिक्रियावादी संकुचित भावनाहरू मर्दछन्। सबै परमात्मा हुन्, पृथिवी नै कुटुम्ब हो, एउटै सत् अनेक रूपमा फैलिएको हो भन्ने आदि भावना हुनु 'यावद् भ्रियेत जठरम्' जतिले मानिसको पेट भरिन्छ त्यति जग्गामा मात्र उसको अधिकार रहन्छ भन्ने भागवतको सिद्धान्तको अनुसरणपूर्वक 'भूमि सुधार ऐन' निक्लनु, आदिबाट नेपाली नीतिले वर्तमानकालमा कसरी आफ्नू ढङ्गबाट हरेक क्षेत्रमा विश्वको अगाडि क्रियाशीलता देखाउन सक्तछ भन्ने रहस्य खुलेको छ। यसले गर्दा धर्म वा आफ्न नीतिको नामबाट

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

देशको क्रान्तिकारी उन्नति हुँदैन भन्ने अल्पविचारका व्यक्तिहरूको आँखा खोलिँदै गएको छ। यसरी निर्धक्क भएर हरेक वर्गमा कर्तव्य-निष्ठता, देशसेवा, स्वार्थत्याग आदिको नैतिक जागरण गर्न पाउने मार्ग हाम्रो राष्ट्रनायक नैतिकताप्रेमी नरेशबाट खोलिएको छ। हाम्रो संस्कृति अनुसार बोल्ने सर्वोच्चदेवता नरेशको स्थान प्रमुख छ। कसैले जनतामाथि थिचोमिचो पार्न लागेमा वा स्वार्थसाधन गर्न खोजेमा यस्तो बोल्ने देवता नरेश बाहेक अरू केही शरण छैन। 'न राज्ञः परं दैवतम्' राजाभन्दा अर्को ठूलो देवता कोही छैन भनेर नीतिशास्त्रमा बताइएको छ। यसैले आज जनताको हरेक पीर मर्का दुःख र मनो-भावना बुझ्ने नरेशबाट यावत् नेपालीको उत्थानको निमित्त सुधार र विकासका पाइलाहरू चालिएका छन्। यस्तो नरेशको शुभ-आकांक्षा-हरूको सफलताको निमित्त हामी सबैले जस्तोसुकै बलिदान गर्नु परे पनि पछि नहट्नु ठूलो नैतिकगुण हुन आउँछ। आज आफ्नो राष्ट्रिय-संस्कृति, धर्म र दर्शनको संरक्षक श्री ५ महाराजाधिराज सरकारको छत्रच्छायामा साकाररूपमा नैतिककार्यक्रम चलेको छ। सारा जनताले नैतिकशिक्षाको कार्यक्रम चलाउने शुभभावना लिइरहेको बेलामा जनभावनाको प्रतिनिधित्व गर्दै श्री ५ को सरकार शिक्षा मन्त्रालयद्वारा चालू भएको यो उत्साहवर्धक कदम नैतिक-उत्थानको द्योतक बनेको छ। शिक्षालयहरूले योग्य नैतिक शिक्षित बनाउन आफैं चलाइरहनु पर्ने नैतिकशिक्षाको कार्यक्रममा झन् श्री ५ को सरकार-बाट पनि अनेक सुविधाहरूको प्रदानपूर्वक यसमा प्रोत्साहन मिलेकोले आज आफ्नै नैतिकगौरवमा नेपाल द्रुतगतिले अग्रसर हुन लागेको छ। अब विद्या केवल किताबमा मात्र नरही आचरणमा पनि ल्याउने प्रयत्न गर्नु परेकोले सच्चरित्र, संस्कृतिप्रेमी, देशभक्त र आफ्नो गौरव-प्रेमी शिक्षितहरू बढी मात्रामा तयार हुन सक्नेछन् भन्ने दृढ धारणा हुन्छ। नैतिकशिक्षा सम्बन्धी प्रवचनको व्यवस्थाद्वारा तथा पाठ्य-क्रम परीक्षा आदिको प्रबन्धद्वारा विद्यार्थीहरूका अभिभावकहरू तथा

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

अध्यापकहरूमा "यो नभई नहुने राम्रो कदम उठेको छ" भन्ने सहयोगात्मक वातावरणको सृजना हुनु नै यसको शुभलक्षण देखापरेको छ। भौतिक र आध्यात्मिक दुवै उन्नतिको मूलाधार भएको नैतिक उत्थान नै हाम्रो जीवनको लक्ष्य हो। नैतिकगुणहरूको अनुसरणबाट नै मानवोचित कर्तव्यको हामीबाट पालन हुन सक्तछ र यसकारण सुखी परिवार, समाज र देश बनाउन नैतिकजीवन अँगालौं। नैतिक-शिक्षाको कार्यान्वयनद्वारा व्यक्तित्व उच्च बनाई देश र नरेशको सपना साकार गराई सबैमा कल्याण ल्याउन सक्ने नीतिमान्, सच्चरित्र, सुयोग्य र कर्तव्यपरायण बन्नमा अगाडि बढौं।

जितेन्द्रियत्वं विनयस्य लक्षणं
गुणप्रकर्षो विनयादवाप्यते।
गुणाधिके पुंसि जनोऽनुरज्यते
जनानुरागप्रभवा हि संपदः॥

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundi

अन्तर्न्यासपद्धतिको विशेष विचार

—नयराज पन्त

(मर्यादा १ अङ्कको ९० पृष्ठपछि)

५ प्रक्रम —

४ प्रक्रमसम्मका कुरालाई अभ्यास गरेपछि अन्तर्न्यास गर्ने सूत्र तथा उदाहरण विद्यार्थीको मनमा राम्रोसँग चढ्दछन्।

अब त्यो सूत्रको उपपत्तिको विषयमा विचार गरिन्छ।

$४^2 = १६$

$८^2 = ६४$

$१२^2 = १४४$ भए

$१०^2 =$ कति

भन्ने प्रश्नमा–

$८-४ = १२-८ = ४ =$ फरक $=$ फ

$८ =$ राशि $=$ रा

$१०-८ = २ =$ शेष $=$ शे

मानेमा

२ शे $= २ \times २ = ४ =$ फ

$४^2 = ($रा-फ$)^2 = ($रा-२शे$)^2$ } हुन्छन्

$१२^2 = ($रा$+$फ$)^2 = ($रा$+२$ शे$)^2$

$४^2 = ($रा-२ शे$)^2 =$ रा$^2 - ४$ रा शे $+ ४$ शे^{2}

$८^2 =$ रा^{2}

$१२^2 = ($रा$+२$ शे$)^2 =$ रा$^2 + ४$ रा शे $+ ४$ शे^{2}

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding

$रा^2 - (रा-२ शे)^2 = रा^2 - (रा^2 - ४ रा शे + ४ शे^2)$

$= ४ रा शे - ४ शे^2 =$ पहिलो अन्तर

$(रा + २ शे)^2 - रा^2 = रा^2 + ४ रा शे + ४ शे^2 - रा^2$

$= ४ रा शे + ४ शे^2 =$ दोस्रो अन्तर

दोस्रो अन्तर—पहिलो अन्तर

$= ४ रा शे + ४ शे^2 - (४ रा शे - ४ शे^2)$

$= ४ रा शे + ४ शे^2 - ४ रा शे + ४ शे^2$

$= ८ शे^2 =$ अन्तरान्तर

पहिलो अन्तर+दोस्रो अन्तर

$= ४ रा शे - ४ शे^2 + ४ रा शे + ४ शे^2$

$= ८ रा शे$

हामीलाई चाहिएको

$१०^2 = (८ + २)^2 = (रा + शे)^2 = रा^2 + २ रा शे + शे^2$

$$= रा^2 + \frac{८ रा शे}{४} + \frac{८ शे^2}{८}$$

$१०^2 =$ दोस्रो र तेस्रो राशिको बीचको राशिको वर्ग

$= (रा + शे)^2$

$$= रा^2 + \frac{८ रा शे}{४} + \frac{८ शे^2}{८}$$

$$= \text{बीचको राशिको वर्ग} + \frac{\text{पहिलो अन्तर} + \text{दोस्रो अन्तर}}{४}$$

$$+ \frac{\text{अन्तरान्तर}}{८}$$

यसै गरी

$६^2 =$ पहिलो र दोस्रो राशिको बीचको राशिको वर्ग

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundi

$= (\text{रा-शे})^2$

$= \text{रा}^2 - 2\,\text{रा शे} + \text{शे}^2$

$= \text{रा}^2 - \frac{8\,\text{रा शे}}{4} + \frac{8\,\text{शे}^2}{8}$

$= \text{बीचको राशिको वर्ग} - \frac{\text{पहिलो अन्तर} + \text{दोस्रो अन्तर}}{4} + \frac{\text{अन्तरान्तर}}{8}$

यति कुराबाट माथि दिइएको रीतिको उपपत्ति जिज्ञासुको मनमा चढ्न सक्छ।

६ प्रक्रम।

$2^2 = 4$

$10^2 = 100$

$18^2 = 324$ भए

$17^2 = \text{कति}$ भन्दा

$10 - 2 = 18 - 10 = 8 = \text{फरक} = \text{फ}$

$10 = \text{राशि} = \text{रा}$

$17 = \text{अभीष्ट राशि} = \text{अ}$

$17 - 10 = \text{अ} - \text{रा} = \text{शेष} = \text{शे}$

$\text{अ} = \text{रा} + \text{शे}$

$2^2 = (\text{रा-फ})^2 = \text{रा}^2 - 2\,\text{रा फ} + \text{फ}^2$

$10^2 = \text{रा}^2$

$18^2 = (\text{रा} + \text{फ})^2 = \text{रा}^2 + 2\,\text{रा फ} + \text{फ}^2$

$\text{रा}^2 - (\text{रा} - \text{फ})^2 = \text{रा}^2 - (\text{रा}^2 - 2\,\text{रा फ} + \text{फ}^2)$

$= \text{रा}^2 - \text{रा}^2 + 2\,\text{रा फ} - \text{फ}^2$

$= 2\,\text{रा फ} - \text{फ}^2$

$= \text{पहिलो अन्तर}$

l Sanskrit University, Balmeeki Campus, Kathm

$$(\text{रा}+\text{फ})^2-\text{रा}^2=\text{रा}^2+२\ \text{रा}\ \text{फ}+\text{फ}^2-\text{रा}^2$$

$$=२\ \text{रा}\ \text{फ}+\text{फ}^2$$

$$=\text{दोस्रो अन्तर}$$

दोस्रो अन्तर−पहिलो अन्तर

$$=२\ \text{रा}\ \text{फ}+\text{फ}^2-(२\ \text{रा}\ \text{फ}-\text{फ}^2)$$

$$=२\ \text{रा}\ \text{फ}+\text{फ}^2-२\ \text{रा}\ \text{फ}+\text{फ}^2$$

$$=२\ \text{फ}^2=\text{अन्तरान्तर}$$

पहिलो अन्तर+दोस्रो अन्तर

$$=२\ \text{रा}\ \text{फ}\quad \text{फ}^2+२\ \text{राफ}+\text{फ}^2$$

$$=४\ \text{रा}\ \text{फ}$$

अभीष्ट फल=अभीष्ट राशिको वर्ग

$$=\text{अ}^2=(\text{रा}+\text{शे})^2=\text{रा}^2+२\ \text{रा}\ \text{शे}+\text{शे}^2$$

$$=\text{रा}^2+\text{शे}\ (\cdot\text{रा}+\text{शे})=\text{रा}^2+\frac{\text{शेफ}}{\text{फ}}\left(२\text{रा}+\text{शे}\right)$$

$$=\text{रा}^2+\frac{\text{शे}}{\text{फ}}(२\ \text{रा}\ \text{फ}+\text{शे}\ \text{फ})=\text{रा}^2+\frac{\text{शे}}{\text{फ}}\left(\frac{४\ \text{रा}\ \text{फ}}{२}+\frac{२\ \text{शे}\ \text{फ}^2}{२\ \text{फ}}\right)$$

$$=\text{रा}^2+\frac{\text{शे}}{\text{फ}}\left(\frac{४\ \text{रा}\ \text{फ}}{२}+\frac{२\ \text{फ}^2\times\text{शे}}{२\text{फ}}\right)$$

यस कारण

अभीष्ट राशिको वर्ग

Public Domain. Digitization by eGangotri.Fundi

$$= \text{रा}^2 + \frac{\text{शे}}{\text{फ}}\left(\frac{\text{पहिलो अन्तर} + \text{दोस्रो अन्तर}}{२} + \frac{\text{अन्तरान्तर} \times \text{शे}}{२\text{फ}} \right)$$

पुरानो परिभाषामा

पहिलो अन्तर=भुक्तखण्ड

दोस्रो अन्तर=भोग्यखण्ड

फरक =अन्तर

अन्तरान्तर =विशेष

शेष =शेष

यस्तो भन्ने चलन थियो।

यस कारण

अभीष्ट राशिको वर्ग

$$= \text{रा}^2 + \frac{\text{शेष}}{\text{अन्तर}}\left(\frac{\text{भुक्तखण्ड} + \text{भोग्यखण्ड}}{२} + \frac{\text{विशेष} \times \text{शेष}}{२\ \text{अन्तर}} \right)$$

पुरानो परिभाषामा

$$\frac{\text{भुक्तखण्ड} + \text{भोग्यखण्ड}}{२} + \frac{\text{विशेष} \times \text{शेष}}{२\ \text{अन्तर}}$$

=स्फुट भोग्यखण्ड

भन्ने चलन थियो।

यस कारण

अभीष्ट फल

=अभीष्ट राशिको वर्ग

l Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding

$$= \text{रा}^2 + \frac{\text{शेष} \times \text{स्फुट भोग्यखण्ड}}{\text{अन्तर}}$$

हुन्छ ।

यसै गरी

$\text{२}^2 = \text{४}$

$\text{१०}^2 = \text{१००}$

$\text{१८}^2 = \text{३२४}$ भए

$\text{३}^2 = \text{कति}$ भन्दा

$$\left.\begin{array}{l} \text{३} = \text{अभीष्ट राशि} = \text{अ} \\ \text{१०} - \text{३} = \text{रा} - \text{अ} = \text{शे} \\ \text{अ} = \text{रा} - \text{शे} \end{array}\right\} \text{हुन्छ}$$

$$\text{अभीष्ट फल} = \text{अ}^2 = (\text{रा} - \text{शे})^2 = \text{रा}^2 - \text{२ रा शे} + \text{शे}^2$$

$$= \text{रा}^2 - \text{शे} \; (\text{२ रा} - \text{शे})$$

$$= \text{रा}^2 - \frac{\text{शे फ}}{\text{फ}} (\text{२ रा} - \text{शे})$$

$$= \text{रा}^2 - \frac{\text{शे}}{\text{फ}} (\text{२ रा फ} - \text{शे फ})$$

$$= \text{रा}^2 - \frac{\text{शे}}{\text{फ}} \left(\frac{\text{४ रा फ}}{\text{२}} - \frac{\text{२ शे फ}^2}{\text{२ फ}} \right)$$

$$= \text{रा}^2 - \frac{\text{शे}}{\text{फ}} \left(\frac{\text{४ रा फ}}{\text{२}} - \frac{\text{२ फ}^2 \times \text{शे}}{\text{२ फ}} \right)$$

$$= \text{रा}^2 - \frac{\text{शेष}}{\text{अन्तर}} \left(\frac{\text{भुक्तखण्ड} + \text{भोग्यखण्ड}}{\text{२}} - \frac{\text{विशेष} \times \text{शेष}}{\text{२ अन्तर}} \right)$$

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundi

अघि १० को वर्ग १००, बीचको राशि पर्न गएको थियो र सोभन्दा धेरै १७ को वर्ग थाहा पाउनुपरेको थियो अर्थात् मान बढ्दै गएको थियो।

अहिले १० को वर्ग १०० नै बीचको राशि पर्न गएको छ। तर सोभन्दा थोरै ३ को वर्ग थाहा पाउन परेको छ अर्थात् मान घट्दै गएको छ।

अघि

$$\frac{\text{भुक्तखण्ड} + \text{भोग्यखण्ड}}{२} + \frac{\text{विशेष} \times \text{शेष}}{२\ \text{अन्तर}} = \text{स्फुट भोग्यखण्ड}$$

भएको थियो।

अहिलेचाहिं

स्फुट भोग्यखण्डको रूप

$$\frac{\text{भुक्तखण्ड} + \text{भोग्यखण्ड}}{२} - \frac{\text{विशेष} \times \text{शेष}}{२\ \text{अन्तर}}$$

पर्न गएको छ।

यति कुराबाट

बढ्दै गएमा

अभीष्ट फल

$$= \text{रा}^2 + \frac{\text{शेष}}{\text{अन्तर}} \left(\frac{\text{भुक्तखण्ड} + \text{भोग्यखण्ड}}{२} + \frac{\text{विशेष} \times \text{शेष}}{२\ \text{अन्तर}} \right)$$

घट्तै गएमा

अभीष्ट फल

$$= \text{रा}^2 - \frac{\text{शेष}}{\text{अन्तर}} \left(\frac{\text{भुक्तखण्ड} + \text{भोग्यखण्ड}}{२} - \frac{\text{विशेष} \times \text{शेष}}{२\ \text{अन्तर}} \right)$$

हुन्छ।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding

यताबाट तलको सूत्र बस्न आउँछ।

यातैष्ययोः खण्डकयोर्विशेषः
शेषेण निघ्नो द्विगुणान्तराप्तः।
वृद्धौ गतैष्यैक्यदलं तदाढ्यं
क्षये तदूनं स्फुटभोग्यखण्डम् ॥

एकैनासका गति नभएका तीनवटा राशिलाई क्रमसँग एउटै ठाडो पंक्तिमा लेख्नू। दोस्रोबाट पहिलो घटाई पहिलो अन्तर, तेस्रोबाट दोस्रो घटाई दोस्रो अन्तर ल्याउनू। दोस्रो अन्तरबाट पहिलो अन्तर घटाई अन्तरान्तर (अन्तरको पनि अन्तर) ल्याउनू।

पहिलो अन्तर भुक्तखण्ड कहाउँछ। दोस्रो अन्तर भोग्यखण्ड कहाउँछ। अन्तरान्तर विशेष कहाउँछ। जुन राशिको फल बीचको राशि छ, सो राशि र आफ्नो इष्टराशिको अन्तर शेष कहाउँछ। जुन राशिको फल पहिलो राशि छ तथा जुन राशिको फल दोस्रो राशि छ, ती दुई राशिको अन्तर अन्तर कहाउँछ। विशेषलाई शेषले गुनी द्विगुणित अन्तरले भाग लिनू, आएको लब्धि फल कहाउँछ। बढ्दै गएको भए भुक्तखण्ड र भोग्यखण्डको योगको आधामा फल जोड्नू, योगफल स्फुट भोग्यखण्ड हुन्छ। घट्तै गएको भए भुक्तखण्ड र भोग्यखण्डको योगको आधामा फल घटाउनू, शेष स्फुट भोग्यखण्ड हुन्छ।

अन्तर-प्रमाण
स्फुट भोग्यखण्ड-प्रमाणफल
शेष-इच्छा

मानी त्रैराशिक गरी इच्छाफल ल्याउनू।

बढ्दै गएको भए
बीचको फल + इच्छाफल = अभीष्ट फल

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundi

घट्तै गएको भए

बीचको फल – इच्छाफल = अभीष्ट फल हुन्छ ।

१ उदाहरण

$२^2 = ४$

$१०^2 = १००$

$१८^2 = ३२४$ भए

$१७^2 =$ कति भन्दा

४

    ९६ भुक्तखण्ड

१००   १२८ विशेष

    २२४ भोग्यखण्ड

३२४

१७ – १० = ७ शेष

२० – २ = ८ अन्तर

$$\frac{\text{विशेष} \times \text{शेष}}{\text{२ अन्तर}} = \frac{१२८ \times ७}{२ \times ८} = ८ \times ७ = ५६$$

$$\frac{\text{भुक्तखण्ड} + \text{भोग्यखण्ड}}{२} = \frac{९६ + २२४}{२} = \frac{३२०}{२} = १६०$$

यहाँ बीचको फल १०० (१० को वर्ग) भन्दा अभीष्टफल (१ को वर्ग) धेरै आउँछ अर्थात् बढ्दै गएको छ ।

यस कारण

१६० + ५६ = २१६ स्फुट भोग्यखण्ड

प्रमाण	प्रमाणफल	इच्छा
८	२१६	७

l Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding:

$$\frac{२१६ \times ७}{८} = २७ \times ७ = १८९$$

अभीष्ट फल=१७ को वर्ग

=१०० + १८९=२८९

२ उदाहरण

$२^2 = ४$

$१०^2 = १००$

$१८^2 = ३२४$ भए

$३^2 =$ कति भन्दा

यहाँ बीचको फल १०० (१० को वग) भन्दा अभीष्ट फल (३ को वर्ग) थोरै आउँछ अर्थात् घट्तै गएको छ।

यस कारण

१६० − ५६ = १०४ स्फुट भोग्यखण्ड

प्रमाण	प्रमाणफल	इच्छा
८	१०४	७

$$\frac{१०४ \times ७}{८} = १३ \times ७ = ९१ \text{ फल}$$

अभीष्ट फल=३ को वर्ग=१००− ९१=९

१ तथा २ प्रश्नमालाका जम्मै प्रश्नका उत्तर यस सूत्रबाट ल्याई यसको अभ्यास गर्नु आवश्यक छ।

[यस निबन्धलाई तयार गर्दा मेरो साथ रही मेरो विचारअनुसार नानी गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तले काम गरेका छन्। यी दुवै धन्यवादका पात्र छन्।]

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

संस्कार

(क्रमागत)

—दामोदर कोइराला

पुंसवन—

षोडशसंस्कार मध्ये गर्भाधान पछि आउने दोश्रो संस्कार पुंसवनसंस्कार हो। पुंसवनको अर्थ हो, पुं-सन्तति पैदागर्नु। जुन कर्मद्वारा पुं-सन्ततिको जन्म हुन्छ त्यो कर्म पुंसवन भनिन्छ— "पुमान् प्रसूयते येन कर्मणा तत् पुंसवनमीरितम्"— वीरमित्रोदय। पुं-सन्तति पैदागर्नु यो संस्कारको मुख्य उद्देश्य हो र यसको आर्को लक्ष्य जन्मेका सन्तानलाई उज्ज्वल र समुन्नत पार्नु पनि हो। मानसिक तथा बौद्धिक विचारशक्तिद्वारा ठूला ठूला महत्वपूर्ण कुरा विचार गर्नसक्ने हुनु, विचारमा आएका त्यस्ता महत्वपूर्ण कुराहरू उपयोगमा ल्याएर लोकोपकार गर्नसक्ने हुनु र परमपुरुषार्थरूप धर्मार्थकाममोक्षहरूको समेत उपार्जन गर्न सक्नु नै समुज्ज्वल र समुन्नत जीवन भएको मानिन्छ। मानिसमा पवित्रता अथवा अन्तस्करणको शुद्धि नभई यी कुनै कुरा पनि हुन सक्तैनन्। संस्कारद्वारा मानिस पवित्र हुन्छ र उसको अन्तस्करणको शुद्धि पनि संस्कारबाटै हुन्छ। यसकारण द्विजातिको गर्भैदेखि संस्कारको प्रारम्भ हुन्छ।

खानीबाट भर्खर निकालिएको सून पहिले नै चमकदार हुँदैन; त्यसमा अनेकौं कीट मलहरू टाँसिएका हुन्छन्, त्यसलाई आगोमा हालेर विधिपूर्वक खारेपछि मात्र त्यो सूनमा चमक आउँछ र ऊ स्वयं सुवर्ण बन्दछ। त्यस्तै बालक जन्मंदा पनि सून जस्तै बाहिर मलले छोपिएर तथा भित्र पनि चर्मचक्षुले नदेखिने अनेकौं मलले भरिएर जन्मन्छ। संस्कारद्वारा उसका सबै मलहरू क्रमैले नाश हुँदै जान्छन्

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

र उसको अन्तस्करण पनि शुद्ध हुँदै जान्छ। यसले उसको विचारशक्ति बढ्दै जाने हुन्छ र पछि ऊ ठूलो पराक्रमी विचारशील तथा अलौकिक-शक्तिसम्पन्न हुन्छ।

बालकमा उसको जन्मान्तरदेखि केही त्यस्ता दोषहरू स्वयं आएका हुन्छन्। फेरि बाबुबाट बीजसम्बन्धी अर्थात् बैजिकदोष, आमाबाट गार्भिक (रक्तसम्बन्धी) दोष जस्ता अनेकौं दोषहरू पनि उसमा आएका हुन्छन्। यी दोषहरू बालकका हरेक उत्कर्षहरूका हानिकारक हुन्छन्। फेरि अर्को कुरा शिशु गर्भमा बस्दा मलमूत्र आदिले भिजेको हुन्छ; यसले पनि बालक सधैं अपवित्र भइरहन्छ, उसको वुद्धिमा कहिल्यै पनि विकास आउन सक्तैन। उसको रूपमा सौन्दर्य आउन सक्तैन तथा ज्ञानको उदय पनि हुन पाउँदैन। ज्ञानोदय जस्ता उत्कर्षका प्रतिबन्धक यी दोषीतत्वहरूको परिमार्जन संस्कारबाट मात्र हुन्छ। संस्कार बेगर मानिसको कुनै उत्कर्ष पनि संभव हुँदैन। यसकारण गर्भतत्त्व र कर्मतत्वको महत्त्व वुझेका हाम्रा पूर्वाचार्यहरूले वैदिकपरंपरालाई कायम राखी धर्मको आधारमा मन्त्र र औषधीको प्रयोगद्वारा मानिसको उत्कर्षमा प्रतिबन्धक त्यस्ता हानिकारक तत्त्वहरू परिमार्जनगर्ने र उसलाई पवित्र बनाउने उद्देश्यले संस्कारका रूपमा यस्ता कर्महरूलाई उत्कृष्ट स्थान दिएका हुन्। उनीहरूमा विवेकदृष्टि अर्थात् भित्री आँखाले देख्नसक्ने सामर्थ्य थियो। उनीहरूले त्यस्ता हानिकारकतत्त्व (भित्री मल) पखालेर फ्याँक्ने उपाय जानेकाले सोही कुरा हामीजस्तालाई पनि सिकाइदिने उद्देश्यले संस्कारको रूपमा राखिदिएका हुन्। यी आध्यात्मिक कुरा हुन्। अध्यात्मतर्फ दृष्टि झुकेकाहरूले र आध्यात्मिक कुरामा विश्वास राख्नेले मात्र यस्ता कुरा वुझेका हुन्छन्। जो केवल बाहिरी कुरा अर्थात् भौतिक रमझममा भुलेर मूढेबलले कार्यसम्पादन गर्न खोज्ने छन् त्यस्ताका दृष्टिमा यस्ता तात्त्विक कुराहरू देखापर्दैनन्। यस्ता कुरामा विश्वास राखेर कर्मको महत्त्व वुझेर जो काम गर्छन् ती सफल पनि हुन्छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

संस्कारमा पुंसवनको ठूलो स्थान छ। कारण, यसले बालकका सबै किसिमका दूषित मल पखालेर उसलाई पवित्र बनाउँछ र उसमा त्यस्तो एउटा अलौकिक शक्ति पैदा गराउँछ जसबाट उसको उत्तरोत्तर ज्ञानवृद्धि हुँदै जान्छ, रूपमा सौन्दर्य आउँछ, शरीरमा कुनै त्यस्तो पीडा बाधा हुँदैन अर्थात् सदा स्वस्थ रहन्छ। उसको सारा जीवन नै परिपूर्ण मङ्गलमय बन्दछ।

पुंसवनसंस्कार गर्भस्थ शिशुमा पुंस्त्व ल्याउने र उसलाई पवित्र बनाउने उद्देश्यले गरिने गर्भसंस्कार हो। कोही यसलाई क्षेत्रसंस्कार मान्दछन्। जुन क्षेत्रसंस्कार पहिलो गर्भमा एकपल्ट मात्र गरिन्छ। "एते च पुंसवनसीमन्तोन्नयने क्षेत्रसंस्कारकर्मत्वात् सकृदेव कार्ये न प्रतिगर्भम्"— मिताक्षरा। अर्थात् पुंसवन र सीमन्तोन्नयन संस्कार क्षेत्रसंस्कार हो र यो संस्कार एकपल्ट मात्र गरे पुग्छ प्रत्येक गर्भमा आवृत्ति गर्नु पर्दैन। तर अन्य स्मृति र गृह्यसूत्रहरूमा गर्भसंस्कार भित्रै परिगणन गरेकोले प्रत्येक गर्भमा यसको आवृत्ति गर्नु पर्छ। वहुसम्मत सिद्धान्त पनि यही नै हो।

पुंसवनकाल— गर्भधारण गरेको निश्चय भएपछि तेस्रो महीनादेखि आठौं महीनासम्मको अवधिलाई स्मृतिसम्मतकाल र गर्भ चल्नु भन्दा अगाडिको अवधि अर्थात् दोस्रो वा तेस्रो महीनालाई सूत्रसम्मतकाल मानिएको छ— "अथ पुंसवनम्। पुरा स्पन्दत इति मासे द्वितीये तृतीये वा"— पारस्करगृह्यसूत्र।

गर्भस्थशिशु जुन समयदेखि गर्भाशयमा चलनचलमलाउन थाल्दछ ठीक यसै वेलामा त्यो शिशुको चिह्न बन्दछ अर्थात स्त्रीपुरुषको लिङ्ग छुट्टिन्छ। त्यसकारण यसवेला गरिएको पुंसवनसंस्कारबाट शिशुमा पुंस्त्व प्रादुर्भाव हुन्छ। जो कर्म गरिन्छ त्यो ठीक समयमा गरिएको हुनुपर्छ। जुनसुकै कर्म पनि ठीक समयमा गरिएको छ भने परिणाममा शुभफल दिने हुन्छ। पुं-सन्तति पैदागर्नु यसको मुख्य लक्ष्य

l Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding:

भएको र लिङ्ग छुट्टिने काल पनि सूत्रसम्मतकाल भएकोले यसवेला पुंसवनकर्म गर्नु ज्यादै उपयुक्त देखिन्छ ।

प्रयोगविधि :— पुंसवनकर्मको कर्ता गर्भिणीको पति नै मानिएको छ । ज्योतिषले दिएको शुभमुहूर्तमा यो कर्म गरिन्छ । जुन दिनमा चन्द्रमा पुरुषनक्षत्रले युक्त भएर (अर्थात् तिष्य, श्रवण आदि नक्षत्रमा) बसेका हुन्छन् । त्यस दिनमा पुंसवनकर्म गर्नू भन्ने शास्त्रको वचन भएकोले सोही अनुसार गर्नुपर्छ । प्रयोगविधिमा स्वस्तिवाचन, मातृकापूजा, आभ्युदयिक श्राद्ध आदि गर्नू भन्ने विधान छ, यसैले यी सबै कर्महरू प्रातःकृत्यका साथसाथै गरिन्छन् । अर्थात् गर्भिणीपतिले पुंसवन गर्ने दिनमा यी सबै कुरा गरेर मात्र पुंसवनकर्म गर्दछ ।

गर्भिणीले यस दिनमा स्नान गर्नु, शुद्धवस्त्र लगाउनु, उपवास बस्नु आदि नियमको पालना गर्नुपर्छ । अर्थात् यस दिनमा गर्भिणीले केही कुरा पनि खान हुँदैन । तर कसैले ता अघिल्लो दिनमा खान हुँदैन भनेका छन् ।

कर्मगर्ने दिनमा गर्भिणीपति आफ्ना प्रातःकृत्यका साथसाथै यी सबै कर्म पनि गर्छ र वेलुका साँझमा उपवास गरेर नियममा बसेकी पत्नीलाई शुद्ध कोमल आसनमा बसाउँछ । तत्पश्चात् वटवृक्षको तल जमीनतिर झुण्डिएको जरा र त्यसै वृक्षको माथि पलाएको पालुवा ल्याएर पानी मिलाएर कुटेर रस निकाल्छ । कसै कसैले कुशको जरा र सोमलता पनि साथै कुटनुपर्छ भनेका छन् । त्यो रस कपडामा छानेर गर्भिणीको दाहिने नाकको प्वालबाट मन्त्रपूर्वक भित्र पठाइदिन्छ । यस्तो विधिले प्रयोग गरेको रसबाट गर्भिणीलाई कुनै कुराबाट असजिलो भयो अथवा पीरो टर्रो केही भयो भने पनि उसले त्यो क्षणिक दुःख सहनुपर्छ उकेलेर मिल्काइदिन हुँदैन । जसरी भए पनि त्यो रस भित्र पसेर शरीरमा भिज्न पाओस् । मन्त्रले अभिमन्त्रित यो रसको परिणाम गर्भस्थ शिशुको र गर्भिणीको समेत ज्यादै ठूलो कल्याणकारक हुनेछ । यो रसले शिशुलाई दाह पीडा आदि गर्भाशयमा बस्दा हुने

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

सबै दुःखबाट बचाउँछ। गर्भिणीलाई पनि अरुची तथा शरीरमा आउने ग्लानि जस्ता कुराबाट बचाउँछ। यतिमात्र होइन, मन्त्र र औषधीको शक्तिबाट शिशुमा पुंस्त्व समेत ल्याउँछ। शिशुलाई दाह पीडा आदि दुःखबाट बचाउँछ भन्ने कुरा सुश्रुतको सूत्रस्थान ३८ अध्यायमा उल्लेख छ। जस्तै—"लब्धगर्भायाश्चैतेष्वहः सुलक्ष्मणावट-शुङ्गसहदेवीविश्वदेवानामन्यतमं क्षीरेणाभिघुष्य त्रीँश्चतुरो वा विन्दून् दद्याद्दक्षिणनासापुटे पुत्रकामायै न च तन्निष्ठीवेत्" - सुश्रुत, शरीरस्थान, अध्याय २।

पुत्र जन्मेर मात्र पनि बाबुलाई सन्तोष हुँदैन र ऊ आफ्नो पुत्रको सबै तरहबाट उत्कर्ष भएको र उसले पराक्रम गरेको समेत हेर्ने इच्छा राख्छ। यसकारण जसले यस्तो इच्छा राखेको हुन्छ त्यसले आर्को विशेषकर्म गर्नुपर्छ। यो कर्म पनि सूत्रमा पुंसवनकै प्रकरणमा आउँछ। जो विधि यस प्रकारको छ :—

'एउटा कहतारो अथवा भियूँटमा पानी भरेर गर्भिणीपतिले गर्भिणीको काखमा राख्नुपर्छ र आफ्नो दाहिने हातले उसको गर्भाशय-मा 'नाभिमा) छोएर 'सुपर्णोसि' भन्ने मन्त्र पढेर अभिमन्त्रण गर्नुपर्छ।'

यस कर्मको अनुसन्धान गर्ने हो भने पनि काखमा राखेको पूर्णपात्रले उसको जीवनमा परिपूर्णताको झलक ल्याउँछ, मन्त्रार्थबाट पराक्रमी पुत्रको कामना गरेको स्पष्ट हुन्छ।

सीमन्तोन्नयन- द्विजातिका संस्कारहरूमध्ये तेस्रोमा सीमन्तो-न्नयनसंस्कार आउँछ। यसमा पुरुषले गर्भिणीपत्नीको कपाल कोरेर कपाल र निधारको सन्धिबाट कपाल सम्याउँदै माथि उठाएर कपाल एकै ठाउँमा जम्मा गरी जुरो जस्तो पारिदिन्छ। यसैलाई सीमन्तो-न्नयनकर्म वा संस्कार भन्दछन्। "सीमन्त उन्नीयते यस्मिन् कर्मणि तत् सीमन्तोन्नयनमिति कर्मनामधेयम्" - वीरमित्रोदय॥ अर्थात् जुन कर्म-मा सिउँदो माथितिर लगिन्छ त्यो कर्मको नाम हो सीमन्तोन्नयन।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

सीमन्तसंस्कार अरूजस्तो प्रत्येक गर्भमा आवृत्ति गर्नपर्दैन। यसलाई क्षेत्रसंस्कार अथवा स्त्रीसंस्कारको रूपमा मान्दछन्। यसकारण सीमन्तसंस्कार प्रथमगर्भमा एकपल्ट गरिन्छ। "सकृत्संस्कृतसंस्काराः सीमन्तेन द्विजस्त्रियः। यं यं गर्भं प्रसूयन्ते स सर्वः संस्कृतो भवेत्॥" अर्थात् एकपल्ट सीमन्तसंस्कारद्वारा संस्कार गरिएका द्विजभार्याहरू जति गर्भ पैदागर्छन ती सबै गर्भसंस्कार गरिएकै मानिन्छन्। यसकारण यो संस्कार प्रत्येक गर्भमा आवृत्ति गरिंदैन।

सीमन्तसंस्कारबाट गर्भिणीको सिउँदोमा लक्ष्मीको आराधना हुन्छ र गर्भिणी तथा गर्भ दुवैको रक्षा हुन्छ। यस विषयमा यस्तो उल्लेख पनि पाइन्छ –

"पत्न्याः प्रथमजं गर्भमत्तुकामाः सुदुर्भगाः।
आयान्ति काश्चिद्राक्षस्यो रुधिराशनतत्पराः॥
तासां निरसनार्थाय श्रियमावाहयेत्पतिः।
सीमन्तकरणी लक्ष्मीस्तामावहति मन्त्रतः॥"

– आश्वलायन

अर्थात् रगत खानामा लुब्ध भएका यस्ता केही राक्षसीहरू छन् जो प्रथम गर्भवतीको गर्भलाई खान आउँछन्। तिनीहरूलाई हटाउन पुरुषले (सिउँदोमा) लक्ष्मीको आवाहन गरिदेओस् र सीमन्तकरणी लक्ष्मीलाई मन्त्रपूर्वक बोलाओस्। यस्तो मन्त्रअनुसार सीमन्तसंस्कारद्वारा सिउँदोमा लक्ष्मीको आवाहन हुन्छ, लक्ष्मी आएर सिउँदोमा बस्तछिन्। लक्ष्मीका प्रभावले राक्षसीहरू भाग्दछन्। संस्कारको आर्को प्रयोजन गर्भिणीको ऐश्वर्य (सुख) प्राप्ति र शिशुको दीर्घायुष्य प्राप्तिका निमित्त पनि हो।

कालः – सीमन्तसंस्कार कहिले गर्ने भन्ने विषयमा गृह्यसूत्रको यस्तो वचन छ– "अथ सीमन्तोन्नयनम्, प्रथमगर्भे मासे षष्ठेऽष्टमे वा"-– पारस्कर। अर्थात् प्रथमगर्भको छैटौं वा आठौं महीनामा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundir

सीमन्तोन्नयनकर्म गर्न् । यसैलाई लिएर याज्ञवल्क्य भन्दछन्: – 'षष्ठेऽष्टमे वा सीमन्तः' । यसरी सबैले छैटौं महीनादेखि आठौं महीनासम्मको अवधिलाई सीमन्तसंस्कारको काल मानेका छन्। आर्कोतिर आयुर्वेद भन्दछ– पाँचौं महीनादेखि गर्भस्थ शिशुको मानसिक तत्त्वहरूको निर्माणकाल शुरू हुन्छ । "पञ्चमे मनः प्रतिबुद्धतरं भवति, षष्ठे बुद्धिः" - सुश्रुत, शरीरस्थान । अर्थात् पाँचौं महीनामा गर्भस्थशिशुको मन जागा हुन्छ, छैटौं महीनामा बुद्धि । फेरि यसमा प्रयुक्त औषधीहरू मन तथा बुद्धिका उपकारक अर्थात् मानसिक तत्त्वहरूलाई बलप्रदान गर्ने, गर्भसंरक्षण गर्ने र उनीहरूलाई विकास गर्ने खालका गुणले संयुक्त देखिन्छन् । मन्त्रहरू पनि मनलाई दृढ बनाउने र बुद्धिलाई बढाउने छन् । अब विशेष विचारणीय कुरा यहाँ छ । जो स्मृति तथा सूत्रले बताएको काल, आयुर्वेदको भनाइ अनुसार मानसिक तत्त्वहरूको निर्माणकाल, औषधीहरूको गुण र मन्त्रका अर्थहरू समेतको अनुसन्धानपूर्वक अध्ययन गरेमा सीमन्तोन्नयनको प्रयोजन के रहेछ भन्ने कुरा सबैलाई छर्लङ्ग हुनेछ । जस्तै शरीरमा रहेका विभिन्न भौतिक तत्त्वहरू ठीक समयमा चाहिने खुराक उनीहरूले पाएनन् भने जसरी दुब्लाउँछन् , मानसिकतत्त्वहरू पनि ठीक समयमा त्यसरी नै दुब्लाउँछन । अर्थात् त्यस्ताका मन तथा बुद्धिले चाहिएको वेलामा कुनै काम दिन सक्तैन । यसकारण जसको उक्त समयमा शास्त्रानुसार सीमन्तसंस्कार गरिन्छ त्यसको मानसिकतत्त्वहरू सबल र विकसित हुन्छन र उसको जीवन सफल हुन्छ ।

विधिविधान – सीमन्तोन्नयनमा पनि पुंसवनमा बताइएका तिथि नक्षत्रादि मुहूर्त लिइएको छ । स्वस्तिवाचन, मातृकापूजा, आभ्युदयिकश्राद्ध आदि साधारण कर्महरू पुंसवनकै समान हुन्छन् र यसमा हवनको पनि विशेष विधान गरेकोले सूत्रानुसार हवन समेत गर्नुपर्छ । हवनको पश्चात् यो संस्कारको खास आफ्नो विधि आउँछ । जस्तै—

पतिले अग्निको (हवनकुण्डको) पश्चिमपट्टि एउटा कोमल आसन

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

विछ्याएर गर्भिणीपत्नीलाई बसाउँछ । आफ्नो दाहिने हातले डुम्री-को फलले संयुक्त एउटा झुप्पो (जुन झुप्पो विजोर फल फलेको र काँचा फलहरू भएको हुनुपर्छ), कुशका पवित्र, तीन ठाउँमा सेतो भएको दुम्सीको काँडो, उशीरको डाँठ र धागो कातेर भरिएको कतुवा यति पाँच थोक लिएर व्याहृतिका तीन मन्त्रले तीनपल्ट पत्नीको कपाल सम्याउँदै सिउँदो उठाउँछ । 'जस्तो यो वृक्ष फलवान् छ, त्यस्तै तिमी पनि फलवती होऊ अर्थात् सन्तान पैदागर्ने होऊ'। यस्तो अर्थपूर्ण मन्त्र भन्दै चुल्ठोलाई तीन फेरो घुमाउँदछ र ती आफ्ना हातमा लिएका सबै कुरा त्यही चुल्ठोमा बाँधिदिन्छ ।

संस्कारका विधिमा यस्ता कपाल कोरिदिने जस्ता ठट्यौला कुराहरू पनि देखिन्छन् । साधारण दृष्टिले हेरेमा यो साँच्चै नै ठट्टा गरेको पो हो कि जस्तो भान हुनसक्छ ; तर ठट्टाजस्तो देखिए तापनि यो पुरुषको कर्तव्यकर्मको खास अङ्ग नै हो । विशेष यसै कुरामा अझ गहीरिएर हेर्ने हो भने पनि गर्भिणीलाई उसले मागेको 'दौहृद' (उसको इच्छाले मागेको कुरा) पूरा गरिदिनु, उसको मन सदा प्रसन्न राखि-दिनु आदि कुराहरू समेत पुरुषको कर्तव्यभित्र पर्न आउँछन् । गर्भिणीले उसका इच्छाले मागेका कुराहरू यदि पुरुषले पुऱ्याइदिन सकेन भने त्यसबाट जन्मेको भावी सन्तान अनेक दोषले भरिएको, कुरूप अथवा धेरैकालसम्म न बाँच्ने यस्तो हुन्छ भन्ने लोकोक्ति छ । यस कुरालाई शास्त्रले पनि पुष्टि दिन्छ –

"दौहृदस्याप्रदानेन गर्भो दोषमवाप्नुयात् ।
वैरूप्यं निधनं वापि तस्मात् कार्यं प्रियं स्त्रियाः ॥"

– याज्ञवल्क्यस्मृति

यसपछि गर्भिणीले पनि नियममा रहनुपर्छ जुन नियमहरू धर्मशास्त्रमा र पुराणहरूमा प्रशस्त पाइन्छन् । तीमध्ये मार्कण्डेय-पुराणमा भएका केही कुरा भनिहालौं । जस्तै ..

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

"केही पिशाचपत्नी र केही राक्षसपत्नीहरू गर्भिणीस्त्रीको गर्भ खान र उसको रगत पिउन नजीक आउँछन्। यसकारण गर्भरक्षाको लागि गर्भिणीले सदा शुद्ध रहनुपर्छ। कुनै देवताको स्मरणगर्न, चन्दन वा माला पहिरिनु आदि कर्मद्वारा उनीहरूलाई हटाउनुपर्छ। आकार-मा विकार आएका त्यस्ता विरूपहरू प्रायः रूख, खाडी, पहाड, समुद्र आदिमा बस्दछन्। ती संधै गर्भिणीको ताकमा रहेका हुन्छन्। यस-कारण गर्भिणीले त्यस्ता ठाउँमा कहिल्यै पनि जानु हुँदैन। फेरि अर्को कुरा गर्भहन्ता (गर्भनाशक) का विघ्न भन्ने छोरो र मेहिनी भन्ने छोरी गरी जम्मा दुइटा सन्तान छन्। ती दुवै क्रूरस्वभाव भएका छन्। गर्भाशयमा पसेर विघ्नले गर्भपिण्डलाई खाइदिन्छ, मेहिनी पनि गर्भमा पसेर गर्भपात गराइदिन्छे। कसैको गर्भमा बालक बन्नुको सट्टा सर्प, भ्यागुतो, ग्राह आदि बन्दछ; यसो हुनु पनि मेहिनीको दुष्टताको परिणाम हो। यसकारण गर्भिणीले पवित्र भएर नियममा रहनुपर्छ" आदि आदि।

l Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding:

वैदिक-मर्यादाहरू

—प्रो० जी० सी० शास्त्री

"सप्त मर्यादाः कवयस्ततक्षुः
तासामेकामिदभ्यंहुरोगात्"

—ऋक् १०-५-६
—अथर्व ५-१-६

यास्काचार्यले आफ्नो निरुक्तमा यस वेदमन्त्रको अर्थ गर्दा लेखेका छन् कि विद्वान्हरूले सात मर्यादाहरू बनाएका छन्। यिनमा एउटाको मात्र उल्लंघन गरेमा पनि मानिसलाई पाप लाग्छ। ती मर्यादाहरूको अतिक्रमण गरेमा मानिस महापातकी हुन्छ। जस्तो—

१. स्तेयम्— चोरी गर्नु, कालाबजार वा चोरबजार गर्नु, खाद्य पदार्थमा मिसावट गर्नु।

२. तल्पारोहणम् - व्यभिचार गर्नु अथवा हाडनातासंग व्यभिचार।

३. ब्रह्महत्या— वेद (ज्ञानको) हत्या गर्नु अथवा ईश्वरप्रति आस्था नराख्नु, नास्तिकता।

४. भ्रूणहत्या— गर्भपात, बालहत्या, स्त्रीहत्या आदि।

५.सुरापानम् - रक्सी, गाँजा, भाँग, चरेस आदि मादक पदार्थको सेवनगर्नु।

६. दुष्कृतकर्मणः पुनः पुनः सेवा— खराब कामलाई बारंबार गर्नु।

७. पातके अनृतोद्यम्— पाप लुकाउनाको लागि झूठो बोल्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Fundi

धर्मसूत्रहरूमा पनि यी सात पाप मानिएका छन्— जस्तो आपस्तम्बधर्मसूत्र (१–७–२१) र गौतमधर्मसूत्र (२१–१) मा। मनुधर्मशास्त्रमा (७-५०-५१) निम्नलिखित यी सात पाप गनिएका छन्:– (१) पानम्— मादकद्रव्यको सेवन (२) अक्षाः— जुवा खेल्नु (३) स्त्रियः— व्यभिचारगर्नु (४) मृगया— शिकार (५) दण्डस्य पातनम्— कठोर या अमानुषिक सजाँय गर्नु (६) वाक्पारुष्यम् – कठोर या अपशब्द बोल्नु (७) अर्थदूषणम्— अर्काको धनमालको अपहरण गर्नु।

मल्लकालिन नेपालका अभिलेखहरूमा पनि यी महापातकहरूको उल्लेख पाइन्छन्। जस्तो – श्रीनिवासमल्लको भक्तपुर महाकालीको अभिलेखमा र राजा प्रतापमल्लको पशुपतिको अभिलेखमा निम्नलिखित महापातकहरू पाइन्छन् :—

(१) ब्रह्महत्या (२) गोहत्या (३) स्त्रीहत्या (४) बालहत्या (५) गुरुहत्या (६) अगम्यागमन (हाडनातासंग संभोग) (७) शिवलिङ्ग ध्वंसन र अभक्ष्यभक्षणं (नखाने वस्तुहरू खानु)।

(अभिलेख संग्रह, भाग ३ इ० सं० मण्डल)

यी माथिका भिन्न भिन्न काल र भिन्न भिन्न परिस्थितिका मर्यादाहरूको मूलतत्त्वमा राष्ट्र अथवा मानवताको रक्षाको भाव नै देखिन्छ। सदाचारी जनकल्याणकारी, उपकारी व्यक्तिहरूबाट जुन कुरालाई मान्यता दिइन्छ त्यही मर्यादा, सदाचार अथवा नैतिकता हो। यसको विपरीत महापाप हो। "मर्यैः सद्भिः या आदीयते सा मर्यादा, वा मर्या सीमा तस्यां या दीयते सा मर्यादा"। अर्थात् धर्मशास्त्र, आचार, व्यवहारादिको सीमाको उल्लंघन नगर्नु मर्यादा हो। यसले गर्दा समाजमा अनुशासनहीनता, व्यभिचार, भ्रष्टाचार, घूसखोरी, कालाबजार, चोरबजार आदि रहँदैनन् र देशमा बलियोले निर्धोलाई दबाउन (मात्स्यन्याय हुन) पाउँदैन। व्यभिचार या हाडनाताको यौनसम्बन्धले कुलस्त्रीहरूको पतन हुन्छ र जातिधर्म तथा

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

कुळधर्मको लोप हुन्छ । जसले गर्दा पछि राष्ट्र र जातिको सदा अधोगति हुन्छ । जसलाई शास्त्रमा नरकवास भनेको छ । 'नीचैः गमनं नरकम्' अर्थात् अधोगति नै नरक हो । भनिएको पनि छ—

'अधर्माभिभवात् कृष्ण ! प्रदुष्यन्ति कुलस्त्रियः' ।
(गीता १–४०॥)

'उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः' ।
(गीता १–४३)

'नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम' ।
(गीता १-४४)

राष्ट्रको मर्यादाको सुरक्षामा स्त्रीरक्षाको ठूलो स्थान छ । यसकारणले बालहत्या, स्त्रीहत्या, भ्रूणहत्या, हाडनातासित यौनसम्बन्ध महापाप गनिएका छन् । स्त्रीहरूको रक्षामा राष्ट्रको रक्षा हुन्छ । शत्रुहरू यिनीहरूलाई भोगविलासितामा आसक्त गराएर अथवा यिनीहरूको अपहरण या धर्मान्तर गराएर राष्ट्रको पतन गराउँछन् ।

'राक्षसानां परो धर्मः परदाराभिमर्षणम्'
—वाल्मीकि

अर्थात् अर्काका स्त्रीहरूको अपहरण गर्नु नै विधर्मीहरूको ठूलो धर्म हो । यसकारण यिनीहरू परिवार नियोजन अथवा एक स्त्रीविवाहलाई मान्यता दिँदैनन् । आफ्नो जनसंख्याद्वारा प्रभुत्व बढाउनु नै उनीहरूको मुख्य ध्येय देखिन्छ ।

ब्रह्महत्या— वेदादि धर्मशास्त्र, विद्या या विज्ञानको हत्या गर्नु ठूलो पाप मानिएको छ । 'न हि ज्ञानेन सदृशं पवित्रम्' —गीता । ज्ञान जस्तो पवित्र गराउने कुनै वस्तु छैन । यसकारण राष्ट्रमा विद्या, नैतिक धार्मिक शिक्षा र ईश्वरमाथि आस्था बढाउनु ठूलो मर्यादा मानिएको छ र वेदज्ञ, सदाचारी विद्वान्हरूको 'बध' हाम्रो धर्मशास्त्रमा निषेध गरिएको छ । किनभने यिनीहरू आफ्नो पवित्र आचार व्यवहार र ज्ञानले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Fundi

गर्दा एक प्रकारको 'घुम्ती पुस्तकालय' हुन्छन्। धर्म र ईश्वरमा आस्था नरहेमा राष्ट्रमा नैतिकताको अभाव र भ्रष्टाचार घूसखोरी बढ्दछन्।

सुरापान— राष्ट्रको स्वास्थ्य तथा चरित्र पतन गराउनु र यसको अपार धनराशिको क्षय गराउनुमा मादक द्रव्यसेवनको ठूलो हात देखिन्छ। विशेष गरेर राष्ट्रका युवक र युवतीहरूको पतनमा यसको ठूलो हात देखिन्छ। विदेशी शक्तिहरू यसलाई गुप्त तरिकाले प्रोत्साहन दिएर राष्ट्रलाई निर्बल गराउँछन् र यसमाथि आफ्नो प्रभुत्व जमाउन खोज्छन्। इतिहास यस कुराको साक्षी छ। भारतमा रक्सी र चीनमा अफीमको प्रचारले गर्दा यी राष्ट्रहरूको पतन भएको इतिहास सबैलाई थाहै छ।

स्तेय (चोरी)— चोरीगर्नु ठूलो अपराध मानिएको छ। तर यसका कारणहरू पत्ता लगाई यसको प्रतिकारगर्नु र राष्ट्रमा सुव्यवस्थाको स्थापनागर्नु अनिवार्य कुरा हो। चोरीको अर्थमा आजकलको कालावजार खाद्यपदार्थमा मिसावट, मालसामान लुकाएर वस्तुहरूको मूल्य बढाउनु, स्वदेशी वस्तुको ठाउँमा विदेशी वस्तुहरूलाई प्रोत्साहन गर्नु, नाफा कमाउनु इत्यादि यो सबै राष्ट्रघातक चोरीका काम हुन्।

प्राचीन मर्यादा सम्पन्न हिन्दूराष्ट्रको वर्णन गर्दै कैकेयदेशका राजा अश्वपतिले सगर्व भनेका थिए—

'न मे स्तेन जनपदे न कदर्यो न मद्यपः।
नानाहिताग्निर्नाविद्वान् न स्वैरी स्वैरिणी कुतः॥

(छान्दोग्योपनिषद्)

अर्थात् मेरो राज्यमा न कुनै चोर छ, न कुनै कंजूस, न कुनै रक्सीबाज, न कुनै यज्ञ आदि धर्म-कर्म न गर्ने, न कुनै मूर्ख अनपढ, न कुनै व्यभिचारी। फेरि व्यभिचारिणी स्त्रीहरूको कुरा कहाँ? वाल्मीकि रामायणमा भरतले पनि कैकेयीको सामु शपथ गर्दै भनेका छन्:—

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

"रामलाई वन पठाउनुमा जसले सल्लाह दिएको छ, त्यसले शास्त्र बिर्सोस्, त्यो पापीको कमारो होस् र त्यसलाई सुतिरहेकी गाईलाई लात हानेर उठाएको जस्तो पाप लागोस्, छोरा समान पालनागर्ने राजाको विरूद्ध विद्रोह गरेको पाप लागोस् तथा प्रजाबाट कर लिएर उसको रक्षा नगर्ने राजालाई लाग्ने पाप लागोस्; देवता-लाई अर्पण नगरी आफैंले एक्लै खानेलाई लाग्ने पाप लागोस्; ऊ कृतघ्न होस् र उसले निःसन्तान भई मर्नुपरोस्, रक्सी विष आदि बेचेर त्यसबाट आफ्ना जहान बचाको पालनपोषण गर्नु परोस्; रक्सी, स्वास्नी र जुवामा लम्पट होस्, दुवै सन्ध्याकालमा सुत्नेलाई लाग्ने पाप लागोस्, देवता पितृ आमाबाबुको सेवा गर्न नपाओस् र विवाहिता स्त्रीलाई त्याग गरेर परस्त्रीको सेवनगर्ने कुबुद्धिलाई लाग्ने पाप लागोस् इत्यादि इत्यादि।"

—वाल्मीकि रामायण अयोध्याकाण्ड सर्ग ७५,
ने. अनुवाद श्री वासुदेव भट्टराई।

परपरिवादे मूकः परनारीदर्शनेऽपि जात्यन्धः ।
पङ्गुः परधनहरणे स जयति लोके महापुरुषः ॥

[अर्काको निन्दागर्नामा लाटो, परस्त्रीदर्शनमा जमान्ध र अर्काको धन चोर्नमा लङ्गडो जस्तो भएर जो मानिस रहन्छ त्यो संसारमा सबैभन्दा ठूलो ठहरिन्छ।]

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

Public Domain. Digitization by eGangotri.Fundi

नेपालमा संस्कृतको आवश्यकता किन ?

—तोयनाथ पाण्डेय

त्यसो त मानवको जीवन र मरणको दोसाँधमा बज्रन आउने कतिपय अचिन्तित अवाञ्छित घटनाहरूमा अवरोध ल्याउन अमृत-देखि असंस्कृत विषसम्मको आवश्यकता पर्दछ भने संस्कृतलाई आवश्यकता तिर नडोऱ्याउनु त सारै कृतघ्नता हो। किनभने यसले कतिपय वृद्धहरूको जिभ्राको रस लिइसक्यो र लिइरहेछ। अझ प्राचीन आवश्यकतातिर अभिमुख हुने हो भने त शैशवदेखि वार्धक्यसम्मको एक पनि जीभ्रोलाई यसले छोडेको थिएन। जीवन मरणको समस्या यसैमा अल्झेको थियो, यसैमा सुसेली खेल्थे गीतहरू, यसैमा ध्वनित हुन्थे। नृत्यलाई यसैले नचाउँथ्यो। वादविवाद यसैमा वखेडा गर्थे। कुकुर यसैमा घुक्थ्यो। वाद्य यसैमा गर्जन्थ्यो। चोरी यसैमा, दण्ड यसैमा, जति पनि अनुभूति हुन्थे यसैमा यसैमा। तर म यसो भनेर माथिको शीर्षकलाई मैल्याउन चाहन्न। यो मैले बोलेको होइन। त्यो एक युग थियो। यो त मलाई पनि मान्न करै लाग्छ।

युग घण्टाको सुइ झैं नजानिंदो गतिले घुम्दैछ। सामयिक परिवर्तन देखाउँदैछ। नेपालले जसलाई भाइचाराको रूपमा मान्दै आएको थियो, विदेशीले उसको जूँगा उखेली दियो। शरीरमा छिटफुट खटिराका दागहरू देखिनलागे। अन्ततोगत्वा ती पाण्डुरोगी दागहरू क्रमशः फैलँदै गएर शरीरको अधिकांश भागहरू ढाके। शरीर अर्कै वर्णको बन्यो। विच विचमा भेष र सभ्यताका मूसाहरू डल्लो पर्न थाले। नवजात–शिशुहरू पनि पाण्डुरोगी नै भए। संक्रामकरोग नेपालले पनि नवेहोरी सुख पाएन। सरूग र अरूग दुई दल बन्यो, दुई पक्ष बन्यो, कृष्ण र शुक्ल झैं कालो र गोरो विपक्ष र पक्ष।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

विपक्ष भन्छ हामी रुग्ण छैनौं स्वस्थ छौं। हामीले विश्वसंग सम्पर्क स्थापितगर्ने मार्ग पहिल्याइसक्यौं, अब त्यसलाई चौडा गर्दैछौं। मित्रताको माध्यम हामीसंग छ। हामी पुरोवर्ती-प्रकाशलाई महत्त्व दिन्छौं, पछिल्तिरको अन्धकारलाई होइन। त्यसैले पछिल्तिर हेर्दैनौं हेर भने पनि टेर्दैनौं। हामीसंग जाँगरिला औजार छन्। हामीमा दक्ष छ, उत्साह छ। हामी नयाँ निर्माणमा लागेका छौं र यसैबाट भव्य र सभ्य बन्छौं। हाम्रो कर्म बहुजनहिताय छ। हामीमा दृढ विश्वास छ, अन्धविश्वास छैन। हामी मृत्युपछिको स्वर्गलोक र जीवन छँदैको चन्द्र-लोकमध्ये पछिल्लो को समर्थक छौं। कोही यसैमा अझ बढ्ता समर्थन मिसाउँदै अझ चर्को स्वरले भन्छ। संस्कृतले कहिल्यै पुग्न नसकिने स्वर्ग र त्रासयुक्त नर्कको भावनाका रेखाहरू कलिलो मस्तिष्कमा अमीट रूपले कोर्दछ। अनि त्यो अर्धसिद्धी भएर लक्ष्यहीन गति, अर्थहीन वाक्य र स्मृतिहीन व्यवहार गर्न थाल्छ। जीवन अन्धकारमा फाल्छ। देश, असभ्यता र अज्ञानताको रंगमञ्चमा अन्धविश्वास र जातीय भेदको मुकुण्डो लगाएर रोजी रोटीको अभिनय गरिरहेको हुन्छ। पौराणिक-समाजको आकांक्षानुरूप संचालनगर्न बनेको पद्धतिले आफ्ना निर्माताहरूलाई निलिसकेको छ। यता नवीन समाजमा भने नयाँ नयाँ पद्धतिकार आफ्नो अनुभवजन्य नयाँ संशोधन लिएर आई-रहेछन्। त्यसैको प्रकाशमा विश्व अघि बढ्दैछ र नेपाल पनि त्यही पंक्तिमा उभिएको छ। आँखा चिम्लने योगभन्दा आँखा खोलेर हेर्ने नियोग चाहिएको छ। वैयक्तिक उद्धारभन्दा सामाजिक उद्गारको कदर गर्नुपरेको छ। जङ्गलतिर भाग्नु भन्दा नगर निर्माणमा लाग्नु-परेको छ। आश्रमको विश्रामभन्दा भवनको श्रम बढ्ता गर्नु परेको छ। प्राचीन शेष र भेष भन्दा देशलाई चाहिने नयाँ उपदेश नै वेश हुन्छ। संस्कृतले आचारको जेलभित्र सबैलाई थुनिदिन्छ। आफैले आफैलाई कुण्ठित पार्ने उदाहरण प्रस्तुत गर्छ, परिधि सारै सानो पार्छ। एकातिर काम क्रोध लोभ मोह मद मात्सर्यलाई नराम्रो शब्दमा प्रस्तुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

गर्छ; परन्तु अर्कोतिर प्रयोगशालामा उभ्याइएका सजीव-मूर्तिहरूमा भने यी सबै टनाटन भरिएर रहेका हुन्छन्। आँखा अगाडिका पदार्थलाई पनि गुटमुटयाएर अनित्यताको गर्तमा फ्याँकिदिन्छ। संसारमा बसेर संसारको निमित्त कार्यगर्ने अनुमति दिँदैन। देखिरहेको लोक अनित्य र नदेखेको लोक नित्य भन्छ, यिनै उपहास्य-विषयहरूको भण्डार खोलेर संस्कृतले देखाइदिन्छ।

यी तर्कहरू सुनेर झर्कोलागेर हो कि चित्त नबुझेर हो पक्ष भन्छ। हामी पवित्र छौं। हाम्रो आचरण पवित्र छ। हामी नैतिकतालाई कहिल्यै कुहिन दिन्नौं। हामीमा आत्मगौरव राष्ट्रगौरव रहेको छ। राजमुकुटको महत्व राम्ररी जानेका छौं। हामी शान्तिवादी छौं। हामीमा हाम्रो भनेर देखाउन सकिने अक्षय-भण्डार छ। कसैको केही अपहरण गर्दैनौं। जडाउरी माग्दैनौं र सन्तोषी छौं। मित्रताको सच्चा भावना "मित्रस्य चक्षुषा समीक्षामहे" हामीसंग छ। माध्यमभन्दा भावना नै ज्येष्ठताको क्रममा आउँछ। केवल भौतिक प्रकाश मिरमिरे प्रकाश हो, ठुटो भनेर गयो - भालुको मुखमा पर्ने, भालु भनेर भाग्यो— ठुटो उपहास गर्ने। दानव भनेर प्रहार गऱ्यो— मानव मर्ने, मानव भनेर संमान गऱ्यो— दानव अघिसर्ने। "शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः" जस्ता धर्मको प्रेरणादायक दिव्यसन्देशले सचेत गराउँदै लठेब्रोलाई पनि काम नगरी बस्ने आज्ञा दिएको छैन। विश्वासको दृढतामा यसले जति परिपक्वता ल्याएको छ त्यसको मूल्याङ्कनै गर्न सकिँदैन। सुखी होऊन् निरोगी रहून् कल्याणदायक कुराहरू देखून् कोही पनि दुःखी नहोस् भनेर बहु र अल्प शब्दलाई छोडेर सर्व र कश्चित् शब्दको प्रयोग गरी भव्य र सभ्य बनाउने आकांक्षा यसैमा निहित छ। स्वर्ग-नर्कको चर्चा पुराणमा मात्र होइन कुरान, बाइबिल, आवेस्ता आदिमा पनि नभएको होइन। यसले त परोक्ष वा प्रत्यक्षमा सुकार्य गराउने प्रेरणा मात्र दिन्छ। कुनै पनि मस्तिष्कमा विकृति ल्याउँदैन। यदि यसले भीति उत्पन्न गर्छ भने

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

विश्वका जेल र प्रहरीलाई तत्काल हटाउनु पर्छ। यसको वर्णभेद, शान्ति र सुव्यवस्थाको निमित्त ख्याति प्राप्त छ भने अर्को रङ्गभेद, अशान्ति कुव्यवस्था र हिंसामा कुख्यात भइसकेको छ। यदि संस्कृत-बाट रोजीरोटीको समस्या हल हुँदैन भने त्यो यसको दोष होइन अपि तु यसप्रति बढ्न आउने दुर्भावनाको देन हो।

उन्नाइसौं शताब्दीको प्रारम्भमा आफ्ना छिमेकी देशमा पौरस्त्य समाज र ऋषि-सन्ततिहरू असभ्य छन् भन्ने प्रत्यक्ष देखाउन पाश्चात्य-प्रभाव आएको थियो। पाश्चात्य-प्रभावको कथन थियो— 'निरर्थक स्वप्न देख्ने एक जाति छ, त्यसको धर्म खस्रो दन्त्यकथा हो। आत्मा परमात्मा प्रत्येक वस्तु जसको लागि अथक प्रयास गरिरहन्छ कोरा निरर्थक शब्द हो।' यस्तै द्वेषपूर्ण प्रचार, साधना र अपव्ययमा निकै वर्ष बिते। अनिमात्र विश्वविद्यालयमा अध्ययनगर्ने नवयुवकहरूको बीचमा यो प्रश्न उठ्न लाग्यो। के आजसम्मको राष्ट्रीयजीवन असफल भयो? के पाश्चात्य प्रणालीको आधारमा पुनः श्रीगणेश गर्नुपर्‍यो? आफ्ना प्राचीन ग्रन्थहरूलाई च्यात्नु पर्ने भयो? के दर्शनशास्त्रलाई जलाईदिनुपर्‍यो? के धर्मोपदेशकलाई धपाइदिनुपर्‍यो? के मन्दिर-हरू भत्काइदिनुपर्‍यो? यो एउटा क्रान्ति आयो युवकवर्गमा। वाल-मस्तिष्कमा भने पाश्चात्य प्रणाली एउटै रूप लिएर मिल्यो। यही विषाक्तप्रचार र प्राणघाती-प्रहारले हिन्दूसंस्कृति छिन्नभिन्न भयो। यसैको मरणाशौचमा पाश्चात्य प्रणालीद्वारा तयार भएका हिन्दूहरूले हिन्दूधर्म, धर्मग्रन्थ, आचार र विचार आदिको तिलाञ्जलि दिए। आफ्नो मौलिकताको शुद्धशान्ति भयो। दासतामा परमानन्दको अनुभव हुन लाग्यो। बस! विजेताको विजय पुरा भयो। पतन परा-काष्ठामा पुग्यो। परन्तु हिन्दूसंस्कृति अमर थियो, त्यो केही गरे पनि मेटिएन। त्यसैले यसको मूल अमर छ, आधारशिला अमर छ। हिन्दुत्व देहात्मवादी होइन, अध्यात्मवादी हो। उसको दृष्टिमा देहा-ध्यास अज्ञानमलक हो। जन्म, शिक्षा, दीक्षा, सङ्ग-संस्कार, वातावरण

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

अनेकौं कारणमा हिन्दुत्व हार्दिक विश्वास राख्छ। यी सबै कुराहरूको भण्डार खोलेर संस्कृतले देखाइ दिन्छ।

यसरी पक्ष विपक्ष जन्मँदै मर्दै गरिरहेका छन्। परन्तु त्यो परिस्थिति एक श्रेणी अगाडि आएको छ। यो मेरो विचार हो। अब म शीर्षकतिर फर्कंदै छु। नेपालमा संस्कृतको आवश्यकता किन? यस्मा समयको निर्धारण नभए पनि जुन समयमा म नेपालमा छु, त्यसै समयको नेपालमा संस्कृतको आवश्यकता किन? यसैलाई लिन्छु। पहिले उपर्युक्त दुवै पक्षमा एकले अर्कोलाई चिन्न सकेको थिएन, संझौता हुन सकेको थिएन। परन्तु अहिले परिचय बढ्दैछ मित्रता अङ्कमालको निमित्त लालायित छ। पहिले भूल भए तापनि अहिले भूल नगर्ने स्थितिमा आइपुगे। अब एकले अर्काको एक एक मर्म बुझ्ने अभ्यास बढ्दै आइरहेको छ। एउटाले अर्कोलाई नहोच्याउने सभ्यता बढ्दै आएको छ। अन्य मुलुकसंग सम्पर्क स्थापित गर्न धर्मको पनि हात छ भन्ने कुरा यथार्थतामा आइसकेको छ। जस्तै प्राचीनकाल देखि भारत, चीन, जापान, लंका, बर्मा आदि देशहरूसंग नेपाली सुपुत्र बुद्धको धर्मले र भारत, इण्डोनेसिया आदि देशहरूसंग पौराणिकधर्मले सम्पर्क बढाई रहेछ। यी दुवै धर्म संस्कृतको ढोका उघारे मात्र यथार्थ रूपमा देखिन्छन्। यी दुवै एउटै हातका औंलाजस्ता मात्र नभएर एउटै द्वारका दुइ खापा जस्ता छन्। नेपालको धार्मिक-एकताले अरू मुलुकहरूलाई उदाहरण प्रस्तुत गरेको छ। जातीयभेद र रंगभेद जस्ता विषम विषयमा पश्चिमा देशहरूले नेपालसंग सिक्नुपरेको छ। यसैले नेपालमा संस्कृतको आवश्यकता छ। हिन्दुत्वको विकास गर्न नेपालमा युगपुरुष-को प्रादुर्भाव भएको छ। हिन्दुत्वप्रति गहिरिएर नेपाली हरू विचार-गर्न लागिसकेका छन्। यसैले संस्कृतको आवश्यकता छ। आध्यात्मिकताको पालिस नचढेको विज्ञान र शान्तिविनाको वैभव अर्थमूलक होइनन्, तथा असंस्कृत हृदय न्यायको पक्षमा आउन सक्तैन भन्ने ध्वनिमा घेरैथरि स्वरको संमिश्रण पाइन थालेको छ र यसै प्रसंगमा

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

संस्कृत विश्वविद्यालयको पनि प्रसंग उठिसकेको छ। यसैले संस्कृतको आवश्यकता पऱ्यो।

हिन्दू सदा आशापूर्ण आस्तिक हुन्छ, निराशावादी नास्तिक हुँदैन। अस्ति अस्ति नै उसको श्वास प्रश्वास हो। नास्ति नास्ति यो होइन। न यो अलि अलि दार्शनिकको रहस्यमय बुद्धिवाद हो, न त यो खस्रो कल्पनाको वतासे कुरा नै हो। न यो अव्यवहार्य विचार या विश्वासमात्र हो, अपि तु यो हो जीवनतत्त्व जसको अनादिकालदेखि हिन्दूजातिले आफ्नो व्यावहारिक जीवनमा बडो रुचिपूर्वक प्रयोग गर्दै आइरहेको छ। हिन्दूहरूलाई कोरा कल्पनाकार र सारहीन स्वप्न-द्रष्टा भनेर जो उनीहरूको विरुद्ध अव्यावहारिकता र अकर्मण्यताको दोषारोप गरिएको थियो, त्यो अज्ञानमूलक र द्वेषपूर्ण थियो। हिन्दू-समान व्यावहारिक जातिले जति पनि सूक्ष्मविचार खोजेर निकालेका छन् ती सबलाई आफ्नो निजी जीवनमा व्यावहारिकरूप दिएका छन्। अरू देशका दार्शनिकलाई यो गौरव प्राप्त छैन। उनीहरूले विचार र व्यवहारमा भेद ल्याएका छन्, किन्तु हिन्दू दार्शनिकले होइन भन्ने धेरै भइसके, यसैले नेपालमा संस्कृतको आवश्यकता छ। आजका हिन्दूराष्ट्र नेपालका निवासी हिन्दूहरूमध्ये कसैले पनि म अहिन्दू हुँ भन्न सक्तैन। यसैले नेपालमा संस्कृतको आवश्यकता छ। लंकाका विद्यालङ्कार विश्वविद्यालयका उपकुलपति डा० कार्ल डब्ल्यू० गुणवर्डनेले त्रिभुवन विश्वविद्यालयको नवौं दीक्षान्तभाषणमा भन्नु भएको छ— "राष्ट्रहरूले वैज्ञानिक तथा टेक्नोलजीको क्षेत्रमा आफू-लाई विकसित गराउँदा आफ्नै ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक पृष्ठभूमिलाई पनि दृष्टिगत राखी काम गर्नुपर्छ। भाषा, दर्शनशास्त्र तथा इतिहासको अध्ययन, मानसिक विकासगर्ने गरिने अभ्यास बेकामको छ भन्ने धारणा गलत छ भन्नु हुँदै उदार कला-लाई प्राविधिक शिक्षासंग सम्मिलित गराउन सके वर्तमान युगका प्राविधिक तथा वैज्ञानिक उपकरणहरूलाई व्यक्ति, राष्ट्र तथा संपूर्ण

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

मानवताको भलाइमा कसरी उपयोग गर्न सकिन्छ सो हामीले जान्न सक्छौं। भौतिक साधनहरूबाट मात्रै शान्ति प्राप्त हुन सक्तैन भन्ने कुरा सत्य हो। मन तथा आत्माको सन्तुष्टिबाट नै आनन्द प्राप्त हुन्छ। यो आनन्द वैज्ञानिक साधनहरूबाट मात्र हैन यो आफैँमा विकसित हुनुपर्छ भनी जोड दिनुभयो। उहाँ जस्ता कुनै पनि उच्चस्तरका विद्वान्-हरूको यस्तै विचार छ। त्यस्तै अर्को विचार पनि एक श्रेणी अगाडि बढेको छ। स्थान, समय र उपकरणको परिधिभित्र मात्र रहेर वेदध्वनि हुनुपर्छ र स्त्री शूद्रलाई वेदध्वनि सुनाउनु हुँदैन भन्ने भावना हटी आधुनिक सभा गोष्ठिहरूमा र रेडियोबाट समेत वेदध्वनि सुनाउन अग्रसर भएका देखिन्छन्। ताना मार्ने त अल्पज्ञ र दासताको चुत्रो-संग आफ्नो आत्मा अरूसंग साटिसक्ने हुन्। उपर्युक्त डाक्टरको भनाइलाई कार्यान्वयन गरौं भने नेपालमा संस्कृतको आवश्यकता छ।

धर्म, संस्कृति र साहित्यको त्रिखुटीमा आधारित संस्कृतको जलरीबाट चुहिएको शब्दजलले प्रत्येक खुट्टालाई प्लावित बनाउँदै सत्यं शिवं सुन्दरं को भावनाले आचारवान् प्रचारवान् विचारवान् बनाउन सक्तछ। किरिया खाए पनि संस्कृतकै काखमा नेपालीसाहित्य साहित्य भएर खेलिरहेछ। साहित्यको दर्पणमा समाजको प्रत्येक अवयव प्रतिविम्वित भएको हुन्छ। समाजमा चढेको रूपरङ्ग त्यसको उच्चता नीचता सभ्यता उत्थान पतन सबै यसैमा हेरे प्रष्ट हुन्छ। साहित्यले नै समाजको उच्छृङ्खलता र गंभीरता छुट्याइ दिन्छ। साहित्यले संस्कृति र धर्मको दुइ पखेटा हालेको हुन्छ। जसको भरमा अनन्ततामा उड्ने क्षमता राख्छ। यसको ज्ञान संस्कृतद्वारा आर्जन गर्न सकिन्छ। नेपालीसाहित्य यसैको मल जलले मौलाउन लागिरहेछ। संस्कृतप्रति द्रोह राखी २।४ ओटा कर्णकटु शब्दको मौलिक निर्माण भन्नु विडम्वना मात्र हो। यसैले संस्कृतको आवश्यकता छ। नेपालको इतिहास यथार्थतामा देखाउनु छ भने पुरातात्विक अन्वेषण-

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

लाई सर्वाङ्गपूर्ण बनाउनु छ भने नेपालमा संस्कृतको आवश्यकता छ।

प्राचीन तथा अर्वाचीन प्राच्य एवं पाश्चात्य आदर्शको विषमतामा एक रहस्य निहित छ। दुवै आफ्नो प्रवल न्यायसंगत आधारमा प्रतिष्ठित छन्। दुवैमा वैमनस्यताको मूल कारण हो मिथ्या भ्रान्ति। ठीक हो, धर्म जीवनमा प्रभावपूर्णतत्त्व हुनुपर्छ; तर यदि आध्यात्मिकता दुःख, कठोरयातना र संसारको निःसारता नै धर्मको रूप धारणा गर्दछ भने यो दुःखवाद आफ्नो बढ्दै चढ्दै गएको रूपमा आत्माको यस्तो घोर विषाद र निराशाको दुःस्वप्नलाई जन्म दिन्छ। जसरी मध्ययुगमा उसको हीनतम अवस्था व्याप्त थियो। जगद् विषयक यस्तो निराशावादी भावना आफ्नो स्वल्प प्रकट र स्वल्प सहिष्णु अवस्थामा पनि जीवनलाई निरुत्साहित गर्ने काममा अधिक बलवान् सिद्ध हुन्छ। अतएव यो जीवनको सच्चा नियम एवं पथप्रदर्शक हुन सक्तैन।

त्यस्तै पश्चिमको धर्मविमुखतामा अर्को भ्रान्ति छ। यसको अनुसार पश्चिमले धर्मको दावी र आग्रहलाई न्यूनतम बनाएर मध्ययुगको धार्मिक भावनाबाट उठेर पुनरुज्जीवन र धार्मिक सुधारको किनाराबाट लम्कँदै आधुनिक बुद्धिवादी भावना विकास गरे। जुन भावना साधारण पार्थिव–जीवनलाई मात्र आफ्नो मुख्यविषय मान्दछ तथा निम्नतर अङ्गको अध्यात्म–जिज्ञासा शून्यधर्मले आफूलाई चरितार्थ पार्न खोज्छ। यो एक भूल हो। किनभने पूर्णता यस्तो सीमा एवं संकीर्णताको परिधिभित्र प्राप्तगर्न सकिँदैन; जो मानवजीवनको पूर्णविधान गम्भीरतम प्रेरणा तथा गुह्यतम आवेगलाई इच्छा नगरोस्। उच्चतमको ज्योति र शक्तिले नै निम्नतरलाई परिचालित, उदात्त र चरितार्थ गर्न सकिन्छ। कुनै एक जडवादी आफ्नै निमित्त आफ्नो शक्ति र एकाग्र गवेषणाको उचित फल अधिगत गर्न सक्तछ भने कुनै एक तपस्वी पनि आफ्नो वैयक्तिक निजी मोक्ष अवश्य प्राप्त गर्न सक्तछ। तर यी दुवै थरी मनुष्यजातिका सच्चा मार्गदर्शक र त्यस-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

-को नियमोपदेश शास्त्रकार हुन सक्तैनन्। अतएव अतिबौद्धिक अति-मानसिक अध्यात्मिक सत्य को दिव्यसन्देश हृदयङ्गम गर्दै भौतिकता-लाई अँगालेमा विश्वको सफल विश्वास्य बन्नसक्तछ भन्ने धेरैको धारणा बनिसकेको छ। यसो गर्न पहिले संस्कृतकै इँटले जग लगाउनु पर्छ र वैज्ञानिक महल खडा गर्नुपर्छ अनिमात्र यस कारखानाबाट देशको गौरव र इमान्दारीलाई बचाउँदै अधिकार र कर्तव्यको सदुपयोग गर्न निष्पक्ष राष्ट्रका कर्णधारहरू उत्पन्न हुन थाल्नेछन्। स्वसंस्कृतिको विषयमा परकीयभाव र प्रवाहित भइरहने बुद्धिको तुच्छतालाई समाप्त पार्न सबैमा आत्मीयभाव अंकुरित गर्न संस्कृतका दिव्य-सन्देशहरू जीवनमा लागु गर्नुपर्दछ। त्यसकारण नेपालमा संस्कृतको आवश्यकता छ।

यो भयो शीर्षकको विषय, अशीर्षक विषय के छ भने— वर्त-मान नेपालमा संस्कृतले न मर्नपायो न बाँचे जस्तो गरी बाँच्न पायो। एकातिर संस्कृत विश्वविद्यालयको प्रसङ्ग उठ्दैछ भने अर्कोतिर संस्कृतका पाठशालाहरू पानिका थोपा झैं फुट्दैछन् र विलाउँदैछन्। त्यसैले संस्कृत-हृदयले एकैपटक उत्साह र अनुत्साह उल्लास र खेदको स्वाद लिनुपरेको छ। अस्तु।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

ग्रहणमा धर्मशास्त्रको निर्णय

—गिरिधारी भट्टराई

ग्रहण हिन्दूहरूको एक महान् पर्व हो। ग्रहणमा स्नान गर्नको लागि मानिसहरू काशी कुरुक्षेत्र आदि तीर्थ स्थानमा परिश्रम गरेर जान्छन्। ग्रहणमा स्नान आदि गर्ने चलन प्राचीनकालदेखि नै चलिआएको हो। भगवान् कृष्ण आदि पनि ग्रहणमा स्नान गर्न भनी कुरुक्षेत्रमा जानुभएको थियो भन्ने इतिहास पुराण आदिमा पाइन्छ[१]।

ग्रहण दुइ प्रकारको हुन्छ– सूर्यग्रहण र चन्द्रग्रहण। सूर्यग्रहण अमावास्या र प्रतिपदाको सन्धिमा हुन्छ र चन्द्रग्रहण पूर्णिमा र प्रतिपदाको सन्धिमा।

आइतबारमा सूर्यग्रहण र सोमबारमा चन्द्रग्रहण भयो भने चूडामणि योग हुन्छ। चूडामणि योगमा स्नान दान आदि गरेमा विशेष फल शास्त्रमा बताइएको छ। ग्रहणस्नान गर्नको निमित्त समुद्रगामिनी गङ्गा गोदावरी आदि महानदीमा जानुपर्छ। नपाएमा यथासम्भव तीर्थस्थानमा स्नान गर्नुपर्छ। ज्येष्ठ महीनामा ग्रहण भएको समयमा कोशी नदीमा र भाद्र महीनामा ग्रहण भएको समयमा गण्डकीमा स्नान गरेमा विशेष फल बताइएको छ। कोशी र गण्डकी भनेर ७ धारामा कुनै एक धारालाई पनि लिन सकिन्छ

---

[१] *अथैकदा द्वारवत्यां वसतो रामकृष्णयोः। सूर्योपरागः सुमहानासीत् कल्पक्षये यथा। तं ज्ञात्वा मनुजा राजन् पुरस्तादेव सर्वतः। स्यमन्तपञ्चकं क्षेत्रं ययुः श्रेयो विधित्सया॥*

श्रीमद्भागवत. स्क. द. अ. ८२ श्लो. १—२

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

जन्मसूतक वा मृतसूतकमा ग्रहण लाग्यो भने ग्रहण लागेदेखि ग्रहण नछोडेसम्म सूतकको दोष लाग्दैन[१]। स्नान दान आदि कार्य गर्न हुन्छ र स्नान आदि नगरेमा दोष लाग्दछ। ग्रहण लागेको समयमा रजस्वला भएकी आइमाईले पनि नदीहरूबाट लोटाले पानी झिकेर स्नान गर्नु हुन्छ[२]। रोगी र सुतकेरीले ग्रहण लागेमा तातो पानीले सकेसम्म स्नान गर्नु पर्छ, नसकेमा मुखधुनु पर्छ।

सूर्यग्रहणमा ४ प्रहर पूर्व र चन्द्रग्रहणमा ३ प्रहर पूर्व वृद्ध बालक रोगी र सुतकेरीलाई छोडेर अरूले भोजन गर्नु हुँदैन। सूर्य ग्रहणमा ४ प्रहर पूर्व र चन्द्रग्रहणमा ३ प्रहर पूर्व भन्नाले जुन समयमा ग्रहण लागेको छ त्यस समयदेखि गनेर ४ प्रहर ३ प्रहर भनेको होइन, जुन प्रहरमा ग्रहण लागेको छ त्यस प्रहरलाई छोडेर त्यस प्रहर-देखि पूर्व ४ प्रहर र ३ प्रहर छोड्नु भनेको हो। जस्तै— रातमा ७ घडी रात गएपछि चन्द्रग्रहण छ भने दिनको १३ घडीतिर खानुहुँदैन, दिनको ७।२० घडी पूर्व नै खानु पर्छ। यस्तै प्रकार सूर्यग्रहणमा पनि हुन्छ। चन्द्रग्रहण मुक्त भएपछि महानिशा लागेको छैन भने रातमा खानु हुन्छ। महानिशा भनेको ठीक आधारातदेखि पहिलेको १ घडी र पाछको १ घडी मिलाएर २ घडी हो।

सायाह्नकालमा (घाम अस्ताउने वेलामा) चन्द्रग्रहण छ भने सूर्योदय भन्दा पहिले नै भोजनगर्ने चलन कहीं कहीं चलेको छ। तर त्यो चलन ठीक छैन, किनभने सूर्योदय भन्दा पहिले भोजन गर्न शास्त्रमा निषेध छ। ग्रस्तास्त ग्रहण छ भने रातमा र दिनमा पनि भोजन गर्नु हुँदैन। कारण— सूर्यग्रहण ग्रस्तास्त छ भने दिनको चतुर्थ प्रहरमा नै ग्रहण लाग्दछ र सूर्य ग्रहणमा ४ प्रहर पूर्व भोजनगर्न निषेध भएकोले दिनमा भोजन प्राप्त हुँदैन र ग्रहणमुक्तसूर्य नदेखी भोजनगर्न

[१] सूतके मृतके चैव न दोषो राहुदर्शने ॥ तावदेव भवेच्छुद्धिर्यावन्मुक्तिर्नदृश्यते। —वीरमित्रोदय।

[२] ग्रहे स्नायादुदक्यापि तीर्थादुद्धृतवारिणा। वीरमित्रोदय।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

शास्त्रमा निषेध भएकोले रातमा पनि भोजन प्राप्त भएन। यस्तो भएमा भोलिपल्ट घाम उदाए पछि मात्र भोजन गर्नु पर्छ। यस्तै चन्द्रग्रहण ग्रस्तास्त छ भने रातको चौथो प्रहरमा नै ग्रहण लाग्दछ। चन्द्रग्रहणमा ३ प्रहर पूर्व भोजनगर्न निषेध भएकोले ग्रहण लाग्नुभन्दा पूर्व रातमा भोजन गर्नु भएन र ग्रहणले छोडेको चन्द्रमालाई नदेखी भोजनगर्न निषेध भएकोले दिनमा पनि भोजन-गर्न भएन। यस्तो परेमा भोलिपल्ट साँझ चन्द्रमा उदाए पछि मात्र भोजनगर्न उचित छ।

राहुले चन्द्र अथवा सूर्यलाई छोएमा स्नान, जति ग्रासगर्नु थियो त्यति ग्रासगरिसकेपछि होम, राहुले सूर्य वा चन्द्रलाई छोड्न थालेपछि दान र राहुले छोडिसके पछि पुनः स्नान गर्नपर्छ

चन्द्रग्रहण ग्रस्तास्त भयो भने शास्त्रप्रमाणबाट मुक्त भएको जानेर स्नान गर्नु र प्रातःकालमा भएका सबै नित्यकर्म गर्नपर्छ। भोजन भने चन्द्रमा उदाएपछि स्नानगरेर मात्र गर्नपर्छ। यस्तै सूर्यग्रहण ग्रस्तास्त भयो भने शास्त्रप्रमाणबाट मुक्तिको निश्चय जानेर स्नान गर्नुपर्दछ। ग्रहणले छोडेपछि स्नान गर्नुपर्दछ भन्ने[१] विशेषवचन भएकोले रात्रिस्नानको निषेधलाई ग्रहणको मुक्तिनिमित्तक स्नानले अपवाद गर्दछ। यस अपवादलाई नमान्ने हो भने धेरैजसो चन्द्रग्रहणको मुक्तिस्नान रातमै पर्ने हुनाले त्यसमा पनि स्नानगर्न निषेध होला। त्यस्तो निषेध इष्ट छैन। त्यसकारण सूर्यग्रहण ग्रस्तास्त भएमा शास्त्रप्रमाणबाट मुक्ति जानेर रातमा नै स्नान गर्नपर्दछ। सूर्योदय भन्दा पूर्व अरुणोदयमा गर्नपर्ने नित्यस्नान आदि सबै कर्म गर्नहुन्छ। भोजन भने सूर्य उदाएपछि स्नान गरेर मात्र गर्नु पर्दछ[२]।

---

[१] मुक्तौ स्नानं विधीयते। —वीरमित्रोदय।

[२] ग्रस्तावेवास्तमानन्तु रवीन्दू प्राप्नुतो यदि। तदा परेद्युरुदये स्नात्वाऽभ्यवहरेन्नरः॥ ग्रस्ते चास्तङ्गते त्विन्दौ ज्ञात्वा मुक्त्यवधारणम्। स्नान-होमादिकं कार्यं भुञ्जीतेन्दूदये पुनः। अत्र इन्दुग्रहणमुपलक्षणविषया ग्रस्तास्तमात्रपरकं बोध्यम्। तेन ग्रस्तास्तसूर्यग्रहणमपि ग्राह्यम्। - वीरमित्रोदय।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

Public Domain. Digitization by eGangotri.Fundin

मेघ पर्वत आदिले छेकेर मुक्त भएको ग्रहण देखिएन भने ज्यौतिष प्रमाणबाट मुक्त भएको जानेर स्नान आदि गर्नुपर्दछ र स्नान गरेर खान पनि हुन्छ । वृद्ध, बालक र रोगीहरूले पनि ग्रहण लागेको भाग र त्यस भन्दा पूर्वभागमा भोजन गर्नुहुँदैन । अथात् दिनलाई ५ भाग लगाउनू । प्रथमभाग प्रातःकाल, द्वितीयभाग संगवकाल, तृतीय भाग मध्याह्न, चतुर्थभाग अपराहृण, र पञ्चमभाग सायाह्न हुन्छ । सायाह्नमा ग्रहण छ भने सायाह्न र अपराहणमा, अपराहृणमा ग्रहण छ भने अपराहृण र मध्याह्नमा, मध्याह्नमा ग्रहण छ भने मध्याह्न र संगवकालमा र संगवकालमा ग्रहण छ भने संगवकाल र प्रातः कालमा भोजन गर्न हुँदैन । प्रातःकालमा ग्रहण छ भने ग्रहणलाग्नु भन्दा पूर्व भोजन गर्नु हुँदैन । संगवकालमा ग्रहण छ भने पनि ग्रहण भन्दा पहिले भोजन गर्नु हुँदैन[१] । अर्थात् प्रातःकाल र संगवकालमा ग्रहण छ भने वृद्ध बालक र रोगीहरूले पनि ग्रहण छोडेपछि भोजन गर्नुपर्छ ।

सूर्यग्रहण ग्रस्तास्त छ भने सूर्य ग्रहणमा ४ प्रहर पूर्व भोजन गर्न निषेध भएकोले दिनभरि भोजनकाल प्राप्त हुँदैन । सूर्योदय-भन्दा पूर्व भोजन गर्न निषेध भएकोले सूर्योदयभन्दा पूर्व पनि भोजनकाल प्राप्त हुँदैन । ग्रस्तास्त भएपछि शास्त्रबाट मुक्तिको निश्चय गरेर रातमा भोजन गर्ने हो भने पनि मुक्तसूर्य नदेखी भोजनगर्न निषेध भएकोले भोजन प्राप्तहुन सक्दैन । त्यसकारण अहोरात्र उपवास गर्नुपर्छ । यस्तो प्रसङ्गमा सन्तान हुने गृहस्थले उपवास गर्नु निषेध भएकोले कसो गर्ने भनी शङ्का गर्दा हेमाद्रि-मतानुयायीहरूले व्यवस्था गरेका छन् कि– सायाह्नमा ग्रहण छ भने संगवकालमा, अपराहृणमा ग्रहण छ भने प्रातःकालमा र मध्याह्नमा ग्रहण

---

[१] *सायाह्ने ग्रहणं चेत्स्यादपराहृणे न भोजनम् । अपराहृणे न मध्याह्ने मध्याह्ने नतु सगवे ॥ भुञ्जीत संगवे चेत्स्यात् न पूर्वं भोजनक्रिया ॥*

–वीरमित्रोदय ।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

छ भने अपराह्णकालमा भोजन गर्नू उपवास नबस्नू[१]।

माधवमतानुयायीहरू भन्दछन् कि उपवास नबस्नु भन्ने वचनहरू बाल वृद्ध रोगीहरूलाई उद्देश्य गरेर भनिएका हुन्। सर्वसाधारण होइनन्। सन्तान भएका गृहस्थहरूलाई जो उपवास निषेध गरिएको छ, त्यो काम्य उपवासपरक हो। जस्तै सङ्क्रान्तिमा उपवास सूर्यग्रहण ग्रस्तास्त भए मात्र काम्य उपवास होइन। नैमित्तिक उपवास हो। त्यसकारण सन्तान भएका गृहस्थहरूले पनि सूर्यग्रहण ग्रस्तास्त भएमा उपवास बस्नै पर्दछ। भोजन गर्नु हुंदैन।

(हेमाद्रि र माधवको मतमा विरोध भएमा माधवको मत नै ग्राह्य छ। यही नै शिष्टहरूले ग्रहण गरिएको छ) भनेर काशीका धर्मशास्त्रको मर्मजान्ने विद्वान्हरू भन्दछन्।

धर्मशास्त्र सम्बन्धी निर्णयात्मक लेखहरूमा अभिरुचि भई पाठकहरूले सूचित गरेमा कुनै पनि धर्मशास्त्र सम्बन्धी लेख लेख्न लेखकको लेखनी तयार छ।

---

[१] *सायाह्ने संगवेऽश्नीयात् शारदे संगवादधः। मध्याह्ने परतोऽश्नीयात् नोपवासो रवेर्ग्रहे। —वीरमित्रोदय।*

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

संततिनिरोधमा गीताको सन्देश

—मधुसूदन रिसाल "प्रदीप"

अद्वैतामृतवर्षिणी ज्ञानप्रसूः गीताको गर्भ भित्र भगवान् शंकराचार्यले अद्वैत आत्मतत्त्व फेला पार्नु भयो। यो ज्ञानामृत पिएर कृतकृत्य हुनसक्ने पुरुषका निमित्त केही कर्तव्य शेष रहँदैन, यदि रह्यो भने त्यो वास्तविक ज्ञानी हुँदैन–

"ज्ञानामृतेन तृप्तस्य कृतकृत्यस्य योगिनः।
न चास्ति किंचित्कर्तव्यमस्ति चेन्न स तत्त्ववित्।।"

यस्तै १९ सौं शताब्दिका श्री बालगंगाधर तिलकज्यूले कर्मयोगशास्त्रको रूपमा भगवद्गीतालाई अङ्गीकार गर्नुभएकोछ एवं श्री रामानुजाचार्यज्यूको विशिष्टाद्वैतवादी दृष्टिले गीतालाई विशिष्टाद्वैतपरक देख्यो भने गीताका सुप्रसिद्ध टीकाकार श्री मधुसूदन सरस्वतीज्यूले भक्तिरस परिपूर्ण देख्नुभयो। भनाईको सारांश यो हो – जस्तो दृष्टिले अवलोकन गर्‍यो गीता तदनुरूप नै देखिन आउँछ। जीवनका स्पृहणीय पुरुषार्थ चतुष्टय नै गीतागंगा भित्र हामी प्राप्तगर्न सक्दछौं किनभने ? महाभारतरूपी विशालतम हिन्दुत्वपरिचायक ग्रन्थको आत्मा नै हो गीता, यसलाई नै इङ्गित गर्दै गीता मुक्तकण्ठद्वारा उद्घोषणा गर्दछः—

"धर्मे अर्थे च कामे च मोक्षे च भरतर्षभ।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित्।।" –महाभारत

अर्थात् धर्म, अर्थ, काम र मोक्षका विषयमा जुनकुरा महाभारत भित्र छ त्यो अन्यत्र पनि छ जुनकुरा यहाँछैन त्यो अन्यत्र पनि छैन। यसरी यस ग्रन्थलाई परिपूर्णरूपमा स्वयं रचयिताले नै निर्धक्कसँग उल्लेख गर्नुभएको पाइन्छ। यही उक्तिद्वारा निर्दिष्ट तृतीय पुरुषार्थ

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

(कामशास्त्र सँग सम्बद्ध प्रसंग लिई प्रिय पाठकवृन्दका समक्ष मैले उभिन रहर गरेको छु। सर्वतन्त्र- स्वतन्त्र हिन्दू अधिराज्यमा सुखि-परिवारको परिकल्पना गर्दै सन्ततिनिरोधको सरसल्लाह विभिन्न माध्यमबाट समाजलाई दिइरहेको हामी पाउदछौं। परन्तु जगद्गुरू-भगवान् श्रीकृष्णको अर्धवाक्यांश हृदयङ्गम गरी त्यसलाई व्यवहारमा उतारिदिए यो समस्या स्वतः समाधान हुन्छ यसमा कुनै शंका छैन भन्ने सल्लाह दिनु नै म आफ्नो परमकर्तव्य संम्फन्छु।

"धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ"। अर्थात् सम्पूर्ण प्राणीहरूमा धर्मानुकूल किंवा शास्त्रानुमोदितरूपको काम (रतिक्रिया) पनि ईश्वरीय विभूति अंश हो। विश्वप्रसिद्ध ग्रन्थरत्न श्रीमद्भग-वद्गीताको या सन्देशलाई हृदयङ्गम गरी विचार गर्दा उल्लेख गर्न सकिन्छ कि जसरी विवाहित पति-पत्नीमा परस्त्री सम्पर्क र परपुरुष सहवास वासनात्मक दृष्टिबाट हुँदा निन्दनीय संम्फिइन्छ र यसबाट बच्न प्रायः शतप्रतिशत स्त्री-पुरुष प्रयत्नशील रहन्छन्। माथिको सिद्धान्तसँग मिल्दो जुल्दो नै मन्तव्य पाश्चात्य जगत्का सुप्रसिद्ध विद्वान् डा० बैलफोरले पनि प्रकट गर्नुभएको हामी पाउँदछौं। वहाँ भन्नुहुन्छ— "विवाहिता मनुष्यहरूका बीच पनि अत्यन्त विषय-सेवन यथार्थरूपले व्यभिचार मात्र सकिन्छ।" यसै प्रसंगलाई स्पष्ट पार्न म हाम्रो प्राचीन वैदिक गर्भाधान-पद्धतिको महत्त्वलाई दिग्दर्शन गराउन चाहन्छु।

गर्भाधानको शास्त्रीय-स्वरूपः—

"गर्भं धेहि सिनीवालि गर्भं धेहि सरस्वति। गर्भं ते अश्विनोभा-धत्तां पुष्करस्रजा। गर्भं ते मित्रावरुणौ गर्भं देवो बृहस्पतिः। गर्भं त इन्द्रश्चाग्निश्च गर्भं धाता दधातु मे।" - अथर्व ५,२५।३०, ४७।

"धातः श्रेष्ठेन रूपेणास्या नार्याः गवीन्योः। पुमांसं पुत्रमाधेहि दशमे मासि सूतवे" (अथर्व ५।२५ १०,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Fundi

यत्ते सुसीमे हृदयं दिवि चन्द्रमसि श्रितम् ।

वेदाहं तन्मां तद्विद्यात पश्येम शरदः शतं जीवेम शरदःशतं शृणुयाम शरदः शतम् (पारस्कर गृह्यसूत्र १।११।६ यजु० ३६।२४)

अर्थात्ः— हे औंसीका अधिष्ठातृदेवता तथा हे वागीश्वरी सरस्वती ! तपाइंहरू यी स्त्रीलाई गर्भधारण गर्ने सामर्थ्य प्रदान गर्नकासाथै गर्भलाई पुष्ट गराउनुहोस् । कमलपत्रको मालाद्वारा सुशोभित दुई अश्विनीकुमार मित्र, वरुण इन्द्र, अग्नि र ब्रह्मादिले पनि तिम्रो गर्भलाई परिपुष्ट अवस्थामा प्राप्त गराऊन् ।

हे सृजनाधिष्ठाता ब्रह्माजी ? असल तरिकासँग (खूब जतनले) यी गर्भवतीको पार्श्ववर्ती नाडिहरूमा पुरुषसन्तानलाई दशौं महीनामा जन्मनका लागि जतनसँग राख्नुहोस् । यस्तै हे सुन्दरी तिम्रो हृदय आकाशमा उदीयमान चन्द्रमा रहेकोछ त्यो म जान्दछु त्यसले पनि मलाई जानोस् अर्थात् हामीदुई परस्पर मनोभावहरूलाई राम्रो संग सम्झौं, हामीदुई शय वर्षसम्म बाँचौं र श्रवणशक्तियुक्त भएर रहौं ।

उपर्युक्त यावत् मन्त्रहरू मनुष्यलाई सात्विक भावनातर्फ अग्रसर गराउने छन् । यसबाट स्त्रीपुरुषको सहवासमा विलासिताको भावना बिलकुलै रहन सक्तैन । अपि तु म सत्-चित् र आनन्दस्वरूप परमात्माको सनातन अंश हुँ, यी मेरी धर्मपत्नी भुवनमोहिनी प्रकृति हुन् एवं सहवास देव ऋषि र पितृऋण चुकाउनका लागि भइरहेको छ । यो भावना यदि गर्भाधान जस्तो *परमपवित्र* क्षणमा आउन सक्यो भने भावी बालक अवश्य नै श्रेष्ठतम रूपमा प्रादुर्भाव हुन्छ, यसमा केही शंका छैन ।

यो सिद्ध भैसकेको छ कि गर्भाधान जस्तो महत्त्वपूर्ण र *परममङ्गलमय* अवस्थामा मन सात्विकभावपूर्ण हुन सकेन, अनेकौं अव्यवसायमय र विशृङ्खलित मनोभावना भयो भने भावी सन्तान राम्रो हुनसक्तैन । प्रायशः पत्रपत्रिका आदिमा प्रकाशित भैरहने

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

विशालतम शिरवाला शिशुको जन्म र वानराकार बालकको उत्पत्ति आदि सबै नै गर्भाधान समयमा उद्‌भूत माता–पिताको उट्‌पटाङ्‌-विचारको फल हो। यसकारण गर्भाधानका समयमा पतिपत्नीको हृदयवृत्ति ज्यादै स्वच्छ, धार्मिकभावयुक्त र परमसात्त्विकभावपूर्ण हुनु नितान्त आवश्यक छ।

उपर्युक्त तथ्यलाई सूक्ष्मातिसूक्ष्मरूपबाट हृदयङ्गम गर्दा यही नै निचोडमा पुग्न सकिन्छ कि माता–पिताको गर्भाधानक्षणको प्रत्येक गति-विधिको विशेष प्रभाव गर्भस्थ बालकमा पर्न आउने रहेछ। त्यसमा पनि अत्यन्त चञ्चलमनोवृत्तिको त तुरुन्त नै प्रभाव नपरी रहन सक्तैन। अतएव योग्य, कुलावलम्बी र वंशप्रदीप पितृमातृ-भक्त पुत्र पैदागराउन नै क्रान्तदर्शी महर्षिहरूले यो संस्कारको पद्धति निर्माण गरेका हुन् भन्न निर्धक्कसित सकिन्छ।

गर्भाधान संस्कारको आवश्यकता किन ?

सृष्टिमा विद्यमान मनुष्य बाहेक पशु पंक्षी आदि सबै प्राणी शास्त्रोक्त गर्भाधानसंस्कार नगरिकन नै गर्भाधान गर्दछन् जसबाट उनीहरू सन्तानोत्पत्ति पनि गर्दछन्। ती पशु-पंक्षीहरू एक मात्र होइन दुइ दुइ, चार चार र सात सातसम्म पनि बच्चाहरू एकै चोटी जन्माउँदछन्। त्यसकारण यो जिज्ञासाहुनु स्वाभाविक छ कि यो गर्भाधान प्रक्रियालाई संस्कारमा किन गन्ति गरिन्छ। यो विषय ध्रुव सत्य छ कि पशुहरू शास्त्रोक्त गर्भाधान विना नै सन्तान उत्पत्ति गर्नमा समर्थ हुन्छन् एवं मनुष्यहरू पनि भइरहेका छन् तर पनि मनुष्य र पशुमा विवेकर शोचने संम्झने शक्ति आदिको जुन महत्त्वपूर्ण विशेषता छ त्यसलाई बिर्सने चेष्टा गर्नु कदापि समुचित छैन। ज्ञान-शक्ति दिएर परमात्माले मानव माथि जुन अनुग्रह गर्नु भएको छ, त्यो पशुहरूमा छैन। जन्मसिद्ध प्राकृतिक गुणको परिधि आहार निद्रा आदिमै पशुहरूको जीवनलीला समाप्त हुन्छ। त्यसबाट रति-भरमात्र पनि पशु बाहिर जान सक्तैन।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

सूक्ष्मातिसूक्ष्म विचार गर्दा आजका वैज्ञानिक चकाचौंधमा चम्किएका हामी मनुष्यभन्दा पशुसमाज धेरै माथिल्लो श्रेणीको रहेछ भन्ने कुरा यस विषयमा उल्लेख गर्न सकिन्छ, किनभने ? पशुहरू प्रकृति-प्रदत्त निश्चितसमयमा स्त्री-संसर्ग गर्दछन त्यसमा पनि स्त्री गर्भिणी छ या छैन भन्ने विषय आफ्नो घ्राणशक्तिद्वारा पत्ता लगाउँदछन् र गर्भवती भए सहसम्पर्कबाट दूर रहन्छन्। परन्तु विवेकज्योति-जगमग ज्ञानवान 'मनुष्यहरू जथाभावीसँग विलासान्ध भै दिनानुदिन बौद्धिकशारीरिक र मानसिक शक्तिहरूलाई क्षीण पार्दै "जीवेम शरदः शतम्" को सट्टा "जीवेम क्षणमेव वयम्" तिर लम्किरहेको देखिन्छ। यो भन्दा ठूलो बौद्धिक ह्रास र आत्मकमजोरी के हुन सक्दछ ? अत एव प्रकृतिप्रदत्त संयम (जुनकि गर्भाधान संस्कारका अनेकौं प्रयोजन मध्ये एक छ) भएकोले नै पशुपंक्षीहरूकालागि यो संस्कारको आवश्यकता भलै नहोस् तदपि बुद्धिजीवी मानव-सन्ततिका लागि त निश्चय नै यस पवित्रतम संस्कारको परमावश्यकता सूक्ष्म-विचार गरेको पक्षमा पदे पदे छ। यो नितान्त सत्य विषय हो।

यो संस्कारद्वारा स्त्री-पुरुषको परस्पर पवित्रतम सम्बन्ध तथा संयमको महत्त्व दिग्दर्शन हुन्छ। विवाहित पति-पत्नीहरूका समीप यो आदर्शविचार राखिन्छ कि तिमीहरूको सम्बन्ध विषयभोगको तृप्तिकालागि मात्र होइन परन्तु पुत्रप्राप्ति (जसबाट वंशपरंपरा प्रतिष्ठापन हुन्छ) आदि महान् उद्देश्य पूर्ण गर्नका लागि हो। अतएव विवाह संस्कारको प्रारम्भ मै भनिन्छ कि 'धर्मे अर्थे कामे च नातिचरितव्यसस्यां त्वया।" हे वर! धर्मार्थकाम त्रिवर्ग सबै तिमीले यी जीवन सहचारीलाई छोडेर नगर। यो शास्त्रीय विवाहमर्यादालाई परिपालन गर्दै यही नै पुत्रोत्पत्तिरूप उद्देश्यका लागि मात्र पति-पत्नी सहवास समुचित छ। संयमपूर्वको गार्हस्थ्य-दाम्पत्यको आदर्श हो न कि व्यभिचार। विवाहको तात्पर्य यो होइन

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

कि उनीहरूलाई विषयसेवनको खुला अवकाश दिइयो, उनीहरू यथेच्छरूपबाट विषयभोग गर्दै रहून्, त्यो पाप हुने छैन। किनकि उनीहरू त पतिपत्नी हुन्। सारांशमा भन्न सकिन्छ कि यस प्रकार-संग विषयमा लम्पट भइरहनु निश्चय नै व्यभिचार बाहेक अरू केही होइन।

हाम्रो विवाहपद्धतितिर दृष्टि दिंदा ज्ञान हुन्छ कि देवता, अग्नि, ब्राह्मण र अनेकौं कुलकुटुम्ब एवं सभ्य भलादमीहरूका समक्ष सबैको यथोचित अनुमति लिएर वैदिकमन्त्रहरूको आधारमा उक्त संस्कार सम्पादन गरिन्छ। यसै मन्त्रपूत पारस्परिक सम्बन्धलाई नै जीवनभर मान्यता दिएर सद्धर्मचारिणीको रूपबाट पतिले पत्नी ग्रहण गर्दछ र पत्नीले पति मान्दछे। अतएव शास्त्रीय रीतिको प्रतिकूल कुनै स्त्री-पुरुष परस्पर व्यभिचारमय विलासान्ध भएर वासनात्मक सम्बन्ध मात्र राख्दछन् भने त्यसलाई व्यभिचारमा गणना गर्न निश्चय नै सकिन्छ। यो जीवनको व्यभिचारले भस्मान्त-जीवनमा पनि अपकार गर्छ गर्छ यसमा कुनै सन्देह छैन।

मनु आदि विभिन्न स्मृतिको अवलोकन गर्दा पनि कन्यादानको समय अतिवाहन गर्ने बाबु दोषी, ऋतुकालमा पत्नी-सहवास रहितको पति दोषी र बाबुको मृत्यु पछि माताको सम्यक् रूपले पालन-पोषण नगर्ने पुत्र दोषी भनी उल्लेख भएको पाइन्छः—

"कालेऽदाता पिता वाच्यो वाच्यश्चानुपयन्पतिः।
मृते भर्तरि पुत्रस्तु वाच्यो मातुररक्षिता॥

मनु० अ०६ श्लो ४।

ऋतुसहवासमा पनि एक पुत्र पैदा भैसकेपछि शास्त्रले बाध्य गराएको छैन किनभने ज्येष्ठसन्तति नै सच्चा सन्तान हो। अरू सन्तान वासनाका प्रतीक मात्र हुन्। पति नै वीर्यरूपबाट स्त्रीको गर्भाशयमा प्रवेश गरी पुत्ररूपबाट उत्पन्न हुन्छ। पति त्यस

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

स्त्रीको गर्भबाट पुनः उत्पन्न हुने हुँदा नै पत्नीलाई "जाया" भन्ने शब्दले व्यवहार गरिन्छ ।

"पतिर्भार्यां संप्रविश्य गर्भो भूत्वेह जायते ।
जायायास्तद्धि जायात्वं यदस्यां जायते पुनः ॥

मनु० अ.९ । श्लो. ८

यस्तै ज्येष्ठ सन्ततिले जन्मलिंदा नै मनुष्य पुत्रवान् हुन्छ, पितृऋणबाट मुक्त हुन्छ । अतएव पिताको सच्चा उत्तराधिकारी ज्येष्ठ-पुत्र नै ठहरिन्छ । जसले जन्मलिंदा नै पिता पितृऋणबाट छुट्तछ र जसको माध्यमबाट मोक्षगतिपर्यन्त प्राप्त गर्दछ । यसो हुँदा धर्मजपुत्र केवल ज्येष्ठपुत्र मात्र हो अरू सबै (विलासका पुतली जस्ता) कामज मात्र अङ्गीकृत छन्ः—

"ज्येष्ठेन जातमात्रेण पुत्री भवति मानवः ।
पितॄणामनृणश्चैव स तस्मात्सर्वमर्हति ॥
यस्मिन्नृणं संनयति येन चानन्त्यमश्नुते ।
स एव धर्मजः पुत्रः कामजानितरान्विदुः ॥

मनु० अ.९ । श्लो० १०६-७ ।

पौराणिककालमै आएर अवलोकन गर्ने हो भने पनि पौराणिक-तथ्यलाई आधारभूत मानी निर्माण गरिएको रघुवंश महाकाव्यमा महाकवि कालिदासले गर्भाधान, पुंसवन आदि संस्कारको स्पष्ट उल्लेख गर्नुभएको हामी पाउँदछौं:—

प्रियानुरागस्य मनः समुन्नतेर्भुजार्जितानां च दिगन्तसम्पदाम् ।
यथाक्रमं पुंसवनादिकाः क्रिया धृतेश्च धीरः सदृशीर्व्यधत्त सः ॥

रघु. स. ३ श्लो. १० ।

अर्थात् बुद्धिमान् ती दिलीपराजाको जस्तो रानी सुदक्षि-णामा स्नेह थियो, मनमा उदारता थियो, बाहुबलद्वारा उपार्जित दिगन्तव्यापी जुन सम्पत्ति थियो एवं मलाई पुत्र पैदा हुन्छ भन्ने जुन आत्मविश्वास थियो यी सबै क्रियाहरूको अनुरूप पुंसवन आदि

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

सम्पूर्ण संस्कारहरू यथाशास्त्र सम्पादन (दिलीपले) गरे।

यस्तै परिमित सन्तान उत्पत्ति गर्ने परंपरा, पातिव्रत्य र पत्नीव्रतको उच्चतम आदर्शमय मर्यादालाई अङ्गीकार गर्नुपर्दछ भन्ने शिक्षा हामीलाई मर्यादापुरुषोत्तम श्रीरामको चारित्रिक सिंहावलोकनले पनि दिलाउँदछ।

आज भोलि हाम्रो समाजमा स्त्री–पुरुषको पारस्परिक सम्बन्ध बिलकूल गोप्य संम्झिइन्छ। गर्भाधानको चर्चा त्यो पनि संस्कारका रूपमा उत्सवमा एकत्रित उपाध्याय (आचार्य) एवं अनेकौं नाता-कुटुम्ब र भद्र-भलादमीका संमुख स्त्री–पुरुष दुबैका लागि लज्जाको कुरा संम्झिइन्छ। किन्तु वास्तवमा यस्तो चर्चा न बिलकूलै गोप्य हो, न त लज्जाजनकै। म संम्झन्छु— जहाँदेखि समाजमा यो वैदिक-संस्कारको अभाव भयो र त्यसको स्थान गोपनीयताले लियो त्यहाँ-देखि नै अधिक विषयसेवनरूप व्यभिचारको मात्रा बढ्न थाल्यो। यदि आज फेरि गर्भाधानलाई संस्कारको रूपमा गर्ने प्रथा प्रचलित होस् त समाजका धेरै दोष स्वयं शान्त भएर जानेछन्। केवल सन्तानोत्पत्तिका निमित्त गर्भाधान-संस्कारका समयमा मात्र स्त्रीपुरुष सहवास गर्ने गरून्, अतिरिक्त समयमा होइन। यही नै गर्भाधान संस्कारको मुख्य अभिप्राय हो।

वैदिक सनातनधर्मविद् वरेण्य- विद्वान्‌हरूले संसारका जीवनोपयोगी स्पृहणीय-पदार्थहरूको वर्गीकरण गर्दै चार भागमा बाँडेका छन्। ती हुन्- धर्म, अर्थ, काम र मोक्ष। जसलाई चतुर्वर्ग भन्ने संज्ञा दिइएको छ। यी चार पुरुषार्थमा संसिद्धि गराउने शास्त्र पनि चारै थरि छन्।

वर्ण र आश्रम-व्यवस्थाको महत्त्वपूर्ण भूमिका रहेका समयमा ऋषिकुल (गुरुकुल) आदिमा २५ वर्ष पर्यन्त ब्रह्मचर्यव्रत पूर्ण गरेर स्नातक हुने छात्रहरूलाई अरू विद्याहरूका साथै आचार्यहरू गार्हस्थ्य-शिक्षाको पनि उपदेश दिन्थे जसले गर्दा युवकहरू पहिलेदेखि नै

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

गृहस्थाश्रमका लागि परमावश्यक नियमहरू सँग सुपरिचित भै सक्तथे। जब आश्रमधर्म लुप्तभयो त्यहाँदेखि नै यो संस्कार (गर्भाधानपद्धति अनुसार सो संस्कार सम्पादन गर्ने) परंपरा यथार्थरूपवाट लुप्तभएको देखिन्छ।

यस संस्कारको पुनरुद्धार हुनसके सन्ततिनिरोध र सुखी-परिवारको परिकल्पनाका निमित्त उपायान्तरको आवश्यकता पर्दैन होला भन्ने यी पङ्क्तिका लेखकलाई पूर्ण विश्वास छ। अतः यस संस्कारको पुनरुद्धारका लागि गार्हस्थ्यशिक्षाको सम्यक् अध्ययन-अध्यापनादि हुनुकासाथै संस्कार सुसम्पन्न गराउने आचार्यलाई यस विषयको पूर्ण ज्ञान रहनुपर्दछ। यसो हुन सकेमा सस्कारार्थीलाई यथार्थसत्यरूपको अपेक्षित ज्ञान गुरूबाट नै प्राप्त हुनसक्छ। अथवा यो संस्कारभन्दा अगाडि नै त्यो संस्कार सम्बन्धी योग्यता-प्राप्तिकालागि यस विषयका ग्रन्थहरूद्वारा अपेक्षित ज्ञानलाभ गर्न सक्छ। जस्तै परीक्षातिथि निर्धारित भएपछि विद्यार्थीहरूको पढाईमा अधिक अभिरूचि उत्पन्न हुन्छ र उनीहरू त्यसदिन सफलता प्राप्त गर्नकालागि अनवरत मिहिनेत गरी तयारीमा संलग्न रहन्छन्, ठीक यस्तै ज्यौतिषशास्त्रादिबाट गर्भाधानसंस्कारको दिन नियत गरिसकेपछि संस्कारार्थीलाई तदर्थ यथेष्टज्ञान प्राप्तगर्ने प्रेरणा पाउनु स्वाभाविकै हुन्छ र गुरु अथवा तदनुकूल शास्त्रानुशीलनबाट सो ज्ञान प्राप्त पनि गर्नसक्तछ, अनिमात्र धार्मिकक्रियाका रूपमा सम्यक् प्रकारले गर्भाधानसंस्कार सुसम्पन्न हुन सक्तछ। यसबाट नै भावीसन्तान धार्मिकभावसम्पन्न सत्पुत्रको रूपमा प्रादुर्भाव हुन जान्छ यसमा केही शंका छैन। किनभने ? "श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः" - अर्थात् मनुष्य श्रद्धामय छ: जसको जस्तो श्रद्धा छ त्यो त्यही नै हुन जान्छ।

उपसंहार

महर्षि पतञ्जलिले ब्रह्मचर्यको सर्वोच्च महिमा प्रतिपादन गरी

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

चारौं 'यम' (समाधिसिद्धि-साधनविशेष) का रूपमा ब्रह्मचर्यलाई उल्लेख गर्दै ब्रह्मचर्यमा संयमी बन्न सके वीर्य (उत्साह आदि) प्राप्त हुने सार्वभौमसिद्धान्त प्रतिपादन गर्नु भएको छ ।

"ब्रह्मचर्यप्रतिष्ठायां वीर्यलाभः" योगसूत्र पा०२। सू० ३८।

यो ब्रह्मचर्य, युक्त आहार-विहार आदिबाट नै सुरक्षित रहन सक्तछ अनिमात्र योगसिद्धि हुन सक्छ भन्ने सन्देश विश्वात्मवादी गीता दर्शनको पनि छ ।

"युक्ताहारविहारस्य युक्तचेष्टस्य योगिनः ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा" ॥

गीता अ०६। श्लो. १७॥

अर्थात् - "यो दुःखसमुहलाई नाशगर्ने योग (समाधि) यथायोग्य आहार, समुचित विहार, नियमानुकूल समस्त व्यवहार सम्पादन गर्ने, यथासमय शयन एवं जागरण आदि कार्यमा संलग्न व्यक्तिले नै हस्तगत पार्न सक्तछ"। जब साधकमा ब्रह्मचर्यको पूर्णतया दृढस्थिति हुन जान्छ, तब साधकको मन, बुद्धि, इन्द्रिय र शरीरमा अपूर्वशक्ति प्रादुर्भाव हुनजान्छ, साधारण मनुष्य कुनै काममा पनि उसको (ब्रह्मचर्यसम्पन्नव्यक्तिको) कक्षामा पुग्न सक्तैन। यो ध्रुव-सत्य विषय छ ।, उपक्रममा निवेदन गरिएको भगवद्वाक्य "धर्मा-विरुद्धो भुतेषु कामोऽस्मि भरतर्षभ"लाई हृदयङ्गम गरी केवल एक पुत्रप्राप्तिरूप प्रयोजनका निमित्त मात्र पत्नी-सम्पर्की बन्नसके हाम्रो जीवन स्वतः असत्यबाट सत्यतिर, अन्धकारबाट प्रकाशतिर र मर्त्यभावबाट भूमभावतिर लम्कने छ, यसमा कुनै शंका छैन ।

सर्वतन्त्र स्वतन्त्र हिन्दू अधिराज्यमा सन्ततिनिरोधका विभिन्न विधानहरू परिचालित छन् त्यसमध्ये मुख्य विधाका रूपमा धर्मानुकूल रतिसेवाको प्रक्रियालाई प्रोत्साहन मिलनसके हाम्रो समाज स्वर्गीय समाजमा परिणत हुने थियो र प्रत्येक हिन्दूको परिवार स्वर्गको दरबार बन्ने थियो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

अन्तमा निवेदनगर्न चाहन्छु— सन्ततिनिरोध र सुखी परिवारको परिकल्पनालाई साँच्चै नै सफल पार्ने हो भने 'धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ' यो गीताको अमरसन्देशलाई प्रत्येक आर्य(हिन्दू)ले अभेद्यकवच, मूलमन्त्र र रामायण जस्तो अमोघ-शक्ति-सम्पन्न संम्झनु पर्ला। यसबाट नै हाम्रो परम कल्याण संभव छ।

जसको चित्त, संपत्तिमा कमलभन्दा पनि कोमल र विपत्तिमा ढुङ्गाको पहाडभन्दा पनि साह्रो हुन्छ त्यसैलाई ठूलो मानिस भन्दछन्।

—भर्तृहरि

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

नेपालमा संस्कृतको आवश्यकता किन र संस्कृति के हो ?

—प्रा० लोकनाथ ढकाल

नेपाली–संस्कृति वा हिन्दू-संस्कृतिमात्र होइन मानव–संस्कृतिको पनि सम्यक् परिचय र संरक्षण तथा संवर्धनको निमित्त केवल 'अन्नम्, जलम्' इत्यादि साधारण संस्कृत-भाषाको मात्र होइन किन्तु वेद-वेदाङ्ग प्रभृति उच्चैस्तर दर्शनशास्त्रको गम्भीरतर परिशीलन अनिवार्य छ ।

यहाँ संस्कृतिको ज्ञान, रक्षा र वृद्धिको लागि संस्कृतको आवश्यकता किन ? भन्ने प्रश्न उठ्न सक्तछ; त्यसको समाधान गर्न संस्कृति के हो ? यसको विचार गर्न उचित देखिन्छ । लेखको आकार बहु-विशाल होला भन्ने भयले संस्कृतिको बारेमा प्रस्तुत गरिएका विद्वान्-हरूका विभिन्न दृष्टिकोणहरूको दूषण भूषण केही नगरी केवल जीर्ण पाषाणमय स्वानुभूति–भित्तिमा कोरिएको बिलकुल नयाँ रेखात्मक चित्र मात्र पाठकवर्गको सामुन्ने प्रस्तुत गर्दछु ।

सत्, चिद्, आनन्दस्वरूप परमात्माले जस शक्तिद्वारा विश्व-ब्रह्माण्डको रचना गर्नहुन्छ, विचित्र विविध विश्वब्रह्माण्डको हेतु अचिन्त्य अनन्त शक्तिकेन्द्र त्यस समष्टि शक्तिविशेषलाई दार्शनिकहरू विभिन्न दृष्टिकोणद्वारा नदेखिने हुनाले अदृष्ट, दुर्ज्ञेय हुनाले माया, विद्या (आत्मतत्त्व–साक्षात्कार) विरोधी हुनाले अविद्या, विश्वको मूल-कारण हुनाले प्रकृति भन्दछन् । विचित्र जगत्को बीजभूत त्यस विचित्र शक्तिविशेषका अनन्त भेद भएतापनि संक्षेपमा ३ भेद मान्न सकिन्छ । (१) धर्मप्रधान, (२) अधर्मप्रधान र (३) समानरूपले सम्मिश्रित धर्म र अधर्म । त्यसमध्ये धर्मप्रधानबाट देवताप्रभृतिमा, अधर्मप्रधानबाट दानव आदिमा धर्म र अधर्म दुवै समान भएमा मानवयोनिमा जन्म हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

मेरो विचारमा उपर्युक्त धर्म र अधर्मस्वरूप शक्तिविशेषलाई नै संस्कृति भन्ने संज्ञा दिएको हो। किनभने संस्कृत व्याकरणानुसार सम् उपसर्गसहित 'कृ' धातुबाट भाव अर्थमा 'क्तिन्' प्रत्यय र भूषण (सार) अर्थमा 'सुट्' आगम भएर (सम् + स् + कृ + ति) 'संस्कृति' शब्द बन्दछ, जसको अर्थ हुन्छ सारभूतक्रिया। अथवा कृत्प्रत्ययद्वारा बुझिने भाव (क्रिया) द्रव्य झैं प्रकाशित हुन्छ। यस उक्ति अनुसार क्रियाको सारांश भन्ने अर्थ पनि हुन्छ। 'कृ' धातुको प्रयत्न अर्थ हो तापनि 'कृभ्वस्तयः क्रियासामान्यवचनाः' यस व्याकरणको उक्तिअनुसार उसको सामान्यक्रियामात्र पनि अर्थ हुन सक्तछ।

एवं 'सम् + कृ' धातुबाट भाव अर्थमा 'घञ्' प्रत्यय र भूषण अर्थमा 'सुट्' आगमद्वारा निष्पन्न 'संस्कार' शब्द पनि संस्कृतिशब्दकै पर्याय हो।

अतिसूक्ष्मदर्शी दार्शनिकहरूले संस्कारको ३ भेद मानेका छन्—

वेग, स्थितिस्थापक र भावना।

जस्तै— बाह्यगमन आदि क्रियाबाट पैदा भएको वेग नामक संस्कारबाट पुनः पुनः गमन आदि क्रिया पैदा हुन्छ। त्यस्तै आभ्यन्तर अनुभवात्मक ज्ञानक्रियाबाट पैदा भएको भावनाख्य-संस्कारबाट पनि पुनः पुनः स्मृतिरूप ज्ञानक्रिया पैदा हुन्छ। कारण र कार्यभूत क्रियाहरू विनष्ट भइसके पछि पनि रहीरहने हुनाले नै उसलाई संस्कार (क्रियासारांश) भनेको हो।

यही किसिमले सत्कर्म सबै मानवको अनिवार्य कार्य - अहिंसा, सत्य, नचोर्नु, परस्त्री परित्याग, आवश्यकभन्दा अधिक संग्रह नगर्नु, बाह्य तथा आभ्यन्तर शौच र सन्तोष; तपस्या :— यथाशक्ति नियम-व्रतहरूको आचरण, स्वसंस्कृतिको अनुकूल ग्रन्थहरूको अध्ययन, ईश्वरभजन इत्यादि; तथा अधिकारानुसार शास्त्रविहित नित्यः— प्रतिदिन यथासमय अनिवार्यरूपले गर्नुपर्ने सन्ध्यावन्दन आदि कर्म;

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

नैमित्तिकः— कदाचित् अनिवार्यतया गरिने श्राद्ध आदि कर्म; काम्यः— कामनानुसार गरिने यज्ञ, होम आदि कर्म) र असत्कर्म :— (सर्व-साधारण अकर्तव्य :— पूर्वोक्त अहिंसा, सत्य आदिको विपरीत हिंसा असत्य आदि, तथा जाति, व्यक्ति, देश, काल, वस्तु अनुसार, निषिद्ध :— अपेयपान, अभक्ष्यभक्षण, अगम्यगमन, अकर्तव्यकरण आदि) बाट पनि क्रमशः धर्म र अधर्म नामक संस्कार पैदा हुन्छन् ।

यिनै धर्म र अधर्मलाई संस्कृति[१], संस्कार[२], प्रकृति[३], कर्म[४], कर्माशय[५], स्वभाव[६], अपूर्व[७] इत्यादि नामद्वारा पनि दार्शनिकहरूले व्यवहार गरेका छन् ।

---

[१] 'सा प्रथमा संस्कृतिर्विश्ववारा'— यजुर्वेद (अ ७ कं १४) सोमयागमा सोमलताको विहित-सस्कारद्वारा पैदा भएको अदृष्टविशेष धर्मलाई यहाँ सस्कृति भनेको हो । किनभने भाष्यकारले— 'जगदुत्पत्ति-बीजत्वात्सा संस्कृतिर्विश्ववारा' यस्तो व्याख्या गरेकोले जगत्को उत्पत्तिमा हेतुभूत धर्मलाई नै यहाँ संस्कृति शब्दले संकेत गरेको बुझिन्छ ।

[२] 'संस्कारः पुंस एवेष्टः प्रोक्षणाभ्युक्षणादिभिः' प्रोक्षणादि क्रिया-बाट जो संस्कार (धर्म) हुन्छ त्यो पुरुष आत्मामा रहन्छ । (कु. का. उदयनाचार्य) ।

[३] 'दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानाम्'— न्या. सू. । 'प्रवृत्तिरत्र धर्माधर्मौ प्रवृत्तिहेतुत्वात्' प्रवृत्तिको हेतु हुनाले यहाँ प्रवृत्ति भनेर धर्म र अधर्मको बोध हुन्छ । —भाष्यकार ।

[४] कर्मजन्य हुनाले धर्म-अधर्मलाई कर्म पनि भन्दछन् ।

[५] 'क्लेशमूलः कर्माशयो दृष्टादृष्टजन्मवेदनीयः'— योगसूत्र पा. २ सू. १२ । 'कर्माशयो धर्माधर्मौ'— नागोजीभट्टवृत्तिः । 'धर्माधर्मरूपः संस्कारः कर्माशयः' —योगसुधाकर ।

[६] 'ब्राह्मण……कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः— भग. गी. अ. १८ श्लो. ४१ । 'प्राग्भवीयः संस्कारो वर्तमाने भवे स्वभाव. कथ्यते' पूर्वजन्ममा गरेका कर्मबाट पैदा भएको सस्कार (धर्म र अधर्म) यस जन्म-मा स्वभाव कहलाउँछ । —मधुसूदनीव्याख्या ।

[७] मीमांसकहरूले दर्शपौर्णमास प्रभृति यज्ञबाट पैदा भएको धर्म र अधर्मलाई अपूर्व संज्ञा दिएका छन् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

अतः उपर्युक्त धर्म र अधर्म नामक संस्कारलाई नै आजकाल प्रयोग गरिने संस्कृतिशब्दको वाच्य अर्थ मानेमा वेद, शास्त्र, लोक, उपपत्ति कुनै विरोध नपर्ने हुँदा त्यसैलाई नै संस्कृति मान्नु उचित देखिन्छ।

त्यसमध्ये समष्टि धर्म र अधर्म = विश्वसंस्कृति, धर्मप्रधान = दैवीसंस्कृति, अधर्मप्रधान = आसुरीसंस्कृति, समानरूपले मिश्रित धर्म र अधर्म उभयचाहिं मानवसंस्कृति हो।

जस्तै पाँच पाँच हजार संपत्ति भएका र दश दश हजार संपत्ति भएका दुवैथरी मानिस समान संपत्तिशाली हुन् तापनि पाँच-सहस्री र दशसहस्रीमा तारतम्य अवश्य हुन्छ। त्यस्तै मानव-संस्कृति (धर्म र अधर्म) समान भए पनि उसको तारतम्यले नानाथरी हुनसक्ने हुनाले हिन्दूकुलजन्महेतु कुनै मानवसंस्कृति नै हिन्दू संस्कृति हो, तथा नेपाली कुलमा पैदा गराउने कुनै मानव संस्कृति वा हिन्दू-संस्कृति नै नेपाली संस्कृति हो। एवं तत्तद् जाति-वर्ग व्यक्तिगत संस्कृति पनि मानवसंस्कृतिका अवान्तर भेद हुन्छन्।

भाषा, साहित्य, सभ्यता, संगीत, कलाहरू कदाचित् संस्कृतिका परिचायकसम्म हुनसक्छन, संस्कृति होइनन्। किनभने जुनवेला पटु-प्रज्ञ-मानव अभ्यासद्वारा परकीय-भाषा साहित्य आदिको सही अनु-करण गर्दछ, त्यसवेला तिनीहरू स्वसंस्कृतिको परिचायकसम्म पनि हुँदैनन् भने संस्कृति कसरी होलान्। दाउराको भारी वोक्नेलाई ए दाउरा? भनी संवोधन गरेझैं कदाचित् संस्कृतिको परिचय दिने हुनाले मात्र तिनीहरूलाई संस्कृति भनेको हो।

एवं अनुभवजन्य संस्कारको स्मृतिक्रिया झैं वर्तमान जन्ममा गरिएका सदसत्कर्महरू पनि पूर्वकृत सदसत्कर्मजन्य संस्कृतिका परिचा-यक हुन सक्छन्।

सूक्ष्मरूपले रहेको अनुभव नै स्मृतिहेतु-संस्कार हो भन्ने सांख्य-सिद्धान्त अनुसार ता सूक्ष्मरूपले रहेको पूर्वकृत सदसत्कर्मलाई नै जन्मान्तरहेतु संस्कृति हो भन्न पनि सकिन्छ।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

शास्त्रविहित गर्भाधानप्रभृति संस्कारहरू पनि यही सूक्ष्म संस्कृतिकै अभिव्यञ्जनद्वारा मानवलाई सत्कर्ममा अधिकृत बनाई उन्नतिको मार्गतिर जान प्रेरणा गर्दछन् र भावीजन्मको संस्कृतिको निर्माणमा सहायक हुन्छन् ।

यहाँ संस्कारशब्द 'सम् + कृ' धातुबाट करण अर्थमा 'घञ्' गरेर बनेको हो ।

यस संस्कृतिलाई कतिपय दार्शनिकहरू साक्षात् मनोवृत्ति र कुनै दार्शनिक वर्गहरू साक्षात् आत्मवृत्ति मान्दछन् र संस्कृति प्रेरित अन्नमानहरू नै क्रमशः शुक्रशोणितद्वारा शरीरसाधन हुनाले परम्परया भोग्यशरीर आदिमा रहने पनि मान्दछन् ।

मन र आत्मा नमान्ने कुनै वर्ग भने आत्मस्थानीय ज्ञान वा शरीरमै रहने मान्दछन् ।

माथि बताए बमोजिम संस्कृतिविना जन्म र जन्मविना संस्कृति हुन नसक्ने हुनाले 'बीजाङ्कुर' न्यायले जन्मपरम्परा र संस्कृतिपरम्परालाई अनादि (अमुक दिनदेखि शुरू भएको भन्न नसकिने) मान्न करै लाग्दछ । यसै कारणले संस्कृतिको मुख्य आधार आत्मालाई अनादिनिधन (उत्पत्ति र नाश नहुने) मानेको हो ।

मानवसमाजले संस्कृतिको सम्यक् पहिचानगर्न सकेन भने कुन स्वसंस्कृति ? कुन परसंस्कृति हो ? त्यसको विवेकगर्न नसकेर कागले कोइलीको बचा पोषेझैं परसंस्कृतिलाई पनि पोष्तछ र आफ्नो संस्कृतिचाहिं यवनगृहगत गाईझैं मरणासन्न हुन्छ ।

जब आफ्नो संस्कृति खतम हुन्छ त्यसवेला स्वदेश तथा राष्ट्रिय-एकता सबै खतरामा पर्दछन् । किनभने अन्यत्र पनि पाइनसकिने केवल हावा, पानी, ढुङ्गो, माटोलाई मात्र स्वदेश भन्न असङ्गत भएकोले विलक्षण संस्कृतिविशिष्ट मुलुकलाई नै स्वदेश भन्नु पर्दछ । राष्ट्रका सबै सदस्यहरू समान संस्कृतिसंपन्न भए भने मात्र राष्ट्रिय–एकता संभव हुन्छ । संस्कृतिभेद भएकोले नै भारतबाट पाकिस्तान पृथक्

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

भएको कुरा विश्वविदितै छ ।

आफु वा आफ्ना पिता पुरुखा जहाँ जन्मिएका छन् त्यसैलाई अर्थात् आफ्नो वा पिता पुरुखाको जन्मभूमिलाई स्वदेश मानेमा अनेकौं पुस्तासम्म विदेशमा वसोवास गरेका नेपालीहरूले पनि नेपाललाई नै स्वदेश मानेको कुरा असंगत हुने भयो ।

आजकाल धेरै शहरियाहरू प्रसूतिगृहको खाटमा र अन्य ग्रामीण जनताहरू घरको एक कुनामा जन्मिन्छन् । यसमा अधस्तन-प्रश्नहरू सहजै उठ्न सक्तछन् । के जन्मभूमि खाटको छेउ र घरको कुना मात्र हो ? अथवा हस्पिटल सबै र जम्मै घर हो ? कि वा संपूर्ण नगर र गाउँ सबै हो ? यद्वा समस्त राष्ट्र र समस्त विश्व हो ? अर्थात् जन्म-भूमिको सीमा केको आधारमा निर्णय गर्ने ? ।

मेरो विचारमा ता संस्कृतिकै आधारमा जन्मभूमिको सीमा पनि निर्धारित हुन्छ । आफ्नो जन्महेतु जो संस्कृति छ तत्समान संस्कृति भएको भूभागलाई नै जन्मभूमि वा स्वदेश मान्नु पर्दछ ।

यहाँ जन्मभूमि भनेर जन्मिएको भूमिमात्र होइन किन्तु जन्म-योग्यभूमि सबै हो । योग्यताको परिचय स्वसमान-संस्कृतिद्वारा नै हुन्छ । एवं च, विदेशमा अनेकौं पुस्तासम्म वसोवास गरेका नेपाली-हरूले नेपाललाई स्वदेश वा जन्मभूमि मान्नु असंगत हुँदैन । उपर्युक्त संस्कृति दैशिक परम्परया भूमिप्रभृति बाह्यवस्तुमा रहे पनि उसको मुख्य आधार आत्मा नै हो भनी माथि नै भनिसकियो ।

अतः आत्माको यथार्थ परिचयविना संस्कृतिको सम्यक् परि-ज्ञान हुन सक्तैन । आत्माको यथार्थ परिचय दर्शन पर्यन्त संस्कृतशास्त्र-को गम्भीरतर परिशीलन र तदुक्त आचरणविना असंभव हुनाले संस्कृतिको ज्ञान र सुरक्षा तथा संवर्धनको लागि मानवमात्रले संस्कृतको अध्ययनगर्नु अत्यावश्यक छ ।

('नेपालमा संस्कृतको आवश्यकता किन ?' शीर्षकमा प्राप्त भएको लेखको एक अंशका रूपमा यो लेख यहां प्रकाशित गरिएको छ । — सं० मण्डल)

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

वेदमा चन्द्रलोकयात्रा

—प्रा० गोविन्द प्रसाद भट्टराई

वर्तमान कालमा मनुष्यले चन्द्रलोकको यात्रा गर्‍यो, यात्रामात्र गरेको होइन, खासै चन्द्रलोकमा साढे तीन घण्टासम्म पाइला चालेर हिंड्ने सौभाग्य पायो, यो वर्तमान युगको अमेरिकी वैज्ञानिकहरूको ठूलो विजय हो भनी मान्नै पर्दछ, वैदिक समय पछि मानिस चन्द्र-लोकमा पुगेको यो पहिलो पटक हो भनी मानेमा पनि अत्युक्ति नहोला। यो ठूलो उपलब्धि हो र यो उपलब्धि अमेरिकाको मात्र नभै संपूर्ण वर्तमान युगका मानवहरूको उपलब्धि हो भनी मनुष्यमात्रले गर्व गर्न पाएको छ।

ब्रह्मलोक सत्यलोक स्वर्गलोक चन्द्रलोक प्रभृतिलोकहरूमा जाने कुराहरू आजसम्म कथाकै रूपमा थिए र पुराना कुराहरू हुन् भनी मानिन्थे, अहिले यो चन्द्रलोकयात्राले ती पहिले पहिलेका कथाहरूलाई पनि सत्य हो भन्ने कुरा सावित्ती गरिदिएको छ, त्यो मात्र होइन, वर्तमान आकाशवाणीको प्रादुर्भाव हुनुभन्दा अगिका आकाशवाणी भएका कथा र आकाशमा उड्ने विमानका कथाहरूलाई समेत वर्तमान युगले सत्य सावित्ती गराएर अव ती कथा-हरू कथाको रूपमा मात्र नरही इतिहासको रूपमा रहेका छन् भनी प्रमाणित गराएको छ।

हामी सनातनी हिन्दू हौं, हामी आस्तिक छौं र देवता मान्दछौं। संपूर्ण योनिहरूमा देवयोनि सर्वशक्तिसंपन्न छ भनी मानि-एको छ। ती देवताहरू आजका अमेरिकन वैज्ञानिकभन्दा धेरै नै शक्तिशाली थिए, बुद्धि वल धन मान ज्ञान विज्ञानमा देवताहरूले विश्वब्रह्माण्डका सबै जातिलाई उछिनेका थिए, तथा त्यस्ता देवताहरू-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

लाई शिक्षादीक्षा दिएर यतिसम्म शक्तिशाली बनाउने त्यस समयका देवर्षि र ब्रह्मर्षिको गुणको बयान गरेर ता साध्य नै छैन। त्यसैले देवता जातिको र देवर्षि ब्रह्मर्षि महर्षि समेतको संयुक्त चन्द्रलोकयात्राको एक वैदिक इतिहास यहाँ प्रस्तुत गर्दछु।

संपूर्णलोकहरूका मध्यमा यज्ञ गर्ने मुख्य स्थल पृथिवी नै हो। यहाँ गरेका यज्ञ आदिका प्रभावले अरू अरू लोकमा गएर सुख-भोग गर्न पाइन्छ भनी संपूर्ण वेदादिशास्त्रले मानिएको छ। त्यसैले यी पृथिवीलाई देवयजनभूमि हुन् भनी मानिएको छ। देवयजनीको अर्थ उव्वट र महीधरले 'देवा इज्यन्ते यस्यां सा देवयजनी' भनी देवताहरूलाई प्रसन्न गराउन यज्ञ गरिने स्थल भूमिलाई मानेका छन्। पूज्य पूज्यतर र पूज्यतम जुन जातिमा पनि हुन्छन्, देवजातिका पनि आफूभन्दा ठूला पूज्य देवताहरू हुन्थे, उनीहरूलाई मान भाउ गर्न यज्ञ आदि गर्नु पर्दथ्यो र यज्ञ आदिबाट प्रसन्न भएका ठूला देवताले यज्ञगर्ने देवता वा याज्ञिकहरूलाई चाहेको वरदानले प्रसन्न गर्दथे, त्यसैले गीतामा पनि भनेको छ "देवान् भावयताऽनेन ते देवा भावयन्तु वः, परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ:" इष्टान् भोगान् हि वो देवा दास्यन्ते यज्ञ भाविताः, तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः" यसरी यज्ञद्वारा संमान गरिएका देवताहरूले उत्तम भोगादिद्वारा यज्ञ गर्नेलाई पनि संमानित गरी परस्परको सद्भावना व्यक्त गर्दथे। त्यसैले पृथिवीमा यजमानले दिएको हवनीय पदार्थले देवताहरू हृष्टपुष्ट हुन्थे र सबल भै शक्तिशाली बनेका देवताहरू यजमानको अभीष्ट पूरा गर्न समर्थ हुन्थे।

पृथिवी देवयजनभूमि हुन् भन्ने कुरा शुक्लयजुर्वेदको[१] उक्तिबाट थाहा हुन्छ। असुरहरूलाई यज्ञजन्य पुण्यका प्रभावले स्वर्गमा जान देवताहरूले निषेध समेत गरेको उक्ति यी मन्त्रहरूमा परेका छन्।

---

[१] शु. य. १ अ. को २५, २६, २७ मन्त्र।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

देवताहरू यज्ञकै प्रभावले स्वर्गादि उत्तमोलकमा जान र बस्न समर्थ हुन्थे। त्यसैले पृथिवीमा आएर विधिपूर्वक देवताहरू यज्ञ गर्दथे वा यज्ञ गर्नुपर्‍यो भने पृथिवीमा आउँदथे र यहाँ पुण्य कमाएर फेरि स्वर्गलोकमा जान्थे, यसरी देवता प्रभृतिलाई स्वर्गको उपभोक्ता वा देवादिको उत्तमयोनि दिलाउन सक्ने आर्य ब्रह्मर्षि देवर्षि महर्षि यसै पृथिवीमा यज्ञ गरिरहन्थे भन्ने कुरा सिद्ध हुन्छ। यसबाट देवता-हरूलाई स्वर्गमा बसुन्जेलको सामल तुमल पृथिवीबाट नै भर्नु पर्दथ्यो। पृथिवीमा यज्ञ गर्न नपाएको खण्डमा उनीहरूको स्वर्गको उपभोग राम्रोसंग हुन सक्तैनथ्यो र उनीहरू निर्वल र शक्तिहीन हुन्थे। यसैले मनुष्य आदि पृथिवीका प्राणीको मात्र होइन कि स्वर्गादिमा बस्ने देवताहरूको पनि खास पालनपोषण गर्ने पृथिवी नै हुन्। भनेको पनि छ— 'क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति'।

अघि कुनै समयमा यस पृथिवीमा देवताहरूको असुर-हरूका साथमा ठूलो संग्राम हुने वेला आयो, जसलाई देवासुर-संग्राम भन्दछन, त्यस मौकामा देवताहरूले आफू आफूमा सल्लाह गरे कि — अब असुरहरूका साथमा लडाईं हुन लाग्यो, लडाईंमा कद चित् हामीले हार्‍यौं भने हाम्रो शक्ति सञ्चय गर्नका निमित्त कहाँ बसेर यज्ञ गर्नु, पृथिवीदेखि बाहेक अन्यत्र यज्ञ हुनै सक्तैन, पृथिवी असुरको हातमा परेपछि यज्ञ गर्न नपाएर हामीलाई आपत्ति पर्नेछ, तसर्थ पृथिवीको जुन मुख्य देवयजनस्थल (जसमा यज्ञ गर्नाले देवताहरू बलवान हुन्छन्) त्यो स्थल छ, त्यसलाई चन्द्रलोकमा लगेर राखौं र त्यसपछि असुरहरूका साथमा लडाईं गरौं, किनभने यदि लडाईंमा हामीले हार्‍यौं भने पनि चन्द्रलोकमा रहेका देवयजनस्थल-मा फेरि यज्ञ गरेर पछि असुर दैत्यप्रभृतिलाई जित्न समर्थ हुनेछौं। यस्तो सल्लाहा गरेर जुन देवयजनस्थल (वेदीयोग्य भूभाग) छ त्यस-लाई चन्द्रलोकमा लगेर राखे। जुन स्थल अद्यावधि कालो दागको रूपमा चन्द्रमामा छ भन्ने वैदिकी कथा छ र त्यसै कथांशलाई शुक्ल-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

यजुर्वेदको ५।२८ मन्त्रले बताएको छ[1]। त्यस मन्त्रको अर्थ यस्तो छ— हे विरप्सिन्– ऋग्यजुः साम तीनै वेदको रूपले शब्द गर्ने व्यापक स्वरूप हे भगवान् विष्णु! (यहाँ विरप्सिन् पद राखिएको छ, त्यसको व्युत्पत्ति— 'विविधं रपति वेदत्रयरूपेण शब्दं करोतीति विरप्सी' भनेर वेदीमा प्राप्त भएका यज्ञरूपी भगवान् विष्णुलाई संबोधन गरेको छ।) हे परब्रह्म परमेश्वर! तपाईं हामीहरू माथि दया गर्नुहोस्, नाना क्रूर वीर सिपाहीहरू भएको लडाईंको खतराबाट जोगाउन सबै देवता देवर्षि ब्रह्मर्षि प्रभृति मिलेर देवताहरूलाई यज्ञादिद्वारा र अरू मनुष्यादि प्राणीलाई अन्नादिद्वारा भरण-पोषण गरेर जीवन दान दिई बलवान् गराउने संपूर्ण जगत्को सार स्वरूप भएकी पृथिवीलाई उठाएर स्वधाकार र स्वाहाकार गर्ने संपूर्ण वेदहरूका साथमा लगेर चन्द्रमामा स्थापना गरे। मुख्य यज्ञियभूमि (देवयजनस्थल) चन्द्रलोकमा पुग्यो, तथापि पछिका याज्ञिक विद्वान्हरू चन्द्रमामा पुगेर रहेको पृथिवीको देवयजनस्थललाई यसै पृथिवीस्थलमा छन् भन्ने भावना गरेर वा उही पृथिवीको देवयजनस्थललाई नै आवाहन गरेर यहाँ यज्ञ गर्दछन्— "यां चन्द्रमसि ब्राह्मणा दधुः" यस श्रुतिअनुसार जुन देवयजनस्थललाई यज्ञनिष्ठ देवर्षि ब्रह्मर्षि र महर्षि समेतले चन्द्रलोकमा राखेका थिए त्यसै भूमिलाई आवाहनादिद्वारा यहां ल्याएको भावना गरेर यज्ञ गरे। त्यस्तो यज्ञमा हजूरको आराधना गर्दछौं हामीलाई अभीष्ट दिनुहोस् भन्ने भगवान् विष्णुसंग प्रार्थना गरिएको यस मन्त्रको अर्थ हो। यसरी स्पष्ट शब्दमा चन्द्रलोकमा पृथिवीको देवयजनस्थल लगेर राखेको उक्ति भएकाले देवताहरू र प्राचीन याज्ञिक योगी विद्वान्हरू चन्द्रलोकमा जान्थे, चन्द्रलोक र पृथिवीलोकको बीचमा यातायात थियो भन्ने कुराको उल्लेख छ। त्यही देवयजन स्थलको पार्थिवाभाग (पृथिवीको भाग) समेत छ खण्डको एक खण्ड चन्द्रमामा छ भनी आजका वैज्ञानिकहरूले समेत

[1] 'पूराक्रूरस्यविसृपो' शु. य. ५।२८

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

मानेका छन्, जुन अंशलाई गुरुत्वाकर्षक भन्दछन्। त्यसैले भन्न सकिन्छ मनुष्यहरूका निमित्त अनुपयुक्त हुने वातावरण र दूषित कीटाणुसमेत चन्द्रलोकमा छैन, यसमा कुनै शङ्का नगरी चन्द्रलोकका वर्तमान वैज्ञानिक यात्रीहरूले ढुक्कसंग यातायात गरे हुन्छ। अफ देखिएको चन्द्रलोकको तल्लो भाग भन्दा नदेखिएको माथिल्लो भाग-चाहीं राम्रो र उपयुक्त छ भनेर मानिएको छ। त्यो कुरा कतिसम्म सत्य छ वैज्ञानिकहरूले अफ विचार गर्नु पर्ने कुरा छ।

देवताहरूको र यज्ञनिष्ठ बडे बडे याज्ञिक देवर्षि ब्रह्मर्षि महर्षि प्रभृति योगी विद्वान्जनको संयुक्त प्रयासबाट नै ठूला ठूला यज्ञहरू हुन्थे, जब असुरहरूले पृथिवीलाई आफ्नो अधीनमा राखेका थिए त्यस मौकामा देवताहरू र याज्ञिक विद्वान्हरू चन्द्रलोकमा जान्थे र वहाँ गै यज्ञ गर्दथे। पृथिवीमा कैयौं पटक असुरहरूले विजयपताका फर्फराएर चक्रवर्ती भै राज गरे, त्यस मौकामा देवताहरूले भूभागमा टेक्नसम्म पनि पाउँदैनथे र चन्द्रलोकमा यज्ञ गरेर आफ्नो अभीष्ट पूरा गर्दथे। पृथिवीमा यज्ञ गर्न असुरहरूबाट सधैं खतरा नै भैरहेकोले एउटा सुरक्षित देवयजनस्थल चन्द्रमामा रहेकाले उनीहरूलाई चन्द्र-लोकमा गएर यज्ञ गर्न धेरै सजिलो भयो। विमान ता असुरहरूसंग पनि थिए, तर चन्द्रलोकसम्म जाने गति भएका विमानहरू उनीहरूसंग थिएनन् र देवजाति जति संपन्नशाली असुरहरू कहिल्यै पनि भएनन्। असुरहरू पनि केही मात्रामा वैज्ञानिक थिए, बलमा उनीहरू पनि बेजोडकै थिए, तर विशिष्ट ज्ञान-विज्ञान योग बुद्धि प्रभृतिमा देवजातिलाई भेट्टाउन सकेनन्, त्यसैले देवजातिको जति लोकान्तरमा जाने शक्ति भएका विमान बनाउन असुरहरूले सकेका थिएनन्।

(क्रमशः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

प्रान्तीय प्रचलित शब्दसंग्रह

कर्णाली अञ्चल

ज्यूलो — खेतको ठूलो फाँट ।
टाटु — घाँटी ।
पैतो — दाल ।
थारीम — ताल्चा ।
पद्‌दुनी — मर्दादा धोती ।
वादो — स्थायी ।
लोड्‌नु — खोज्नु ।
वेलपाला — घाम ओरालो लागे पछिको समय ।
पाटा भात — वन-भोज ।
वेलबूण्या — घाम अस्ताउने समय ।
झलपण्या — बेलुकीको साँझ ।
बाद्‌या — ठूलो (जंगी) खसि ।

सौजन्य :— रत्नाकर देवकोटा

धवलागिरि अञ्चल

चुकानी — अमिलो (चूक) बाट बनाइएको एक किसिमको झोल ।
करासिली — चामलबाट बनेको मिठाइ विशेष ।
पुंडारा — जङ्गलमा हुने कन्दमूल विशेष ।
उदंकरी — वेवास्ती, मनमोजी ।

सौजन्य :— लक्ष्मीनारायण न्यौपाने

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

हाम्रो विचार

आजको युगमा हाम्रो सनातन-धर्मले विकट अवस्था भोग्नु परिरहेको छ। आज संस्कृत-शास्त्रको विल्कुलै अध्ययन नगरेका अध-कल्चाहरूको ठूलो संख्या छ। उनीहरू पाश्चात्य शिक्षाले दीक्षित भएका हुनाले आफ्नो संस्कृतिका सबै मर्यादाहरूलाई बिर्सेर विल्कुलै पाश्चात्य सभ्यताका दास बनेका छन्। आज हिन्दूधर्मको एक पाउ पनि लङ्गडो छ र त्यसैले गर्दा धर्म धर्मराएर रहेको छ। जतातातैबाट सनातन हिन्दू-धर्म माथि आक्रमण हुन लागेको छ, धर्मप्रति कसैको पनि आस्था छैन। अनास्था मात्र होइन उल्टो उपहास हुन्छ। त्रिकालदर्शी महर्षि-हरूले दिव्यदृष्टिद्वारा ठूलो छानबीन गरी जुन कुरा सिद्ध गरे र लोक-को उपकारका निमित्ति लागु गरे त्यस्तो कुरालाई अज्ञानवश आजका सभ्य भनाउँदा विचराहरू 'यो मूर्खहरूको रूढीवादी परम्परा हो' भनेर बर्बराइरहेका छन्। त्यसैले वेदादिशास्त्र–प्रतिपादित हिन्दू-मर्यादाहरू आज दिन-परदिन छिन्नभिन्न हुँदै गइरहेका छन्। हिन्दू-धर्मका मुख्य आधारस्तम्भ मानिएका व्यक्तिहरू नै अहिन्दू आचरण गरेर उच्छृङ्खल भै हिँड्न लागेका छन् भने यस बखतमा अब हिन्दू-धर्मले कसको शरणमा जाने ?

हामीले हिन्दूधर्मलाई रक्षा गरे पो त्यसले हाम्रो रक्षा गर्ने थियो। "यत्र ब्रह्म च क्षत्रञ्च सम्यञ्चौ चरतः सह। तं लोकं पुण्यं प्रज्ञे-षम्।" भन्ने वेदवाक्यले र "परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ" यो नीति वाक्यले पनि यही नै कुरा बताएको छ कि हामीबाट धर्मको र धर्मबाट हाम्रो रक्षा हुन्छ। यो कुरा हामीले संभनु पर्ने थियो, संभेनौं। अझै बचेको थोर-बहुत संस्कृतिहरू पनि दिनानुदिन विकृत अवस्थामा गैरहेका छन्, जसलाई हिन्दूधर्म र संस्कृति नै थाहा छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundi

त्यस्ताहरूबाट विकृत अवस्थाका हिन्दूधर्म र संस्कृतिको प्रचार हुन्छ र हिन्दूधर्म र संस्कृतिको स्वरूप यस्तै नै ढोंगी हो भन्ने जनाइन्छ ।

आज हिन्दूधर्मको मुख्य आचार विचारहरूलाई पाश्चात्य-सभ्यता-रूप सुरसाले आफ्नो कराल मुखभित्र कवलित गरिदिएको छ । यस अवस्थामा २–४ जनाले मात्र कराएर हिन्दूमर्यादालाई थाम्दछौं भन्नु हुटिट्याउँले सगर थाम्दछु भने जस्तो भैसक्यो । आज पनि हामीले आफ्नो संविधानमा नेपाललाई हिन्दूराज्य भनी घोषित गरेका छौं र संमान्य स्थान दिएका छौं । तर खै ! हिन्दू-धर्मको यथार्थ पालन गरेको ?। अहिन्दू-आचरणबाट हिन्दूराष्ट्र कति दिन अडन सक्ला ?। विना मूलको वृक्ष जतिसुकै ठूलो किन नहोस्, कति दिन खडा रहन सक्ला ? यो विचारणीय कुरा छ ।

शास्त्रमा बताइएको छ—

'आचारमूला जातिः स्यादाचारः शास्त्रमूलकः ।
वेदवाक्यं शास्त्रमूलं वेदः साधकमूलकः ।
क्रियामूलं साधकश्च क्रियाऽपि फलमूलिका ।
फलमूलं सुखं चैव सुखमानन्दमूलकम् ।
आनन्दो ज्ञानमूलश्च ज्ञानं वै ज्ञेयमूलकम् ।
तत्त्वमूलं ज्ञेयमात्रं तत्त्वं तु ब्रह्ममूलकम् ।
ब्रह्मज्ञानं त्वैक्यमूलमैक्यं स्यात्सर्वमूलकम् ।
ऐक्यं हि परमेशानं भावातीतं सुनिश्चितम् ।
भावातीतमिदं सर्वं प्रकाशो भावमात्रकम् ।'

भनाइको मतलब— जातिको मूल–आचार, आचारको मूल–शास्त्र, शास्त्रको मूल–वेद, वेदको मूल–साधक, साधकको मूल–क्रिया, क्रियाको मूल–फल, फलको मूल सुख (विषयसुख), सुखको मूल–आनन्द (ब्रह्मानन्द), आनन्दको मूल–ज्ञान, ज्ञानको मूल–ज्ञेय (वस्तु), ज्ञेयको मूल–तत्त्वानुभव, तत्त्वानुभवको मूल–ब्रह्मज्ञान, ब्रह्मज्ञानको मूल–ऐक्यभाव हो ।

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

यस किसिमको ऐक्य (अद्वैतभाव) नै सबै किसिमका साधना-हरूको मूल हो। यो ऐक्यभाव भावातीत भएर सम्पूर्ण चराचर विश्व-को भाव–प्रकाशक हुन्छ। वेदशास्त्रमा हिन्दूधर्मको रहस्य के हो भन्ने कुरा उक्त शास्त्रको वचनको गवेषणाबाट जान्न सकिन्छ। तसर्थ हिन्दू-धर्मको मूल, आचार नै हो। हिन्दूजाति जो धर्मप्राण छ त्यसको प्राण-स्वरूप हिन्दूधर्मका सोह्र अङ्ग छन्। यी सोह्र अङ्ग चन्द्रमाका सोह्र कला बराबर छन्। यिनै सोह्र अङ्गले चन्द्रमास्वरूप हिन्दूधर्मलाई सधैं प्रकाशित गरेका छन्। ती हुन्— (१) वैदिकधर्मानुकूल सदाचार (२) सद्विचार (३) वर्णधर्म (४) सतीत्व (५) आश्रमधर्म (६) देवतामा विश्वास (७) अवतारवादमा विश्वास (८) योग-भक्तिमूलक उपासना-पद्धति (९) भगवत्सत्ताको उपासना (१०) शुद्धाशुद्धविवेक (११) यज्ञादि-मा विश्वास (१२) वेद र वेदसंमत स्मृति-पुराणादिमा विश्वास (१३) कर्म र कर्मबीज-संस्कार तथा उसका क्रिया-प्रतिक्रियामा विश्वास (१४) जन्मान्तरवादमा विश्वास (१५) निर्गुण तथा सगुण उपासना र (१६) जीबको कैवल्य (मोक्ष) प्राप्ति।

यी अङ्गहरूको बिल्कुलै अत्तोपत्तो नै नभई यथेच्छ आचरण गरी म हिन्दू हुँ, सनातनी हुँ, वैदिकधर्मानुयायी हुँ मात्र भन्नु हाम्रो पवित्र हिन्दूराष्ट्र नेपाललाई बिल्कुलै नसुहाउने कुरा छ। तसर्थ हिन्दू-धर्म के हो यसको कसरी पालना गर्नुपर्छ र त्यसद्वारा हाम्रो स्वतन्त्र सार्वभौमसत्तासम्पन्न धर्मसापेक्ष हिन्दूराष्ट्र नेपाललाई कसरी चिरञ्जीवी राख्न सकिन्छ यो कुरा सबैलाई सिकाउनु 'मर्यादा' को कर्तव्य हुन आएको छ। भनेको पनि छ—

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः।

× × ×

'मर्यादा' को प्रकाशन विभिन्न कारणवश समयमा हुन नसकेकोमा सम्पादकमण्डल दुःखी छ।

भाद्रटीका, वि० सं० २०२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Fundin

l Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundi

अं० प्रा० वा० अं० प० ए० नं० ५/०२५-२६

भाग ३

शास्त्रानुसन्धान परिषद्
वाल्मीकि संस्कृत महाविद्यालय
रामशाहपथ, काठमाडौं; नेपाल ।

मुद्रक :— नेपाल प्रेस, ६/५६८ शुक्रपथ, काठमाडौं ।

l Sanskrit University, Balmeeki Campus, Kathm